### परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

माधव यसपत्री विशेषगरी बालसाहित्यकार हुन् । उनले बालकथा, उपन्यास, नाटक जस्ता कृतिहरू प्रकाशित गरिसकेका छन । उनको 'कविता गर्भधारण गर्छन' शीर्षकको कविता संग्रह, 'उत्सव र मालिकको थाल' शीर्षकको पूर्णङ्की नाटक, 'पालैपालो कथा भनौं' शीर्षकको वाल कथा संग्रह, 'सत्ता-कवच' र 'पाङ्ग्रेको सहर यात्रा' शीर्षकको वाल उपन्यास प्रकाशन भइसकेका छन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा पूर्णरूपमा जानकारी पाउने गरी गरिएको कुनै पुस्तकाकार कृति लेखिएको वा शोधकार्य भएको पाइँदैन । उनका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी विस्तृत र सुव्यवस्थित मूल्याङ्कन भएको पाइँदैन अत  यहि कारण उनको जीवनी, ब्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

माधव सयपत्रीले आफ्नो जीवनमा लामो साहित्यिक तथा साहित्येत्तर क्षेत्रमा विभिन्न कार्य गरेका छन् । सरकारी शिक्षण सेवा र सामाजिक सेवाजस्ता क्षेत्रका कार्यहरूबाट उनले देश र समाजमा योगदान पुऱ्याएका छन् भने कविता विधाको फुटकरदेखि बालकथा, बालउपन्यास, उपन्यास, कथा र नाटक तथा एकाङ्कीगत आयामका सिर्जनाले साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका छन् । आफ्नो बाल्यकालीन समयमा शैक्षिक संस्थाहरूको सर्वसुलभता नहुँदानहुँदै पनि बालश्रमिकका रूपमा आफूलाई उभ्याएर उनले युगको सापेक्षतामा कठिन परिश्रमसाथ उच्च शिक्षा प्राप्त गर्ने अवसर पाएका थिए । यही शैक्षिक र बौद्धिक चेतनाको प्राप्तिसँग जोडिएको उनको सामाजिक र साहित्यिक जीवन पनि निकै महत्वपूर्ण रहेको छ । यिनले गाउँमा रहेर शिक्षण कार्य गर्दै आफ्नो शैक्षिक जिम्मेवारी पूरा गरेका छन् भने यही सिलसिलामा कठोर परिश्रम र सङ्घर्ष पनि गरेका छन् । यस्तै सामाजिक संस्थाहरूको संरक्षण र सहयोग गरेर सामाजिक सेवाका कामहरू गरेका छन् भने फुटकर कवितादेखि कविता सङ्ग्रह, कथा, उपन्यास, नाटक र एकाङ्की स्तरका रचनाहरू साथै पुस्तकाकार कृतिका रूपमा प्रकाशित गरेर साहित्यिक सेवा पउलरूपमा गरेका छन् ।

यस्ता प्रतिभावान् तथा सिर्जनशील व्यक्तित्वको बारेमा छिटपुट रूपमा अध्ययन गरिएको भए पनि छुट्टै रूपमा व्यवस्थित अध्ययन भने गरेको पाइँदैन । त्यसकारण प्रस्तुत शोधकार्यबाट निम्नलिखित समस्याको समाधान गरिएको छ :

क. माधव सयपत्रीको जीवनी के कस्तो रहेको छ ?

ख. माधव सयपत्रीको व्यक्तित्व के कस्तो रहेको छ ?

ग. माधव सयपत्रीको कृतित्व के कस्तो रहेको छ ?

माथि उल्लेखित समस्याहरूलाई नै प्रस्तुत शोधकार्यमा निराकरण गर्ने प्रयास गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

शोध समस्याका रूपमा देखिएका प्रश्नहरूको समाधान के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गरिएको प्रस्तुत शोध कार्यका उद्देश्यहरू निम्नानुसार तय गरिएको छः

क. माधव सयपत्रीको जीवनीको निरूपण गर्नु,

ख. माधव सयपत्रीको व्यक्तित्वको निरूपण गर्नु र

ग. माधव सयपत्रीको कृतित्वको निरूपण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

माधव सयपत्रीको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा पूर्णरूपमा जानकारी पाउने गरी गरिएको कुनै पुस्तकाकार कृति लेखिएको वा शोधकार्य भएको पाइँदैन । उनका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी विस्तृत र सुव्यवस्थित मूल्याङ्कन भएको पाइँदैन । उनको जीवनी र कृतिको विश्लेषणका सम्बन्धमा हालसम्म जेजस्ता कार्य भए तिनको विवरण र समीक्षा कालक्रमका आधारमा यसप्रकार प्रस्तुत गरिएको छ :

- हरिगोविन्द लुइँटेल (२०६५ असार) ले 'मूल्याङ्कन' मासिक मा माधव सयपत्रीको '*मूल्याङ्कन आगो लगाउँदा*' शीर्षकको कथालाई एउटा जीवन्त कथा मानेका छन् ।
- बोधराज पौडेल (आश्विन २०६६) ले मिर्मिरे मासिक, पूर्णाङ्क २८९ मा माधवप्रसाद सयपत्रीको '*सत्ताकवच*' कथा सङ्ग्रहलाई नेपाली जीवनको अनुभूतिको रूपमा लिएका छन् ।

- माधव काफ्ले (२०६६ कार्तिक) ले रचना, द्वैमासिक, मा माधव सयपत्रीको '*सत्ताकवच' कथा संग्रह*ले नेपालीको वास्तविक पीडा बोलेको कुरा उल्लेख गरेका छन् ।
- पेशल आचार्यले, माधव सयपत्रीको '*सत्ताकवच'* कथा सङ्ग्रहको कृति समीक्षाका क्रममा (२०६३ माघ १ गते प्रकाशित रामेछाप सन्देश साप्ताहिकमा) यस सङ्ग्रहका कथाले नेपाली समाजको जीवन्त कथाहरू समेटेको कुरा उल्लेख गरेका छन् ।

माधव सयपत्रीका कृतिका बारेमा विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा टिप्पणीहरू प्रकाशित भएका छन् । जुन यसप्रकार उल्लेख गरिएको छ :

१. माधव सयपत्रीको कथा 'नाङ्गो सहर नाङ्गा मान्छेहरू' मधुपर्क मासिक, २०६७ मङ्सिरमा न्याय खोज्न कहाँ जाने भन्ने प्रश्नले संवेदनशील बनाउँछ । - लावण्यराज न्यौपाने, कुइभीर ९, ओखलढुङ्गा, मधुपर्क, पूर्णाङ्क ५००(२०६७) माघ, काठमाडौँ

२. २०६७ फागुनको 'मुना' मासिकमा प्रकाशित 'विनय र जुरेली' कथा मन परयो । ( २०६८ बैशाखको मुनामा प्रकाशित भाइबहिनीहरूको टिप्पणी) -टंकनाथ रिजाल, कक्षा ८, परमानन्द संस्कृत गुठी, देवघाट-२, तनहूँ /सुवाष गौतम कक्षा ८, त्रिभुवन जनता उमावि, मुसीकोट, रुकुम/राहुलकुमार श्रीवास्तव, कक्षा ८ श्रीमावि, हाथीलेट-२, बर्दिबास, महोत्तरी

३. 'सत्ता-कवच' कथासङ्ग्रहका कथाहरूमा सामजिक परिवेश, पौराणिक कथापात्र, अधिकांश कथाहरूमा सुहाउने पात्र सिर्जना गर्दै कथालाई भएभरको सीप सदुपयोग गरी समाजवादी धरातलका मानवीय प्रवृत्ति, तिनीहरूको जीवनशैली र मान्छेको बाँच्ने नयाँनयाँ तरिकाहरूका बारेमा कथाले बाटो पैल्याएको छ । पच्चिसवटै कथा सबै भिन्नभिन्न प्रकृतिका छन् । नारीवादी, बालमनोवैज्ञानिक, समकालीन यथार्थवादी कथाहरूमा विकृतिको पर्दाफास गरिएको छ । -बोधराज पौडेल, मिर्मिरे मासिक, पूर्णाङ्क २८९/आश्विन २०६६

४. 'लगनशीलताका साथ साहित्यिक यात्रामा लागेका माधव सयपत्रीको कथा 'उत्तरआधुनिक शव' पढियो उनका कथा प्रशस्तै पढिएका छन् ।' -इन्द्रकुमार श्रेष्ठ, 'शब्दाङ्कुर' ८३, (२०६७ फागुन, काठमाडौँ ।)

५. 'माधव सयपत्री 'को चोर' शीर्षकको कथामा मसिनीले सभाषद्लाई प्रश्न सोधेकी छे । त्यो प्रश्नको जवाफ आम नेपालीले पाउनु पर्दछ ।'  - खेमचन्द्र अधिकारी, चानुपा, धनकुटा, 'गरिमा' मासिक असार, २०६६ मा प्रकाशित 'को चोर' कथाको प्रतिक्रिया, २०६६ भदौ, गरिमा, मासिकमा प्रकाशन भएको ।

६. 'बधाइ छ दीपमाला' ले मन छोयो । कर्मको गीत हो यो कथा । ('मधुपर्क' २०६६ 'वैशाख' मा प्रकाशित 'बधाइ छ दीपमाला' कथाको चन्द्र प्रतीक लिम्बूको, मधुपर्क २०६६ असारमा प्रकाशित प्रतिक्रिया )

## १.५ शोध कार्यको औचित्य, महत्व र उपयोगिता

शिक्षण सेवा, समाजसेवा, साहित्य सिर्जनाजस्ता बहुविध क्षेत्रमा जीवनलाई क्रियाशील गराई आफ्नो पहिचान बनाएका माधव सयपत्रीको विषयमा पूर्णरूपमा समेट्ने गरी हालसम्म कुनै अध्ययन अनुसन्धान भई नसकेको कुरा यस शोधकार्यको पूर्वकार्यको समीक्षाबाट प्रष्ट भएको छ । अतः पहिलोपटक गरिएको यो अध्ययन अनुसन्धान औचित्यपूर्ण रहेको छ । नेपाली साहित्यका कविता, कथा, नाटक, एकाङ्की, निबन्ध, उपन्यास र बालसाहित्यका कथा र उपन्यास विधामा साधना गर्ने सयपत्रीको जीवन, व्यक्तित्व तथा कृतित्वको अध्ययन र विश्लेषण गरिएको यस्तो शोधग्रन्थ तयार गर्नु साहित्य र सर्जकसम्बन्धी अध्ययन अनुसन्धान गर्ने जो कोहीका लागि महत्त्व र उपयोगी समेत रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यको सीमा भनेको उपर्युक्त शोधकार्यको शीर्षकबमोजिम रहेको छ । माधव सयपत्रीको जीवनीका महत्वपूर्ण बसाइहरूको उल्लेख, व्यक्तित्वका महत्वपूर्ण पक्षहरू र उनका प्रकाशित उपलब्ध कृतिहरूको सामान्य परिचय तथा विश्लेषणमा नै प्रस्तुत शोधकार्य सीमित रहेको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्दा सामग्री सङ्कलनका निम्ति मुख्यतः पुस्तकालयीय विधिको उपयोग गरिएको छ । यसमा सयपत्रीका सिर्जनात्मक कृतिहरूलाई प्राथमिक तथा उनी र उनका रचनाबारे परिचय अनि विश्लेषण गरिएका सामग्रीहरूलाई द्वितीय स्रोत

सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसबाहेक शोधनायकको जीवनी र व्यक्तित्व पक्षको अध्ययन गर्दा क्षेत्रकार्य र अन्तर्वार्ताको प्रयोग गरिएको छ । शोधनायक जीवित नै रहेका हुँदा उनीसँग नै प्रत्यक्ष भेटघाट र सम्पर्क गरी जानकारी लिइएको छ साथै उनका परिवार तथा आफन्त व्यक्तिहरूसँग सम्पर्क गरेर पनि आवश्यक जानकारी लिइएको छ ।

प्रस्तुत शोधकार्यका लागि प्रयोग गरिएका शोधविधिका सन्दर्भमा आगमन र निगमन दुवै विधिको प्रयोग गरिएको छ । यसमा सङ्कलित सामग्रीहरूको विश्लेषण गर्ने आधार र ढाँचा पूर्वप्रचलित रूपमा निगमन विधिअनुसार निर्माण गरिएको छ भने कृतिको विश्लेषण आगमनात्मक विधिअनुसार रहेको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपले प्रस्तुत गर्नका लागि यसलाई निम्न परिच्छेदहरूमा वर्गीकरण गरिएको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद: | शोध परिचय |
| दोस्रो परिच्छेद : | माधव सयपत्रीको जीवनी |
| तेस्रो परिच्छेद : | माधव सयपत्रीको ब्यक्तित्व |
| चौथो परिच्छेद : | माधव सयपत्रीको कृतित्व |
| पाँचौं परिच्छेद : | उपसंहार तथा निष्कर्ष |
| परिशिष्ट : | शोध नायकसँगको अन्तर्वार्ता |

उल्लिखित परिच्छेदका अतिरिक्त आवश्यकता अनुसारका विभिन्न शीर्षक तथा उपशीर्षकहरूका साथै शोधकार्यको अन्त्यमा अनुसन्धान कार्य सम्पन्न गर्नका लागि प्रयोग गरिएका प्राथमिक तथा द्वितीयक स्रोत सामग्रीहरूलाई सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएको छ ।

## परिच्छेद दुई

# माधव सयपत्रीको जीवनी

## २.१ पृष्ठभूमि

मान्छेको जीवन भोगाइको क्रमलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्नु नै समग्रमा उसको जीवनीको अर्थ हो । जीवनीमा कथामा जस्तो कल्पना प्रबलता र इतिहासमा जस्तो कोरा विवरण नभएर तटस्थता, वस्तुगतता तथा सम्यमितता हुनुपर्दछ । अतः जीवनीमा जीवनका वैयक्तिक घटनाहरूलाई सार्वजनिक बनाउने किसिमले जीवनका अनुभूतिलाई स्थापित गरिनु पर्दछ (सुवेदी, २०५६ : १३) । मान्छेको जन्मदेखि मृत्युसम्मको अवधिमा भएका वा घटेका सम्पूर्ण घटनासहितको भोगाइ व्यक्तिको जीवन हो । यही जीवनमा कसैको सम्पूर्ण जीवनचरित्रलाई लिएर लेखिएको रचनालाई जीवनी भनिन्छ (उपाध्याय, २०४९ : १९) । त्यस्तै जीवनमा कुनै पनि व्यक्ति विशेषको जीवनको सम्पूर्ण वा आंशिक पक्षको विवरण हुन्छ र सम्पूर्ण जीवनको विवरण एउटा ग्रन्थमा समेटिन सक्छ (थापा, २०५० : २२६) । यसैले कुनै पनि व्यक्तिका जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण जीवनसँग सम्बन्धित घटनाहरूको प्रस्तुतीकरण नै जीवनीको मूल मर्म हो । कुनै व्यक्तिको जन्मदेखि मृत्युपर्यन्त उसले गरेका सामाजिक, साहित्यिक, राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक गतिविधि विभिन्न कार्य तथा सेवा अनि उसका मान्यता र धारणाजस्ता जीवनसँग सम्बन्धित विविध पाटाहरूको अध्ययन जीवनीमा गर्ने गरिन्छ (काफ्ले,२०६३:५) । यस जीवनीमा पनि माथि उल्लिखित जीवनसम्बन्धी विविध पाटाहरूको अध्ययन गरिएको छ भने यो जीवनी साहित्यकार माधव सयपत्रीसँग सम्बद्ध रहेको छ ।

## २.२ वंश परम्परा

भण्डारी थर रहेका माधव सयपत्रीको थर तथा वंशबारे लामो इतिहास रहेको पाइन्छ । वाशिष्ठ ऋषिका कुलमा जन्मिएका भण्डारी खरेल, गैरे, चालिसे, दुवाडी, पाठक (फल्लाकोटी), फल्लाकोटी (पाठक), भट्टराई, भण्डारी (गर्भचिराई, सिजापति, थान्सिङ्गे) मुडवरी, राउत, सुँयल घर्ती, सुँयल थापा, र प्रबर हुन् ।

यसका प्रबरलाई भने यसरी वर्गीकरण पनि गरिएको पाइन्छ ।

क) वाशिष्ठ, शक्ति, पाराशर

ख) वाशिष्ठ, इन्द्र प्रमद, आभरदवसु आदि

यसरी भण्डारी थर भएका माधव सयपत्री वाशिष्ठ गोत्रका भण्डारी थरका एक शाखा हुन् (शोध नायकबाट प्राप्त जानकारी) । सुरूसुरूमा यिनलाई 'सयपत्री' नभनेर भण्डारी थरले चिनिन्थ्यो तर उनको पूरा नाम लेख्दा माधवप्रसाद उपाध्याय भण्डारी ज्यादै लामो हुने भएकाले कवि महेश प्रसाईंसँगको सम्पर्कमा आएपछि उनकै सल्लाहअनुसार २०६६ साल साउनदेखि माधव सयपत्री लेख्न थालियो (शोध नायकबाट प्राप्त जानकारी) । यिनै सयपत्री उपनामका भण्डारी ब्राम्हणहरूको पैतृक थलो पहिल्याउँदा आर्य सभ्यताको विकाससँगै यिनीहरू सयौं वर्ष पहिले भारतबाट कर्णालीको सिन्जा र नेपालका अन्य विभिन्न प्रदेश हुँदै दोलखा आई बसोबास गर्न थालेको पाइन्छ । दोलखाको त्यसबेलाको गुल्जार मानिएको स्थान मेलुङबाट २०१३ सालमा परिवार विस्तार हुँदा उनका हजुरबुवा रामेछापको फुलासीमा आई बसोवास गरेका थिए । यहीँ रामेछापको फुलासी गाविसमा वि. सं. २०२८ साल पुस २६ गते माधव भण्डारीको जन्म भएको थियो (शोध नायकबाट प्राप्त जानकारी) । कालान्तरमा साहित्यिक मित्रसँगको सम्पर्कले सयपत्री उपनामधारी सयपत्रीको मुख्य पुर्ख्यौली पेसा कृषि हो । यसबाहेक माधवका पिता तत्कालीन शाही नेपाली सेनामा जागिरे थिए (शोध नायकबाट प्राप्त जानकारी) । उनी लेखापढीमा पनि सिपालु थिए । यसको पुष्टि वहाँका घरमा रहेका वहाँका लिखित कागजपत्रहरूले समेत प्रमाणित गर्छन् ।

## २.३ जन्म र जन्मस्थान

माधव सयपत्रीको जन्म वि.सं. २०२८ पुस २६ गते रामेछाप जिल्लाको फुलासी गाविसको वडा नं. -५ खमारेमा भएको हो । पिता धर्मनन्द उपाध्याय तथा माता उमादेवीको कोखबाट उनी जन्मिएका हुन् । दुई दाजु भाइमध्ये सयपत्री जेठा छोरा हुन् । उनका दिदीबहिनीहरू छैनन् । उनको न्वारानको नाम खिलहरि भण्डारी हो र पछि बोलाउने नामका रूपमा भने माधव राखिएको हो (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.४ नामकरण

माधव सयपत्रीको न्वारानमा पुरोहितले जुराइदिएको नाम खिलहरि हो । हिन्दू धर्म र परम्पराअनुसार नाम जुराउने विभिन्न आधार र पद्धतिहरू हुन्छन् । हाल उनी माधव सयपत्रीका नामले साहित्यिक र सामाजिक क्षेत्रमा परिचित छन् । आफ्नो जीवन भोगाइमा सामाजिक, साहित्यिक, शिक्षणजस्ता विविध कार्य गरेका उनले अन्य छद्म, भूमिगत तथा सहायक नाम प्रयोग गरेको भने पाइँदैन तर विसं २०६६ साल असारसम्म उनले

माधवप्रसाद उपाध्याय सयपत्री नामले साहित्यिक रचना गरेको पाइन्छ । सोही वर्षको साउनदेखि उनी माधव सयपत्री नामले मात्र साहित्यिक रचना गर्ने गरेकाछन् । यस सम्बन्धमा उनको भनाइ यस्तो रहेको छ -

'फरक र छोटो नामले सबैलाई चिनाउन सजिलो हुन्छ भनेर मैले मेरा पहिलेको लामो नामलाई छोट्याएर 'माधव सयपत्री' बाट साहित्यिक रचना गर्न लागेको हुँ (शोध नायकबाट प्राप्त जानकारी) ।'

## २.५ पारिवारिक पृष्ठभूमि

माधव सयपत्रीको मुख्य पेसा शिक्षण भएको प्रष्ट भैसकेको छ । यही शिक्षण व्यवसायकै क्रममा उनी रामेछाप जिल्लाको फुलासी -५ मा बसोबास गरको कुरा बताउँदछन् । यसो हुँदाहुँदै पनि उनी निम्नमध्यम स्तर परिवारका रूपमा रहेका देखिन्छन् । यस्तै पिताको धार्मिक र लेखापढीको ज्ञानले माधव सयपत्रीको शिक्षामा सहयोग पुऱ्याएको थियो । परम्परित भएर पनि शिक्षामा विशेष चासो दिने माधव सयपत्रीलाई माता-पिता दुवैले पढ्न प्रेरित गर्दथे । गाउँका विभिन्न मानिसले धार्मिक लेखापढी सम्बन्धी समस्या लिएर उनका पितासँग आउने भएकाले माधव सयपत्रीमा पढ्ने कुराप्रति चासो बढेको भए पनि पिताको २०३३ साल पुसमा भएको असामयिक निधनले गर्दा उनले ढुक्कै पितासँग सिक्न पाएको भनेँ देखिँदैन । निम्नमध्यम परिवारकी छोरी उनकी आमाको शिलस्वभाव पनि राम्रो रहेको पाइन्छ । माधव सयपत्रीलाई हरेक सकारात्मक कुरामा अगाडि बढ्ने प्रेरणा दिने काम उनकी आमाले पनि गरेको पाइन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

विवाहको दृष्टिले माधव सयपत्रीको परिवार तत्कालीन समाजमा प्रचलित मागिविवाह गर्ने परिवारमा नै रहेको देखिन्छ । नायक स्वयम् सयपत्रीले एउटा विवाह गर्नु उनको मात्र नयाँ कार्य नभएर परम्परा नै रहेको पाइन्छ । उनका पिता धर्मानन्द उपाध्यायका एउटी मात्र पत्नी थिइन् । धार्मिक दृष्टिले सयपत्रीको परिवारलाई हेर्दा उक्त परिवार हिन्दू धर्म र त्यसका मान्यताको अनुशरण गर्ने परिवारका रूपमा रहेको पाइन्छ । संस्कृतसमेतको अध्ययन गरेका उनका पिता पुर्खामा भगवान्को आराधना गर्ने, पाञ्चायन पूजा गर्ने प्रचलन रहेको थियो । यसप्रकार पिता पूर्खाको पारिवारिक वातावरण, धार्मिक, सामाजिक, आर्थिक पृष्ठभूमिको बिचमा यही कुराको अनुशरण र अरू थप उन्नतिप्रगति गर्दै सयपत्री आजको सफल जीवनमा आइपुगेका छन् ।

## २.६ बाल्यकाल

माधव सयपत्रीको बाल्यजीवन परिवारको संरक्षण र सम्बर्द्धनमा सामान्य ग्रामीण वातावरणमा नै बितेको पाइन्छ । देशमा राजाहरूले निरङ्कुश पञ्चायती शासन सञ्चालन गरिरहेको समयमा जन्मिएका सयपत्रीले बाल्यकाल बिताउँदाको समयमा समाज पूर्ण स्वतन्त्र तथा शैक्षिकरूपमा सचेत बन्न पाएको थिएन । यसो भए पनि आफ्नो परिवार चेतनशील भएकाले पढ्ने अवसर पाएका सयपत्रीले आजको जस्तो आधुनिक स्कुले बाल्यजीवन भने प्राप्त गरेनन् । आमाको ममतामयी अभिभावकत्व र स्नेहमा हुर्किएका उनले उमेरअनुसार परिवारका काममा सहयोग पुऱ्याउँदै, कहिले खेल्दै र कहिले चकचक गर्दै आफ्नो बाल्यजीवन बिताएका हुन् । कपर्दी, डन्डिबियोजस्ता खेल खेलेका तथा मौसम अनुसारका फलफूल खान जङ्गल चाहारेका बाल्यकालीन अनुभवहरू सयपत्रीसँग पउलमात्रमा रहेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.७ शिक्षादीक्षा

माधव सयपत्रीको प्रारम्भिक शिक्षा घरबाट नै अगाडि बढेको देखिन्छ । उनले कखरा घरमा पाटीमा खरीले लेखेर सिकेका थिए । यसका अतिरिक्त काठको फल्याकमा रातो धुलोमाटो राखी डिकोले लेख्ने प्रविधि पनि उनका प्रारम्भिक अध्ययन सामग्री बनेका थिए । वर्तमानमा झैं पाठशालाको अभावमा यसरी क-ख सिकेका सयपत्रीको बुद्धि भने अत्यन्तै तीक्ष्ण थियो (शोध नायकबाट प्राप्त जानकारी) । परिवारको आर्थिक हैसियत सामान्य भए पनि तीक्ष्ण बुद्धिको अनुकूलन हुँदा उनले कलिलै उमेरमा राम्रो शिक्षाको अवसर भने पाएनन् कारण उनका पिताको उनी बालककाल हुँदै मृत्यु हुनु, आमामा सन्तानलाई शिक्षा दिनुपर्छ भन्ने चेतना भएपनि सामर्थ्य नहुनु र घरछाडेर काठमाडौँ रहँदा बालश्रमिकका रूपमा सम्पन्न कुलीनका घरमा काम गर्दै बिहानीमा सञ्चालन हुने विद्यालयमा माध्यमिक तहसम्म पढेका हुन् । यही समयमा नै सयपत्रीले काठमाडौँमा गएपछि मात्र मोटर देख्ने अवसर पनि पाएका थिए । काठमाडौँ गएर शिवपुरी माध्यमिक विद्यालयमा भर्ना भएका उनले तीक्ष्ण बुद्धिका कारण प्राथमिक तहमा सँधै प्रथम र निमावि र मावि तहमा तृतीय स्थानभन्दा तल नझरी सजिलै पार गरे । यसरी उनले सोही विद्यालयबाट २०४४ सालमा प्रथम श्रेणीमा एसएलसी परीक्षा उत्तीर्ण गरे । यसपछि औपचारिक अध्ययनलाई विश्राम दिएर जागिर सुरू गरेका सयपत्रीले बिहानबेलुका फुर्सद् निकालेर गाउँघरमै ससाना बालबालिकाहरूलाई भृतक

अध्यापन (ट्युसन) गराएको र गाउँमा टेस्ट उत्तीर्ण पच्चीसौँ जनालाई एसएलसी उत्तीर्ण गराएको आफ्नो शैक्षिक अनुभव सुनाउँछन् । यीबाहेक रामायण, महाभारत आदि पौराणिक ग्रन्थहरू त स्वाअध्ययनका विषयमात्र नभएर उनलाई कवि बनाउने अध्ययनका स्रोतहरू पनि हुन् (शोध नायकबाट प्राप्त जानकारी) ।

यसप्रकार सयपत्रीले आजको जस्तो अध्ययनको सहज वातावरण प्राप्त नगरेका भए पनि दुःख कष्टका साथ आफ्नो अध्ययनप्रतिको झुकावलाई सही ठाउँमा उपयोग गर्दै समय अनुकूलको उच्च शिक्षा हासिल गरेका छन् ।

## २.८ उपनयन

हिन्दु धर्मावलम्बीहरूले आदर्श मानेका धर्मग्रन्थहरूमा पुरुष आर्यहरूको चुडोपयन गर्ने वा गर्नुपर्ने मान्यता रहेको छ । यसैअनुसार माधव सयपत्रीको पनि उपनयन भएको पाइन्छ । एक वा एकभन्दा बढी वटुकहरूको एकै पटकमा वा एउटै यज्ञमा उपनयन गर्न सकिने परम्परा रहेको भएपनि सयपत्रीको भने विवाहको समयमानै उपनयन गरिएको थियो । वि.सं. २०४६ सालमा १८ वर्षको उमेरमा वैदिक विधिअनुसार सामान्य प्रकारसँग गरिएको उनको उपनयनमा गायत्रीमन्त्र र दीक्षामन्त्र एउटै गुरुले सुनाएका थिए । यही उपनयनपश्चात् बिहान नुहाउने, गायत्री मन्त्र जप्ने गर्दागर्दै २०४८ मा मोदनाथ प्रश्रितको देवासुर सङ्ग्राम, भूतप्रेतका कथा तथा मूल्याङ्कन, नवयुवाजस्ता पत्रिका पढ्न थालेपछि क्रमिकरूपले उनमा नास्तिकताको प्रभाव पर्न थालेको देखिन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.९ विवाह

माधव सयपत्रीको परिवार उनीसम्म आइपुग्दा एकल विवाहको परम्परामा रहेको कुरा माथि नै उल्लेख गरि सकिएको छ । माधव सयपत्रीले विवाह उनी १८ वर्षको हुँदा वि.सं. २०४६ मा गरेका थिए । परम्परित विवाहको प्रक्रियालाई अनुसरण गर्दै रामेछाप फुलासी-५ निवासी चेवनप्रसाद काफ्लेकी छोरी सुशीला काफ्लेसँग भएको थियो । सामन्य तरिकाले गरिएको यस विवाहमा बेहुली १४ वर्षकी थिइन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१० सन्तान

माधव सयपत्रीका छोराछोरीहरूतर्फ एक छोरी व्यजना भण्डारी र एक छोरा अनुराग भण्डारी रहेका छन् । सन्तानहरू गाउँकै सरकारी सामुदायिक विद्यालयबाटै एसएलसी परीक्षा उत्तीर्ण गरेर हाल उच्च शिक्षाका लागि काठमाडौँमा रहेका छन् । तिनीहरूमध्ये छोरी स्नातकह तहमा र छोरा कक्षा १२ मा रहेर आफ्नो भविष्य उज्यालो बनाउन संघर्षरत रहेका छन् ।

## २.११ दाजुभाइ-दिदीबहिनी

शोधनायक माधव सयपत्रीका पिता धर्मानन्दका दुई छोरा रहेका छन् । यसरी शोध नायकका दाजुभाइ दिदीबहिनीको सङ्ख्या उनीसहित दुई हुन आउँछ । यसमा उनी जेठा छोरा हुन् भने उनका भाइ मुकुन्दप्रसाद भण्डारी जन्मथलो फुलासी पोखरी बजारमा नै व्यापार व्यवसाय गरी बसेका छन् । सयपत्रीको सुशीलासँग विवाह भई घरगृहस्थी राम्रोसँग चलेको पाइन्छ । आमा उमादेवी भने हाल सहोदर भाइ मुकुन्द भण्डारीसँग बस्ने गरेको पाइन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१२ आर्थिक स्थिति

माधव सयपत्री पहिला निम्न वर्गीय परिवारका सन्तति हुन् । यसैले उनको पैतृक सम्पत्ति पनि खासै रहेको पाइदैन । यसो हुँदाहुँदै पनि उनले दुःखकष्ट गरेर शैक्षिक योग्यता हासिल गरेका कारण एसएलसी उत्तीर्ण हुने बित्तिकै गाउँकै विद्यालयमा जागिर खाने अवसर पाएका थिए । उनमा रोजगारी र चेतनाका कारण अर्थोपार्जनमा केही सजिलो भएको थियो । युग अनुकूल शिक्षित र सचेत भएको परिवारमा जन्मिएका सयपत्रीले १४ वर्षको कलिलो उमेरमा काठमाडौँ जाने अवसर पाएर त्यहाँका धनी मान्छेको सुखीजीवन देख्न र अर्थोपार्जनमा सचेत हुने अवसर पाए भने उनले गरेका कार्यहरूले पनि सफलता प्राप्त गर्दा आज निम्नमध्यम स्तरको जीवन बिताउन पाइरहेका छन् । यसैअनुरूप हाल उनको जन्मस्थान रामेछाप फुलासीमा केही जग्गाजमिन रहेको छ । आफ्ना छोराछोरीलाई अध्ययनमा लगानी गरेअनुसार नै प्रतिफल पाएका सयपत्रीका छोराछोरीहरूले आआफ्नो क्षेत्रमा आशातीत सफलता प्राप्त गरी प्राप्त गरेको प्रगतिले उनको सामाजिक अवस्थालाई अझ सुदृढ बनाएको छ ।

## २.१३ दिनचर्या

माधव सयपत्रीको दिनचर्या शिक्षण, अध्ययन, चिन्तन मननलगायत पुस्तकालयीय कार्य गरेर सामान्य रूपमा नै बित्ने गरेको पाइन्छ । उनको उमेर ४० वर्ष पुगेको हुँदा र लामो समयदेखि मुटु र रक्तचापका बिरामी भएकाले खानपिनको समस्याले सहजरूपमा बाहिर हिँड्डुल गर्न सक्ने अवस्था भने छैन । बिहानको ५ बजेदेखि उनको दैनिकी सुरू हुन्छ । यस समयमा उठेर नित्यकर्मपश्चात् उनी लघुव्यायाम गर्ने गर्दछन् । यसपछि सामान्य योग आसनमा बस्छन् । उनी प्रायः कालो चिया खाने गर्दछन् । चियामा प्रायः उनी सधैँ गरिष्ठ मसला खाने गर्दछन् । यसपछि आधाघन्टाजति घरबाहिर हिँड्ने गर्दछन् । बिहानको ९ बजे उनी खाना खान्छन् । उनी शाकाहारी हुन् । उनी नुन हालेको तरकारी र दाल पनि खान सक्दैनन् । सामान्य रूपका खानेकुरा उनका आहारा हुन् । बिहानको खानापश्चात् उनी केही समय आराम गर्दछन् र विद्यालय जान्छन् । विद्यालयबाट यिनी चारबजे घर फर्कन्छन् र सामान्य रूपमा घरको काम गर्छन् । त्यसपछि यिनी खाजा खाएर पुस्तकालयतर्फ लाग्छन् । पुस्तकालयमा रहँदाबस्दा असीम आनन्दको महसुस हुने उनी केही समय हिँड्ने पनि गर्दछन् (शोध नायकबाट प्राप्त जानकारी) । गाउँको बसाइ भएकाले उनको धेरैजसो समय एफएम रेडियोहरूमा समाचार, विचार, अन्तर्वार्ता सुन्दै र नयाँपुराना साहित्यिक कृतिहरू पढ्ने गर्दछन् । यिनी आफ्नो घरपरिवारको आर्थिक र पारिवारिक दायित्व पूरा गर्न दिनरात लेखन र चिन्तनमा लागेका छन् । एक छोरी र एक छोरा राजधानीमा अध्ययनका लागि रहेकाले उनी आफ्ना रचनाहरू उनीहरूमार्फत् छापिए नछापिएको थाहा पाउँछन् । पारिश्रमिकले पनि उनको जीवनलाई केही सजिलो बनाइदिएको छ । उनी पारिश्रमिकबाटै राजधानीमा रहेका सन्तानलाई केही भरथेग भएको बताउँदछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१४ व्यक्तिगत रूचि तथा स्वभाव

हरेक व्यक्तिका आफ्नै प्रकारका विचार, चिन्तन, रूचि र स्वभाव हुन्छन् । एक व्यक्तिसँग अर्को व्यक्तिको रूचि र स्वभाव फरक हुनु स्वाभाविकै हो । मान्छेका रूचि र स्वभाव उसका बाल्यकालीन जीवनदेखिका पारिवारिक र सामाजिक वातावरण, साथी सङ्गतसँगको हेलमेल, पूज्यजन एवम् मान्यजनहरूका व्यवहार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, शिक्षादीक्षा आदिबाट प्रभावित रहेको हुन्छ । माधव सयपत्रीका स्वभावमा पनि यी विविध प्रसङ्गले थोरबहुत भूमिका खेलेका छन् ।

माधव सयपत्री अत्यन्तै सरल, शालीन स्वभाव र व्यवहार भएका व्यक्ति हुन् । सबै मान्छेलाई सम्मान गर्ने, सबैको कुरा सुन्ने तथा कसैका व्यक्तिगत तथा सामूहिक समस्याको समाधान गर्न गम्भीर रूपले सहयोग र सल्लाह दिने उनको प्रवृत्तिले उनको शालीनतालाई पुष्टि गर्दछ । विशेष गरेर शिक्षा क्षेत्रमा अध्ययन तथा कार्य गरेका उनी कसैको अन्याय परेको देख्न र सुन्न चाहँदैनन् । सबैले हाँस्न, बोल्न, सुन्न, बाँच्न र अरूको अधिकार हनन नहुनेगरी आफ्नो स्वतन्त्रता प्रयोग गर्न पाउनु पर्छ भन्ने मान्यता राख्ने उनी अन्यायको पनि डटेर विरोध गर्दछन् । समाजसेवा पनि उनको रूचिको विषय हो । वि.सं. २०४४ को वरिपरि आफ्नो औपचारिक अध्ययनलाई पूरा गरी त्यसै ताकादेखि आफ्नो गाउँमै शिक्षकको जागिर खान थालेका हुन् । माधव सयपत्रीको रूचिको विषय अध्ययन र साहित्य लेखन पनि हो । सानैदेखि तीक्ष्ण बुद्धिका धनी बाल्यकालमा घरमा उपलब्ध रामायण र महाभारतजस्ता धार्मिक पौराणिक ग्रन्थहरू पढ्ने गर्दथे भने औपचारिक अध्ययनसँगै संस्कृत साहित्य, व्याकरण जस्ता विषयको पनि केही अध्ययन गरेका थिए । यिनै विभिन्न विषय र ग्रन्थहरूको अध्ययन गर्ने स्वभावले नै उनलाई साहित्यकार बनाउन सहयोग गरेको पाइन्छ । पत्रपत्रिका पढ्नु त आज पनि उनको अभिन्न अङ्ग बनेको छ । यस्तै साहित्य पठन, कविता लेखनमा पनि उनको रूचि रहेको छ । पुराना काव्यिक ग्रन्थ पढ्ने अनि साहित्यिक कार्यक्रमहरूमा रचनावाचन गर्ने उनको अर्को रूचिको विषय हो । यसकारण उनले अनेकौं पत्रपत्रिकामा विविध विषयमा फुटकर कविता, कथा, बालकथा, निबन्ध र एकाङ्की तथा विभिन्न विधाका पाँचवटा पुस्तकाकार कृतिहरू प्रकाशन गरेका छन् । उनका रूचिका अन्य पक्षहरूमा वैज्ञानिक ज्ञान र रहस्यको अध्ययन, राजनीतिक आस्थाको प्रकटीकरण आदि पर्दछन् । उनी हिन्दू धर्म र संस्कारलाई अनुशरण गर्दछन् । देश भ्रमण गरेर विज्ञानका चमत्कार देखेका भए पनि उनी धर्म, धार्मिक मान्यता, पाप, पुनर्जन्म आदिमा विश्वास गर्दैनन् (शोध नायकबाट प्राप्त जानकारी) ।

सानै उमेरदेखि घरमाभन्दा घरबाहिर बढी समय बिताएका सयपत्री अरूको सम्मान र शान्त स्वभावलाई रूचाउँछन् ।

## २.१५ मानसिक वियोगका क्षणहरू

मान्छेको जीवन सुखदुःख, आँसुहाँसो, हर्षविस्मात, उत्थानपतन तथा सफलता विफलताको बिचमा बितिरहेको हुन्छ । जीवनको भोगाइ र सम्झौतामा उसले दुःख, विछोड, विरह, वेदनाजस्ता भावहरूको पनि सामना गर्नुपर्दछ । माधव सयपत्रीले पनि उनको जीवनमा माथि उल्लेख गरिएजस्तै सुखदुःख र विरह विछोडका अनेकौँ भोगाइहरू आफ्नो जीवनमा भोगेका छन् ।

माधवले आफ्नो लामो जीवनको भोगाइमा सबैभन्दा बढी आघात र दुःखका क्षणहरू आफ्ना पिताको वियोगमा व्यहोरेका छन् । चाहे जति नै वृद्ध, रोगी वा अशक्त नै होस्, त्यो व्यक्ति वा प्राणी आफ्नो नजिकको, स्मरणीय वा अदृश्य भएमा र त्यो गुमाउनु परेमा धेरै दुःख लाग्छ । माधवले पनि आफूलाई जन्मदिने, हुर्काउने र जीवनको बाटो देखाउने पितालाई आफू ५ वर्षको छँदा ३२ वर्षको युवा उमेरमै पितालाई वि.सं. २०३३ सालमा गुमाएका थिए । त्यो क्षण उनका लागि एकदमै पीडादायक थियो (शोध नायकबाट प्राप्त जानकारी) ।

माधव सयपत्रीले आफन्तको मृत्युबाहेकको अवस्थामा पनि आघातका क्षणहरू बिताएका छन् । उनी अन्याय सहन नसक्ने तथा सबैको स्वतन्त्रतासमानता चाहने व्यक्ति भएको कुरा अगाडि नै उल्लेख भैसकेको छ । यो समयमा पनि उनले आफूमा आघात परेको अनुभव गरेका थिए(शोध नायकबाट प्राप्त जानकारी) ।

यसप्रकार माधव सयपत्रीका जीवनमा विविध प्रकारका वियोग तथा आघातका क्षणका अनुभवहरू रहेका छन् ।

## २.१६ सन्तुष्टि र ग्लानिका क्षणहरू

जीवन एक भोगाइ हो । जीवन भोगाइका क्रममा अनेक किसिमका कार्यहरू गर्नुपर्ने हुन्छ । हामीले गर्नुपर्ने र गरेका सबै कामहरू समान किसिमका हुँदैनन् भने तिनका प्रभाव पनि समान हुँदैनन् । कुनै सानो कामले पनि ठूलो प्रभाव पर्न सक्छ भने कुनै मेहेनत गरेको कामले पनि अपेक्षित प्रतिफल दिँदैन । यसैअनुसार अपेक्षा गरिएअनुसारको प्रतिफल दिने कार्यबाट हामीलाई सन्तुष्टि मिल्छ भने प्रतिफल प्राप्त नहुँदा असन्तुष्टि हुन्छ यसैगरी तत्कालमा राम्रो लागेपनि कुनै कार्य गरेपश्चात् हामीलाई उक्त कार्य गल्ती भएको ज्ञान हुन पनि सक्छ । यस्तो अवस्थामा हामीलाई ग्लानि महसुस हुन्छ । सबै मान्छेमा हुने यस प्रकारका अनुभूतिका क्षणहरू माधव सयपत्रीका पनि रहेका छन् ।

सन्तुष्टि तथा प्रगतिको प्राप्तिका दृष्टिले माधव सयपत्री सफल व्यक्तिका रूपमा रहेका छन् । उनले हात हालेका क्षेत्रमा खासै विफल हुनु परेन । जीवनमा सङ्घर्ष गरे पनि त्यसले राम्रो प्रतिफल दिएको उनको अनुभव छ । उनी सन्तुष्टि र खुसीको प्राप्तिका प्रत्येक दसकलाई हेर्छन् । त्यसमा जिन्दगीको पहिलो दसकलाई व्यवहारिक चेतना नभएर बालसुलभ जीवन बिताएका अर्थमा सन्तुष्टि प्राप्त गरेको ठान्छन् भने दोस्रो दसकलाई अध्ययनको क्षेत्रमा सफल ठान्छन् । यस्तै त्यसपछाडिका प्रत्येक दसकमा जागिर, समाजसेवा, आफ्नो व्यक्तिगत र व्यवहारिक भूमिका अनि यस्तै पछिल्ला दसकमा आफूले थालेको पुस्तकालय संस्कृति सफलताजस्ता कुनै न कुनै प्रकारका उपलब्धि र सफलता प्राप्त नभएको दसक नै उनले बिताउनु परेन । जीवनको उर्वर समयदेखि अधबैँसे उमेरसम्म पनि साहित्यिक र सामाजिक प्रतिष्ठा, पारिवारिक सहयोग आदिको प्राप्तिले उनको जीवनलाई ऊर्जा दिइरह्यो । यसो हुनुमा उनी आफ्नो मेहनत, परिवार र समाजको सहयोग, कार्यमा अनुशासन तथा कर्तव्य परायणता एवम् कर्म (काम) को असल दृष्टिको प्रतिफल ठान्छन् । यसरी उनको जीवनले सौम्य सन्तुष्टि प्राप्त गरेको पाइन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

ग्लानिका सन्दर्भमा कुनै पनि कार्य गर्दा सानातिना कमजोरी वा गल्ती देखिनु मानवीय विशेषता वा गुणभन्दा परको कुरा होइन । सयपत्रीका जीवनमा पनि यस्ता घटना रहेकै छन् । यस्तै बाल्यकालमा अभिभावकले भनेको नमान्नु, भागेर खेल्न जानु, चकचक गर्नु, लहैलहैमा लागेर सूर्ती खानु धेरै मानिसका बाल्यकालीन स्वभावजस्तै उनका पनि अनुभवकै रूपमा रहे । व्यवहारिक जीवनमा कुनै गम्भीर कार्य गर्दा गल्तीले पछिसम्म पछुताउनु परेको अनुभव भने उनको जीवनमा नरहनुलाई उनी संयोग मान्दछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१७ राष्ट्रिय स्तरमा गरेका कार्यहरू

माधव सयपत्री आफ्नो युवा अवस्थामा सँगैका अन्य साथी तथा दाजु भाइभन्दा धेरै पढेका विद्वान् एवम् सचेत व्यक्तित्व हुन् । उनले शिक्षाजस्तो संवेदनशील क्षेत्रमा कार्य गर्नुका साथै देशभित्रका विभिन्न जिल्ला भ्रमण गर्ने अवसर पनि पाएका छन् । जीवनका यी समयमा उनले एउटा सामान्य मान्छेले दैनिक जीवनयापन गर्न पर्ने सामान्य कार्यभन्दा

उपल्लो स्तरमा कार्य पनि गर्न भ्याएका छन् जसलाई उनी राष्ट्रिय स्तरका राम्रा कार्य मान्छन् ।

सयपत्रीले आफूलाई सजिलो हुने नेपाली भाषा नै प्रयोग गर्ने परम्परासमेत बनाएका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

उनले प्रकाशन गरेको 'नव आलोक' द्वैमासिक उनले गरेको यो भाषा साहित्यको कार्यलाई उनी राष्ट्रिय स्तरको कार्य मान्दछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

यसरी माधव सयपत्रीले पनि आफ्नो जीवन भोगाइका क्रममा राष्ट्रिय स्तरका कार्य गरेको पाइन्छ ।

## २.१८ जागिरे जीवन

माधव सयपत्रीले वि.सं. २०४४ सालमा एसएलसी उत्तीर्ण गरेको कुरा अगाडि नै उल्लेख भैसकेको छ । उनको जागिरे जीवनको सुरूवात २०४५ सालदेखि भएको पाइन्छ । यस सन्दर्भमा उनले वि.सं. २०४५ मा प्राथमिक शिक्षकमा श्री सिद्धेश्वर प्राथमिक विद्यालयमा जागिर खाएको पाइन्छ । त्यसबेला यिनले आफ्नो शैक्षिक स्तरलाई बढाएर श्री गौरीशंकर वृहत् शिक्षा क्याम्पस, रामेछाप बजारबाट शिक्षाशास्त्र संकायमा स्नातकतह उत्तीर्ण गरेका छन् । हाल उनी आफ्नै गाउँमा रहेको माथि उल्लेखित विद्यालयमै प्रधानाध्यापकको भूमिकामा रहेका छन् ।

## २.१९ सामाजिक जीवन

माधव सयपत्रीको जीवन भोगाइमा सामाजिक पाटो पनि महत्वपूर्ण रहेको छ । बौद्धिक सचेततासँगै समाजसेवामा झुकाव रहेका उनले आफ्नो सरकारी जागिरसँगै पुस्तकालय स्थापनाजस्तो पवित्र कार्यको थालनी गरेका छन् । उनी नेपाल राष्ट्रिय शिक्षक संगठनद्वारा सञ्चालित शिक्षक बचत तथा ऋण सहकारी संस्थाका संस्थापक सदस्य, प्रगतिशील बचत तथा ऋण सहकारी संस्था फुलासी-५ का सचिव, सुदीर्घ सयपत्री पुस्तकालय फुलासी-५ का संस्थापक सचिव, भाषा तथा लोक साहित्य मञ्चका पूर्व केन्द्रीय सदस्य, प्रगतिशील लेखक संघ, रामेछापका उपाध्यक्ष र अनौपचारिक साहित्यिक मञ्च रामेछापका उपाध्यक्षसमेत भएर जिल्लामा आफ्नो विविध सक्रियता देखाइरहेका छन् ।

## २.२० स्रष्टा जीवन

कुनै पनि साहित्यको सिर्जनात्मक गतिविधिमा पृष्ठभूमि र परम्परा रहेको हुन्छ । साहित्यकार कुनै व्यक्ति, घटना, राष्ट्रियअन्तर्राष्ट्रिय परिवेश, जीवनको भोगाइ, समाज, संस्कृति आदिबाट प्रेरित र प्रभावित भएको हुन्छ । यसबाहेक स्रष्टाको सिर्जनामा स्वतःस्फूर्त प्रतिभाले पनि भूमिका खेलेको हुन्छ । यसरी प्रभाव तथा प्रेरणाको ग्रहण एवम् प्रतिभाको उपयोग गर्ने साहित्यकारले मानवजीवनको हित, उन्नति, विचारको प्रस्तुति तथा आत्मिक सन्तुष्टिका लागि साहित्य सिर्जना गरेको हुन्छ (शोध नायकबाट प्राप्त जानकारी) । माधव सयपत्री पनि आफ्नो बाल्यावस्थादेखि नै साहित्यिक सिर्जनामा सक्रिय रही आएका छन् । उनको साहित्यिक यात्राको प्रभाव, प्रेरणा, प्रारम्भ तथा प्रकाशित कृतिबारेको अध्ययन यहाँ गर्न सकिन्छ ।

### २.२०.१ प्रभाव, प्रेरणा र प्रारम्भ

शिक्षाको दृष्टिले माधव सयपत्रीका पिता तत्कालीन समयमा समेत साक्षर भएका भएपनि साहित्यिक दृष्टिले भने खासै उल्लेखनीय देखिदैन । आध्यात्मिक र धार्मिक प्रयोजनले पिताले घरमा राखेका रामायण, महाभारत आदि पुस्तकहरू भने उनले पढ्न पाए । तीक्ष्णबुद्धि तथा पढाइमा रूचि भएका उनले ती ग्रन्थका श्लोकहरू कण्ठस्थ पार्थे । यही क्रममा १२-१३ वर्षको उमेरमा नै उनी गाउँघरमा हुने भजनकीर्तन गाउँथे । यही कार्यले उनमा ग्रन्थ पढ्ने मात्र नभएर आफैं नयाँ सिर्जना गर्ने हौसला पनि प्राप्त भयो । यसरी कुनै एक व्यक्तिको विशेष प्रभाव र प्रेरणाबाट उनको साहित्यिक यात्रा प्रारम्भ भएको पाइँदैन । आफ्नै रूचि र अध्ययनको प्रतिफलबाट प्राप्त भएको सिर्जनाको ऊर्जालाई घरपरिवारबाट साथसहयोग भने राम्रो पाएको देखिन्छ । यसप्रकार उनको काव्यिक झुकाव १२-१४ वर्षदेखि भएको भएपनि लेखनको प्रारम्भ भने करिब १५ वर्षको उमेरदेखि भएको पाइन्छ । साहित्यिक क्षेत्रमा देखापरेका सयपत्रीको साहित्य सिर्जनाको क्षेत्र कविता, कथा, नाटक, एकाङ्की, उपन्यास र निबन्ध रहेको पाइन्छ भने उनका कविताहरू विभिन्न पत्रपत्रिकाहरूमार्फत् २०४३ सालदेखि सार्वजनिक हुन थालेका छन् । 'कविता गर्भधारण गर्छन्' (२०५८) नामक कवितासङ्ग्रहबाटै उनको कृति प्रकाशनको आरम्भ समेत भएको पाइन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

### २.२०.२ प्रकाशित कृतिहरू

माधव सयपत्रीले आफ्नो जीवनमा साहित्य सिर्जना, समाज सेवा, शिक्षण सेवाजस्ता क्षेत्रमा कार्य गरेका भए पनि उनका प्रकाशित कृतिहरू भने साहित्यिक सिर्जनासँग सम्बन्धित रहेका छन् । उनले आफूलाई १२-१३ वर्षको उमेरदेखि नै साहित्यिक क्षेत्रमा संलग्न गराएका थिए भने यो संलग्नता कविता विधाबाट भएको थियो । हालसम्म उनको सृजन प्रतिभा कथा, उपन्यास, निबन्ध, नाटक, एकाङ्की र कविता विधाबाटै अभिव्यक्त भएको देखिन्छ । वि.सं. २०४३ सालदेखि आफ्ना सृजनालाई प्रकाशित गर्ने अवसर पाएका उनको 'कविता गर्भधारण गर्छन्' शीर्षकको कवितासङ्ग्रह वि.सं.२०५८ मा पुस्तकाकार रूपमा प्रकाशित भएको छ । यसैगरी सयपत्रीको वि.सं.२०६२ मा प्रकाशित 'उत्सव र मालिकको थाल' पूर्णाङ्की नाटक प्रकाशनमा आयो । माधव सयपत्रीको अर्को प्रकाशित कृति 'पालैपालो कथा भनौं' बाल कथासङ्ग्रह (२०६४) हो । त्यसपछि उनको प्रकाशित कृति 'पाङ्ग्रेको सहरयात्रा' बाल उपन्यास र 'सत्ता-कवच' कथासङ्ग्रह (२०६५) हो 'सत्ता-कवच' कथासङ्ग्रहमा समाजमा रहेको आर्थिक र सामाजिक असमानताप्रति तीखो व्यङ्ग्य गरिएको छ । उनले परिमाणात्मक रूपमा सबैभन्दा बढी लेखन र प्रकाशन गरेका सृजनाहरू भनेका फुटकर कथा हुन् । उनका यी कथाहरू मधुपर्क, गरिमा, मुना, अभिव्यक्ति, समष्टि, मिर्मिरे, शब्दाङ्कुर, शब्द संयोजन, भानु, रचना, नागरिक, गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोष्ट, राजधानी, नवयुवा मूल्याङ्कन, बगर र अयन आदि राष्ट्रिय स्तरका साहित्यिक र दैनिक पत्रपत्रिका र रामेछाप नयन, पुष्पवृष्टि, कलिञ्चोक सन्देश र रामेछाप सन्देश साप्ताहिकजस्ता पत्रपत्रिकामा छापिएका छन् । विभिन्न समयमा छापिएका र छरिएर रहेका त्यस्ता कथाहरू तीनसय हाराहारीको सङ्ख्यामा रहेका छन् । यसरी हेर्दा माधव सयपत्रीका प्रकाशित कृतिहरूमा 'कविता गर्भधारण गर्छन्' (कवितासङ्ग्रह), 'उत्सव र मालिकको थाल' (पूर्णाङ्की नाटक), 'सत्ता-कवच' (कथासङ्ग्रह), 'पालैपालो कथाभनौं' (बालकथासङ्गह), 'पाङ्ग्रेको सहरयात्रा' (बालउपन्यास) गरी पाँचवटा पुस्तकाकार कृतिहरू रहेका छन् भने यी कृतिहरूका अतिरिक्त उनको एउटा चितवनबाट प्रकाशित 'समयका स्वरहरू' शीर्षकको संयुक्त कवितासङ्गह समेत प्रकाशित भएको छ ।

## २.२१ बसोबास

माधव सयपत्रीको पैतृक थलो रामेछापको फुलासी हो । उनको बाल्यजीवन चाहिँ पैतृक थलोमा लामो समयसम्म बिताउने अवसर पाएनन् । सानै उमेरमा जिविकोपार्जनको सिलसिलामा राजधानीमा पुगेका उनी त्यसपछि शिक्षण आरम्भ र पुस्तकालय स्थापनापश्चात् रामेछापमै रहेर सक्रिय जीवन बिताइरहेका छन् । जीवनको भोगाइमा देशभित्र केही स्थानको भ्रमण र दुखसुखले खानलाउन पुग्ने अवस्था आर्जन गरेका उनको आफ्नै नाममा जग्गाधनी प्रमाणपूर्जामा फुलासीस्थित घर र दस रोपनी जग्गा रहेको छ । एउटी छोरी र एउटा छोरा काठमाडौँमा रहेका उनको हाल स्थायी रूपको बसोवासचाहिँ रामेछाप फुलासीमै रहेको पाइन्छ ।

## २.२२ शारीरिक अवस्था र स्वास्थ्य स्थिति

५ फिट ३ इन्च उचाइ ५५ किलो तौल भएका माधव सयपत्री गहुँगोरो वर्ण, सामान्य दाह्रीजुँगा, फुल्न थालेका कपाल र उमेर अनुसार मोटा नै शरीर रहेका व्यक्तित्वका रूपमा देखिन्छन् । उनी प्रायः नेपाली ढाकाको टोपी लगाउँने गर्दछन् । उनी गम्भीर प्रकृति र मिजासिलो स्वभावका रहेकाछन् । हाँसेर बोल्ने उनी राम्रो स्मरणशक्ति भएका छन् । त्यसैले उनी आफ्नो बाल्यकाल देखिको इतिहास सुनाउँदा कुनै सम्झेको कुरा भन्दै गरेकोजस्तो नभएर सरर पाठ पढेझैँ अभिव्यक्त गर्न सक्दछन् ।

स्वास्थ्यका सवालमा सयपत्रीले केटाकेटी अवस्थादेखि नै अभिभावकसँग लुकेर सुर्ती खान थालेको पाइन्छ । यही समयमा कुनै कविराजको आयुर्वेदिक औषधि र सल्लाहको प्रयोग गरेर उनी रोगबाट मुक्त भएका थिए । वृद्ध उमेरमाझैँ देखिने साझा स्वास्थ्य समस्यालाई सहँदैभोग्दै जीवनरथ चलाइरहेका सयपत्रीलाई आज मुटुको रोग, रक्तचाप, मानसिक तनाव, ढाड दुख्नेजस्ता स्वास्थ्यका समस्या रहेका छन् । उनको वर्तमानका यी समस्याहरूलाई रसायनिक औषधि तथा प्राकृतिक चिकित्सा पद्धतिको प्रयोगद्वारा कम गर्ने गरेका छन् ।

## २.२३ भ्रमण

मानिस चेतनशील प्राणी हो । यही चेतनको कारण विविध उद्देश्य तथा आवश्यकताको परिपूर्ति गर्न मानिस विभिन्न ठाउँमा भ्रमण गर्दछ, ज्ञान तथा अनुभव लिन्छ र आफ्नो इतिहास बनाउँछ । माधव सयपत्रीले पनि विभिन्न राष्ट्रिय भ्रमण गरेर आफ्ना अनुभव सङ्कलन गरेका छन् । उनको भ्रमणको सुरूवात अन्तर जिल्ला स्तरमा १४ वर्षको उमेरबाट भएको थियो । यस समयमा उनी अध्ययनको सिलसिलामा गाउँ हुँदै काठमाडौँ गएका थिए । काठमाडौँमै बसेर औपचारिक अध्ययन गरेका उनी अध्ययनपश्चात जागिरका

सिलसिलामा उनी रामेछापमा आएर बसे । उनले समयसमयमा अन्य विभिन्न जिल्लामा पुग्ने र घुम्ने अवसर पाइरहेका छन् ।

## २.२४ सम्मान तथा पुरस्कार

कुनै व्यक्तिले आफ्नै सामान्य दैनिकी चलाउने मात्र नभएर समाजले नै अनुकरण गर्न योग्य कार्य गर्दा सम्मान तथा पुरस्कार प्राप्त गर्दछन् । सयपत्रीले पनि यस्तै अनुकरणीय कार्य गरेर सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । कथारचना र वाचन गरेर प्रशस्तै मात्रामा ससाना पुरस्कार प्राप्त गरेका छन् । यसैगरी हिमाल हाइड्रो, खिम्ती जलविद्युत् योजनाद्वारा आयोजित निबन्ध प्रतियोगितामा उनले प्रथम पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेका छन् । जगदीश घिमिरे प्रतिष्ठानद्वारा आयोजित कथा प्रतियोगितामा प्रथम पुरस्कार र हालसालै २०६८ को पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार समेत प्राप्त गरेका छन् भने कालिञ्चोक सन्देश साप्ताहिक दोलखा, अनौपचारिक साहित्यिक मञ्च रामेछापबाट सम्मानपत्र पाएका छन् । यसरी विविध पुरस्कार, कदर र सम्मानपत्र पाएका उनले कार्यक्रम तथा सभाहरूमा पनि पटकपटक अभिनन्दित हुने अवसर पाएका छन् ।

## २.२५ साहित्यसम्बन्धी दृष्टिकोण

साहित्य कला हो । यो प्रतिभावान् व्यक्तिको सिर्जनात्मक अभिव्यक्ति हो । समाजलाई चेतना र संवेदनासहित अगाडि बढाउने एक माध्यम पनि हो । माधव सयपत्री पनि साहित्य बारेका यी मान्यतालाई स्वीकार गर्दछन् तर साहित्यबारे उनको बुझाइ यतिमा मात्र सीमित छैन । उनी साहित्यलाई जनताको उपदेश र सूचना पनि मान्छन् । जनतालाई उपदेश दिने, नयाँ ज्ञान तथा समसामयिक घटना, परिवेश, विषय आदिको अभिधात्मक तथा प्रतीकात्मक अभिव्यक्ति दिने हुँदा साहित्य सधैँ र सबैलाई आवश्यक पर्ने उनको मत छ । साहित्यमा कलात्मकताको पनि उनी आवश्यकता देख्दछन् भने आफ्नो दृष्टिकोणलाई बुझेर नै सूचना र समालोचना गरेकोमा मिडिया र समालोचकलाई आभार व्यक्त गर्दछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.२६ जीवन जगत्सम्बन्धी दृष्टिकोण

माधव सयपत्री कुनै एक दुई दशकको संसारलाई चिहाउन मात्र नभएर करिब आधा शताब्दी पूरैको संसारको अनुभव प्राप्त गर्ने भाग्यमानी व्यक्ति हुन् । विज्ञान, प्रविधि, चेतना, विकास आदिको चमत्कार भएको आजको वैज्ञानिक तथा यान्त्रिक युगका अनि सापेक्षित रूपमा विज्ञान र प्रविधिको कम विकास भएको अर्धशताब्दी अगाडिको आध्यात्मिक

विश्वासको युगका अनुभव बटुलेका उनको जीवनसम्बन्धी दृष्टिकोण पनि आध्यात्मिक र भौतिक दुवै मान्यताबाट सङ्क्रमित छन् । उनका बुवा हजुवुवाले दाउराको चुलोमा पकाएको खाना धोती फेरेर खाने गरेका भएपनि उनले भने त्यस कामलाई निरन्तरता दिएनन् । उनको जीवनशैलीले पनि यही कुराको पुष्टि गर्छ । एकातिर उनी विज्ञानका चमत्कारले मान्छेले उपभोग गर्न पाएका सुविधाप्रति दङ्ग छन् भने अर्कातिर मान्छेले बिर्सदै गएको धार्मिक आस्था र विश्वास तथा मानवीय संवेदना भुलेर एकआपसमा गरेको झैझगडाबाट चिन्तित छन् । यसैले उनी जीवनलाई विज्ञान र धर्म दुवैले बुझ्न नसकेको अपार रहस्यको पोको तथा संसार हेर्ने स्वर्ण अवसर ठान्छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.२७ निष्कर्ष

वाशिष्ठ गोत्रीय माधव सयपत्रीको जन्म वि.सं. २०२८ पुष २६ गते रामेछाप जिल्लाको फुलासी गाविसस्थित वडा नं-५ मा भएको हो । धार्मिक क्रियाकलाप, लेखापढी तथा कृषि व्यवसाय गर्ने पिता धर्मानन्द उपाध्याय र माता उमादेवीको कोखबाट जन्मिएका सयपत्रीले घरमै पाटीमा खरीले लेखेर कखरा सिके भने १४ वर्षको उमेरमा काठमाडौं आएर निमावि र माध्यामिक शिक्षा लिने अवसर पाए । तत्कालीन समयमा मध्यम तह मानिने एसएलसी उत्तीर्ण गरेपछि उनले गाउँकै विद्यालयमा शिक्षकको जागिर खाए ।

हिन्दू धर्मको अनुशरण गर्ने ब्राम्हण परिवारमा जन्मिएका उनले वैदिक विधि अनुसारको उपनयन १८ वर्षको उमेरमा विवाहकै दिन गरे । त्यसपछि उनी विभिन्न सामाजिक क्षेत्र हुदै साहित्यिक क्षेत्रमा प्रवेश गरे । आफ्नो जीवन जिउने क्रममा जन्मस्थानभन्दा बाहिर नै धेरै समय बिताएर अध्ययन गरेका उनले सुखदुःख दुवै प्रकारका अनुभव बटुले । आफ्नी पत्नीबाट २ वटा सन्तान जन्मिएपछि उनले सन्तान नजन्माउने निधो गरी स्थायी बन्ध्याकरण समेत गरे । रामेछापको फुलासी र जिल्ला सदरमुकाम मन्थलीमा थोरै घडेरी जोडेका हाल उनी फुलासी गाविसमै स्थायी बसोबास गर्दछन् । आफ्नो दुःखसुख हेर्ने बुवा आफू सानो छँदै अल्पायुमा गुमाउनु पर्दाको वियोगसमेत सहनु परेका उनले जीवनमा सरकारी शिक्षण सेवा, समाजसेवा तथा साहित्य सिर्जनाको कार्य गरे । करिब १४ वर्षको उमेरदेखि कविता विधाबाट साहित्यको सिर्जना गर्ने उनले २०६३ सालदेखि राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित रचनाका अतिरिक्त 'कविता गर्भधारण गर्छन्, 'सत्ताकवच', 'उत्सव र मालिकको थाल', 'पालैपालो कथा भनौ' तथा 'पाङ्ग्रेको सहर यात्रा' गरी पाँच पुस्तकाकार कृति प्रकाशित गरेका छन् । त्यसैगरी उनका प्रकाशोन्मुख कृतिहरूमा 'रातो फूल' कथासङ्ग्रह, 'मखमलीका राजाहरू' कथासङ्ग्रह,

'फूलको गफ' बालकथासङ्ग्रह, 'तीनसल्लेको वनभात' बालकथासङ्ग्रह र रत्नपुस्तक भण्डारबाट एउटा उपन्यास प्रकाशनको तयारीमा रहेको छ । हालसालै उनको 'साहसी नानीहरू' नामको बाल उपन्यासको पाण्डुलिपिले 'पारिजात पाण्डुलिपि बालसाहित्य पुरस्कार' प्राप्त गरेको छ । साहित्य र कलालाई मान्छेको आवश्यक तत्व मान्ने उनले देशका विभिन्न जिल्ला भ्रमण गर्ने तथा विभिन्न सम्मान-पुरस्कार प्राप्त गर्ने अवसर पनि पाए । जीवनलाई एक रहस्य र अवसर मान्ने सयपत्री आफ्नो ४० वर्षको उमेरमा संसार हेर्दै दैनिकी बिताइरहेका छन् ।

## परिच्छेद तिन

# माधव सयपत्रीको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिले आफ्नो जीवनमा गरेका कार्यहरूबाट बनाएको पहिचान उसको व्यक्तित्व हो । यसलाई व्यक्तिको अनुभव, ज्ञान, शिक्षादीक्षा, मूल प्रवृत्ति तथा गुणहरूको समूहका रूपमा पनि लिन सकिन्छ । व्यक्तिका व्यक्तिगत एवम् सामूहिक जीवन भोगाइका क्रममा उसका जीवनमा देखा परेको साधारण एवम् असाधारण स्थितिबाट व्यक्तित्वको निर्माण हुन्छ । यस्तै व्यक्तित्व वंश परम्परागत जैविकवृत्ति पुञ्जका रूपमा सृजित हुन्छ र शिक्षादीक्षा सङ्गति र वातावरणका आलोकबाट प्राप्त वा आर्जित अनुभवद्वारा सम्वृद्ध बन्छ (उपाध्याय, २०३९ : ३९) । व्यक्तित्वको अर्थ एकरूपता निर्माण हो । व्यक्तिले आफ्ना आन्तरिक स्वरूपलाई दृढ बनाउने क्रममा प्रत्येक परिवर्तित स्थितिमा प्रतिभाको स्पष्ट र गहन छाप छोडेको हुन्छ । त्यसैले व्यक्तित्वको अर्थ परिवर्तनशीलता नभई प्रतिकूल स्थितिको अनुकूल चल्नसक्ने त्यो शक्तिसत्ता हो जसले मानिसलाई प्रत्येक क्षणमा आफ्ना दृष्टिकोण राख्न अभिप्रेरित गरेको हुन्छ । त्यही व्यक्तिभित्र निहित प्रतिभाले नै व्यक्तित्वलाई चिनाएको हुन्छ (ओझा, २०५७ : ३१) । व्यक्तित्वबाट नै व्यक्ति समजामा परिचित हुन्छ । कुनै व्यक्तिले गरेका विकासात्मक र रचनात्मक कार्यमा आफ्नो व्यक्तित्वको छाप छाडेको हुन्छ । एउटै व्यक्ति साहित्य, समाज, शिक्षा आदि क्षेत्रमा समर्पित हुँदा उसको व्यक्तित्वका भिन्न पाटाहरूको निर्माण हुन्छ । माधव सयपत्रीले पनि आफ्नो जीवनको भोगाइमा विभिन्न कार्यहरू गरेर त्यसै अनुरूपको व्यक्तित्वको निर्माण गरेका छन् । यस अध्यायमा सयपत्रीका तिनै व्यक्तित्वका भिन्न पाटाहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिको निजी व्यक्तित्व भन्नाले उसको बाह्य शारीरिक अवस्था र उसको व्यवहारबाट झल्कने निजत्वलाई बुझ्न सकिन्छ । व्यक्तिको सार्वजनिक व्यक्तित्वको स्पष्ट छवि किटान गर्नका लागि पनि उसको निजी व्यक्तित्वको पहिचान आवश्यक हुन्छ किनकि व्यक्तिका निजी व्यक्तित्वको प्रष्ट स्वरूप उसका सार्वजनिक व्यक्तित्वका चरण चरणमा उजिलिएको हुन्छ । कुनै पनि व्यक्तिको शील, स्वभाव, आचरण प्रवृत्ति आदिका सन्दर्भमा

आन्तरिक व्यक्तित्वको अध्ययन हुन्छ । माधव सयपत्रीको निजी व्यक्तित्वलाई हेर्दा उनी मिहेनती, तीक्ष्ण बुद्धिका तथा अध्ययनशील स्वभावका देखिन्छन् । पढ्ने रूचि र अवसरको सदुपयोग गर्दै सानै उमेरदेखि घरबाहिर रहेका उनी शान्त र कर्मशील रहेका छन् । काम गरेपछि प्रतिफल पक्कै प्राप्त हुन्छ भनेर मेहनत गरिरहने उनी स्वाभिमानी, निडर र धीर प्रकृतिका छन् । जीवनमा शिक्षा क्षेत्रको अध्ययन र विद्यालय शिक्षण गरिरहेका उनी कसैको कुभलो चिताउँदैनन् र अरूको कुभलो गरेको सहन पनि सक्दैनन् । जनताको स्वतन्त्रता र न्याय चाहने तथा निरङ्कुशताको अन्त्य चाहने हुँदा नै जागिर सँगसगै साहित्यिक रचनाहरू पनि गर्ने गरेका छन् हालको अधबैंसे उमेरमा पनि अध्ययन र लेखनमा उत्तिकै रूचि राख्ने हुँदा नै उनी आजको प्रतिकूल शारीरिक अवस्थामा पनि साहित्य सिर्जना गरिरहेका छन् । देशप्रेम, धार्मिक नस्तिकता, समाजसेवा आदि उनका प्रिय विषयहरू बनेका छन् (शोध नायक बाट प्राप्त जानकारी) ।

## ३.३ सार्वजनिक व्यक्तित्व

कुनै पनि व्यक्तिले निजको आफ्नै सरोकारसँग मात्र सम्बन्धित नरहेर सार्वजनिक महत्व राख्ने कार्य गर्दै आफ्नो पहिचान बनाउनका साथै व्यक्तित्वको समेत निर्माण गरेको छ भने त्यस दृष्टिबाट उसको सार्वजनिक व्यक्तित्वलाई हेर्दा उनको जीवन यात्रामा साहित्येत्तर र साहित्यिक व्यक्तित्वको विकास भएको पाइन्छ । उनले आफ्नो जीवनमा सामाजिक, साहित्यिक सेवा र शिक्षणजस्ता कार्य गरेर साहित्येत्तर व्यक्तित्वको निर्माण गरेका छन् भने साहित्य सिर्जनाद्वारा साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् । माधव सयपत्रीको नाम समाजसेवी व्यक्तित्वका रूपमा पनि उत्तिकै परिचित रहेको छ । सामाजिक र शैक्षिक उन्नयनका पक्षले उनले ती विषयसँग सम्बद्ध विभिन्न सङ्घ-संस्थाहरूलाई सहयोग दिएर, तिनको व्यवस्थापन तथा संस्थापनमा पदीय जिम्मेवारी पूरा गरेर, प्रचार प्रसारका कार्यमा जुटेर यो व्यक्तित्वको निर्माण गरेका हुन् । वर्तमानमा समेत रामेछाप जिल्लाको सुदीर्घसयपत्री पुस्तकालयको संस्थापकका रूपमा रहेका सयपत्रीले सो पुस्तकालयको विकासका लागि सक्रिय भूमिका निभाइरहेका छन् । विभिन्न सङ्घसंस्थाको प्रचार तथा प्रसार गर्ने सन्दर्भमा विभिन्न समयमा पत्रपत्रिकाहरूमा एवम् पटकपटक पत्रपत्रिका र रेडियोमा अन्तर्वार्ता दिएबाट पनि उनको यस क्षेत्रको व्यक्तित्वको बारेमा प्रष्ट हुन्छ (शोध नायक बाट प्राप्त जानकरी) । उनका यी बिभिन्न क्षेत्रका कृयाकलापहरू सार्वजनिक भएकाले त्यसबाट विकसित विभिन्न व्यक्तित्वको अध्ययन यहाँ गरिएको छ ।

### ३.३.१ साहित्येतर व्यक्तित्व

आफ्नो व्यक्तित्व निर्माणका क्रममा सार्वजनिक क्षेत्रका साहित्यभन्दा फरक कार्यबाट बनाएको व्यक्तित्व कुनै पनि व्यक्तिको साहित्येत्तर व्यक्तित्व हो । माधव सयपत्रीले समाज सेवा तथा शिक्षणद्वारा यस्तो व्यक्तित्वको निर्माण गरेका छन् जुन यहाँ हेरिएको छ ।

### ३.३.२ सरकारी शिक्षण सेवाको व्यक्तित्व

माधव सयपत्रीको जीवनमा उनले निर्माण गरेका व्यक्तित्वका विविध पाटाहरूमध्ये यो एक महत्वपूर्ण पाटो हो । औपचारिक अध्ययनको समाप्तिसँगै सुरू गरेको सरकारी शिक्षण सेवामा उनले आफ्नै जिल्लामा रही शिक्षण कार्य गरेका छन् । सो शिक्षण सेवा युवा अवस्थामा नै सुरू गरेर सोही कार्यमा हालसम्म पनि कार्यरत देखिन्छन् । यसअन्तर्गत उनी शिक्षण सेवामा एउटा पाको शिक्षकका रूपमा देखिएका छन् । जसले उनको सरकारी शिक्षकको व्यक्तित्वलाई उजिल्याएको छ ।

### ३.३.३ राजनैतिक व्यक्तित्व

माधव सयपत्रीले शिक्षण कार्य गर्दा जुन सोचसमझ राखेर शिक्षण कार्य गरेका थिए त्यही धरातलमा उभिएर उनले बामपन्थी राजनीतिको अवलम्बन पनि गरेका छन् । उनी आफ्नो पेसागत रूपमा नेपाल राष्ट्रिय शिक्षक संगठनमा विभिन्न समयमा विभिन्न जिम्मेवारीमा रहेर कार्य गरिसकेका व्यक्तित्व हुन् । त्यसैगरी नेकपा एमालेको भातृ संगठन जनसांस्कृतिक महासङ्घ अन्तरगत भाषा तथा लोकसाहित्यको केन्द्रीय सदस्य समेत भैसकेका छन् । त्यसैले यिनमा राजनीतिक व्यक्तित्वको पनि विकास भैसकेको पाइन्छ ।

### ३.३.४ शिक्षक व्यक्तित्व

माधव सयपत्रीका सार्वजनिक व्यक्तित्वका विविध पाटाहरूमध्ये शिक्षक व्यक्तित्व पनि एक रहेको छ । छोटो अवधिको भए पनि महत्वको रूपमा रहेको शिक्षक व्यक्तित्वको निर्माण उनले आफ्नै जिल्ला रामेछापमा गरेका थिए । रामेछाप जिल्लास्थित एक विद्यालयको शिक्षक अभावमा वि.सं. २०४४ देखि चार वर्ष अस्थायी शिक्षकका रूपमा र २०४८ सालदेखि प्राथमिक तहमा स्थायी शिक्षकका रूपमा कार्यारम्भ गरी हालसम्म पनि सोही तहको द्वितीय श्रेणीका शिक्षकका रूपमा कार्यरत देखिन्छन् । यसरी उनी आफ्नो शिक्षक व्यक्तित्वका रूपमा पनि सन्तुष्ट देखिन्छन् । उनको यही कार्यको सह्राना गर्दै समय

समयमा विभिन्न संघसंस्थाले प्रशंसापत्र र कदरपत्र प्रदान गरेबाट उनको यस क्षेत्रको व्यक्तित्व निर्माणको पुष्टि हुन्छ (शोध नायक बाट प्राप्त जानकरी) ।

### ३.३.५ साहित्यिक व्यक्तित्व

कुनै पनि व्यक्तिको साहित्यिक कृतिका आधारमा उसको साहित्यिक व्यक्तिको निर्माण भएको हुन्छ । साहित्यिक क्षेत्रमा सानैदेखि रूचि भएका माधव सयपत्रीले सिर्जनाका विभिन्न कृतिहरू प्रकाशित गराएर आफ्नो साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् । उनको साहित्यिक व्यक्तित्व कथाकारका रूपमा रहेको छ भने कविताका फुटकर र कृतिदेखि कथा र उपन्यासको आयामसम्मका रचना उनले रचेका छन् । उनको यही कथाकार र उपन्यासकार व्यक्तित्वलाई यहाँ हेरिएको छ ।

माधवको सिर्जना यात्राको आरम्भ नै कविताबाट भए पनि उनी पछि अभिव्यक्ति प्रकाशनका सन्दर्भमा कथातिर आकृष्ट भएका हुन् । सो कुरा माथि उल्लेख भैसकेको छ । जीवनको १२-१३ वर्षको केटाकेटी उमेरदेखि नै पुराना काव्यिक ग्रन्थका पद्यहरू कण्ठस्थ पारी विवाह आदि कार्यमा सुनाउने गर्नुले उनको कविताप्रतिको मोहलाई प्रस्ट पार्छ । उनले आफ्ना मौलिक रचनाको सुरूवात भने करिब १४/१५ वर्षको उमेरदेखि गरेको पाइन्छ भने प्रकाशनको सुरूवात अझ पछाडि आएर २०४३ बाट मात्र भएको पाइन्छ । यसरी सयपत्रीको कविता लेखनको सुरूवात र प्रकाशनको सुरूवात बीचको समयको लामो अन्तराल भएकाले उनका धेरै कविताहरू प्रकाशनसम्म आइनपुगेको पाइन्छ । अझ विभिन्न अवस्था, घटना, परिवेश आदिलाई विषय बनाएर तत्काल सिर्जना गर्ने र ती फुटकरको रूपमा रचना हुने हुँदा कति कविताले त सङ्कलित र सुरक्षित हुने मौका पनि नपाएको देखिन्छ । वि.सं. २०४३ देखि प्रकाशनको अवसर पाएका उनका कविता, कथा र निबन्धहरू गोरखापत्र, कान्तिपुर, नागरिक, राजधानी, अन्नपूर्ण पोष्ट, सौर्य दैनिक, गरिमा, मधुपर्क, रचाना, अभिव्यक्ति, मिर्मिरे, समष्टि, शब्द संयोजन, शिक्षक, बगर, अयन, जनमत, मुना आदि पत्रिकामा छापिएका छन् (शोध नायक बाट प्राप्त जानकरी) । यसबाहेक पुस्तकाकार रूपमा पनि उनले 'कविता गर्भधारण गर्छन्' शीर्षकमा कवितासङ्ग्रह प्रकाशन गरेका छन् जसमा २५ वटा समसामयिक विषयका कविताहरू समेटिएका छन् । ती कविताहरूले नेपाली समाजमा व्याप्त शोषण, अन्याय र अत्याचारलाई प्रगतिवादी दृष्टिकोणले हेर्ने कार्य गरेका छन् । फुटकर आयामका कविताहरू सयपत्रीले आज पनि लेख्ने तथा पत्रपत्रिकाहरूमा प्रकाशन गराउने कार्य गरिरहेका छन् (शोध नायक बाट प्राप्त जानकरी) । त्यसैगरी उनका

कथाहरू पनि फुटकर र कृतिगत रूपमा समेत प्रकाशित भएका छन् । यस सन्दर्भमा वि.सं. २०६५ सालमा प्रकाशित उनको 'सत्ता-कवच' भूँडीपुराण प्रकाशनबाट प्रकाशित भएको हो भने भर्खरै पनि सोही प्रकाशनबाटै 'मखमलीका राजाहरू' कथासङ्ग्रह र एउटा 'तीनसल्लेको वनभात' बाल कथासङ्ग्रह प्रकाशनको तयारीमा रहेका छन् ।

माथि उल्लेख गरे बाहेकका रचना पनि सयपत्रीले ११/१२ वर्षको उमेरमा रचना गरेका र ती अन्य फुटकर प्रकृतिका कविता र कथाहरू लेखेका थिए तर यी कृतिहरूले प्रकाशन हुने अवसर भने पाएनन् (शोध नायक बाट प्राप्त जानकरी) ।

उल्लिखित कविता र कथाहरूको रचना र प्रकाशनबाट नै माधव सयपत्रीको सार्वजनिक साहित्यिक व्यक्तित्वको निर्माण भएको पाइन्छ ।

## ३.४ जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाबिच आन्तरिक सामञ्जस्य

माधव सयपत्रीले आफ्नो जीवनका ४० वर्ष काटेर अनुभवको एउटा ठिकठिकैको अवस्था बनाइसकेका छन् । यस क्रममा उनी सामाजिक, सांस्कृतिक, राजनैतिक तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशलाई भोग्दै र सामना गर्दै जीवनको वर्तमान अवस्थामा आइपुगेका छन् । यही चालिस वर्षे जीवन भोगाइका क्रममा आफ्ना अनुभव, परिवार, समाज, शिक्षादीक्षा, प्रभाव, प्रेरणा, पीडा, खुसी, सफलता, विफलता आदिका परिस्थितिहरूले सिर्जना गरेका अनुभव र अनुभूतिहरूले उनलाई एउटा मार्गदर्शन गर्दै लगेको कुरा उनको जीवनको अध्ययनबाट स्पष्ट हुन्छ । यिनै कारणले नै उनी साहित्य र समाजको सेवा गर्दै तिनीहरूकै माध्यमबाट जनताको सुख, स्वतन्त्रता र समानता एवं न्यायको लेखन वकालत गर्दै एउटा विकसित र सभ्य संसारको परिकल्पनामा अगाडि बढेका छन् । व्यक्तिगत जीवन भोगाइका प्रभाव, तत्कालीन समाजको चेतना, सरकारको नीति आदिको समस्याग्रस्त परिवेशबाट साहित्यकार सयपत्रीको जन्म भएको हो । यही जीवन भोगाइको एक अङ्ग बनेर साहित्यिक यात्रा पनि अगाडि बढेको पाइन्छ ।

माधव सयपत्रीको जन्म तत्कालीन समाजको सापेक्षतामा निम्न मध्यमवर्गीय र धार्मिक परिवारमा भएको हो । परिवारको औकात नभएका कारण नै उनले राम्रो अध्ययन, देशविदेश भ्रमण रोजगारको अवसर पाएनन् तर तिनै परिस्थितिले उनमा रहेको असन्तुष्टि र विद्रोहको ज्वालालाई मुखरित गराउने अवशर भने पाएको थियो । आफूले पाएका अवसरहरूको सही उपयोग तथा वैयक्तिक प्रतिभालाई कुण्ठित नगरी प्रस्फुटन गरेबाट नै उनको व्यक्तित्वको निर्माण भएको छ । जीवन भोगाइमा पार गरेका अनुकूल तथा प्रतिकूल

परिस्थितिहरूबाट अगाडि बढ्दै जाँदा उनको सामाजिक, राजनैतिक, सरकारी शिक्षण सेवाजस्ता विविध पाटाको व्यक्तित्वको निर्माण भएको छ भने व्यक्तित्वका यिनै पाटाहरूको प्रेरणा र प्रभावबाट साहित्यिक व्यक्तित्वको पनि निर्माण भएको छ । यसैले उनका सिर्जनामा जीवनका अनुभव, धार्मिक अनास्थाको प्रकटीकरण, वैयक्तिक इच्छाको प्रस्तुति, राजनैतिक झुकावको अभिव्यक्ति, समाजका सकारात्मक पक्षको गायन, नकारात्मक पक्षको भण्डाफोर र व्यङ्ग्य, विविध घटना र इतिहासको वर्णन तथा सभ्य सुसंस्कृत संसारको परिकल्पना पाइन्छ । यिनै बहुविधा विषयको सिर्जनात्मक अभिव्यक्तिबाट उनको साहित्यिक व्यक्तित्वको निर्माण भएको छ ।

यसरी सुख-दुःखका विभिन्न अनुभूति सँगालेका माधव सयपत्रीको जीवन र त्यस जीवन भोगाइमा निर्माण भएका व्यक्तित्वका अनेक पाटाहरूको प्रभाव उनको सिङ्गो साहित्य लेखनमा परेको पाइन्छ । उनको साहित्य रचनामा पौराणिक विषय वर्णन, घटनाहरूको प्रस्तुति, राजनैतिक व्यङ्ग्य र आक्रोश, भोगाइका अनुभूति आदिको प्रस्तुति पाइन्छ । साहित्य विचार र भोगाइको कलात्मक अभिव्यक्ति तथा सबैको सुसूचित गर्ने माध्यम हो भन्ने उनको भनाइलाई उनका रचनाले पुष्टि गरेका छन् भने उनको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाबीच पनि सामञ्जस्य भएको पाइन्छ ।

## ३.५ निष्कर्ष

माधव सयपत्री एक व्यक्ति र अनेक व्यक्तित्व भएका प्रतिभा हुन् । निम्न मध्यम वर्गीय परिवार र कृषि व्यवसायबाट अध्ययन, रोजगार र समाजसेवा हुँदै जीवनलाई अगाडि बढाएका उनले तद्नुकूल व्यक्तित्वको पनि निर्माण गरेका छन् । व्यक्तिगत जीवनको व्यवहारिक पक्ष एकातिर र सामाजिक, राजनैतिक तथा शिक्षण सेवाजस्ता सार्वजनिक जीवनका बीचबाट साहित्यिक रचनाको सिर्जना र प्रकाशन गरेर उनले आफ्नै साहित्यिक यात्रालाई बढाएकामात्र छैनन् सिङ्गो नेपाली साहित्यको विकासमा पनि सहयोग पुऱ्याएका छन् । फुटकर कवितादेखि कथा र उपन्यासको आयाम सम्मका आख्यान लेखनबाट उनको यो साहित्यिक यात्रा अगाडि बढेको छ । यसरी व्यक्तित्वका अन्य पाटाहरू जस्तै साहित्यिक व्यक्तित्वको पनि निर्माण भएको छ । जीवनमा भोगाइ, धार्मिक अनास्था, जनपक्षीय राजनैतिक आस्था, समसामयिक घटना आदि विषयको काव्यात्मक र वर्णनात्मक अभिव्यक्तिहरू कविता र कथामार्फत दिने उनको यो व्यक्तित्व स्वच्छ र छर्लङ्ग रहेको पाइन्छ ।

# परिच्छेद चार

# माधव सयपत्रीको कृतित्वको अध्ययन

## ४.१ परिचय

माधव सयपत्रीको जीवन विविध आयामहरूको माध्यमबाट विस्तारित भएको पाइन्छ । ती विविध आयाममध्ये साहित्य सिर्जना उनको एउटा महत्वपूर्ण पाटो हो । जीवनको आरम्भिक समयदेखि नै साहित्य सिर्जनामा लागेका सयपत्रीको साहित्य सिर्जना अर्न्तगत पनि उनले कविता साधनामा आफूलाई विशेष संलग्न तुल्याएका छन् । उनको प्रथम प्रकाशित कृति ‘कविता गर्भधारण गर्छन्’ (२०५८) हो । प्रस्तुत कविता सङ्ग्रहभन्दा अगाडि उनका फुटकर कविता र केही निबन्धहरू प्रकाशित भएको पाइन्छ । यसपछि ‘उत्सव र मालिकको थाल’ (२०६२) नामक पूर्णाङ्की नाटक प्रकाशित भएको पाइन्छ । नाटक प्रकाशन अगावै कविता सिर्जना गरेर एक सफल कविका रूपमा आफूलाई उभ्याएका सयपत्रीका त्यसपछि ‘सत्ता-कवच’ (२०६५) कथासङ्ग्रह, ‘पालैपालो कथा भनौं’ (२०६४) नामक बालकथा सङ्ग्रह र ‘पाङ्ग्रेको सहर यात्रा’ (२०६५) नामक बालउपन्यास प्रकाशित भएका छन् । यसैगरी सयपत्रीका भूँडीपुराण प्रकाशनबाटै एक नाम चयन नभैसकेको बालकथासङ्ग्रह र ‘मखमलीका राजाहरू’ शीर्षकको कथासङ्ग्रह प्रकाशनको तयारी साथै एक उपन्यास रत्न पुस्तक भण्डारबाट प्रकाशन चाँजोपाँजो मिलाएको कुरा शोधनायकले शोधार्थीसँगको कुराकानीका क्रममा बताएका छन् ।

प्रस्तुत शोधमा उनका यिनै कवितात्मक र आख्यानात्मक रचनाको अध्ययन तथा सूक्ष्म विश्लेषण तत्वगत रूपमा निम्नानुसार गरिएको छ ।

## ४.२ प्रकाशित कृतिहरू

माधव सयपत्रीका प्रकाशित कृतिहरू यसप्रकार रहेका छन् :

१. **‘कविता गर्भधारण गर्छन्’** (२०५८)

२.**‘उत्सव र मालिकको थाल’** (२०६२)

३. **‘पालैपालो कथा भनौं’** (२०६४)

४. **‘पाङ्ग्रेको सहर यात्रा’ (२०६५)**

५.**‘सत्ता-कवच’** (२०६५)

## ४.३ चरण विभाजन

साहित्यकार माधव सयपत्रीको समग्र साहित्य लेखन यात्रालाई सूक्ष्म रूपले विश्लेषण गरेर हेरेका खण्डमा निम्नलिखित रूपमा उनको लेखनयात्रा अगाडि बढेकाले अध्ययन सरलताका लागि निम्नानुसारले चरण विभाजन गरिएको छ ।

क) पहिलो चरण : २०४३ देखि २०५८ सम्म

ख) दोस्रो चरण : २०५८ देखि २०६५ सम्म

ग) तेस्रो चरण : २०६५ देखि हालसम्म

**क) पहिलो चरण (२०४३ देखि २०५८ सम्म)**

यो चरण कवि माधव सयपत्रीको कवितालेखनको प्रारम्भिक समयका रूपमा लिन सकिन्छ । सुरूवातको समयमा कविले विवाहमा गाउँने श्लोक, गीत, कविता गाउँर लेखनको सुरूवात गरेको पाइन्छ । त्यसपछि प्रेम र प्रणयसँग सम्बन्धित धेरै कविताहरू लेखिएका छन् । जसमध्ये धेरै अप्रकाशित र थोरैमात्र प्रकाशित भएका छन् । पहिलो चरणको कवितामा समाजवादी चिन्तन सामन्ती संस्कारप्रति विरोध गरिएको छ ।

**ख) दोस्रो चरण (२०५८ देखि २०६५ सम्म)**

कवि माधव सयपत्रीको लेखनको दोस्रो चरण प्रथम चरणभन्दा पनि संख्यात्मक तथा गुणात्मक दृष्टिले उर्वर रहेको पाइन्छ । यस समयमा सयपत्रीका प्रकाशित कृतिहरू कथा र उपन्यास विधाकै रहेका छन् । वि.सं. २०६४ सालमा प्रकाशित भएको 'पालैपालो कथा भनौँ' बाल कथासङ्ग्रहले उनलाई बालसाहित्यकारका रूपमा स्थापित गराउने जमर्को गरेको पाइन्छ भने वि.सं. २०६५ सालमा प्रकाशित भएको प्रौढ कथासङ्ग्रह 'सत्ता-कवच' र 'पाङ्ग्रेको सहरयात्रा' नामक बालउपन्यासले उनलाई प्रौढ तथा बालसाहित्यका क्षेत्रमा स्थापित आख्यानकारका रूपमा चिनाउने काम गर्‍यो ।

**ग) तेस्रो चरण (२०६५ देखि हालसम्म)**

साहित्यकार माधव सयपत्रीको साहित्य जीवनको तेस्रो चरणमा आएर हेर्दा उनले पहिलो र दोस्रो चरणमा गरेका उल्लेखनीय साहित्यिक कार्यको फलस्वरूप जिल्ला र राष्ट्रिय स्तरबाट पुरस्कार, सम्मानपत्र र प्रशंसापत्र पाउने कार्यमा तीव्रता आएको पाइन्छ । साथै उनले सोही समयमा जिल्लामा हुने विविध प्रकारका साहित्यिक तथा सांस्कृतिक कार्यमा

आफ्नो उपस्थिति गुणात्मकरूपमा बढाएर आफूभन्दा पछिल्लो अनुज पुस्ताका लेखकहरूलाई लेखन र चिन्तन प्रेरणा दिने कार्य गरेका छन् ।

त्यसैगरी यही तेस्रो चरणमा उनका तीनवटा बालकथासङ्ग्रह क्रमशः 'तीनसल्लेको वनभात', 'फूलको गफ' र 'इन्दू र बिन्दू' साथै एउटा प्रौढ उपन्यास रत्न पुस्तक भण्डारबाट निकट भविष्यमा प्रकाशनको दौरानमा सम्पादित अवस्थामा रहेको जानकारी शोध नायकबाट प्राप्त भएको छ ।

प्रकाशोन्मुख बालकथासङ्ग्रहमा शिक्षणमा प्रयोग हुने तहगत सिकाइ उपलब्धिलाई समेटेर बाल मनोविज्ञानका सन्दर्भहरूका साथै बालसाहित्यको तहगत लेखन, समसामयिकता, विज्ञानका जिज्ञासाहरू, समावेशीता र आधुनिक बालबालिकाहरूप्रति गरिनुपर्ने व्यवहारका विषयवस्तुलाई समेटेर सुन्दर र आकर्षक शैलीमा बालकथाहरू लेखिएका छन् ।

त्यसैगरी रत्न पुस्तक भण्डारबाट निकट भविष्यमै प्रकाशनको तयारी भैरहेको उपन्यासमा २०४३ सालदेखि २०६३ सालसम्मको नेपाली राजनीतिको विकृत पक्षलाई चित्रात्मक रूपले उजागर गर्दै वर्तमान समाजको भ्रष्टाचार, नैतिकहीनता, दण्डहीनता र कुसंस्कारलाई कथ्य शैलीको संवादमा रोचक ढङ्गले उतारिएको छ ।

## ४.४ प्रकाशित कृतिहरूको विश्लेषण

माधव सयपत्रीको कविता क्षेत्रमा हालसम्म एउटामात्र 'कविता गर्भधारण गर्छन्' (२०५८) नामको कवितासङ्ग्रह प्रकाशित भएको छ । सो कवितासङ्ग्रहमा प्रकाशित कविताहरूका आधारमा रचनाहरूको निम्नअनुसारले विश्लेषण गर्न सकिन्छ :

### ४.४.१. कविता गर्भधारण गर्छन् (२०५८)

यस सङ्ग्रहमा ३१ वटा समसामयिक विषयमा कविताहरू रचना गरिएका छन् । यी कविताहरूले नेपाली समाजमा विद्यामान विभिन्न किसिमका शोषण, अन्याय, अत्याचार तथा विकृति र विसंगतिहरूलाई कलात्मक रूपले आफ्नो कथ्य बनाएका छन् । यस कविता कृतिले कविलाई आफ्ना कवितात्मक वैचारिक विचारधारा सहजरूपमा सम्प्रेषण गर्न मद्दत पुऱ्याएको थियो । यो पुस्तक शोधनायक आफैंले अधिवक्ता रमेशराज कार्कीको सहयोगमा प्रकाशन गरेका हुन् । यसमा नेपाली छन्द कविताका शीखरपुरुष कवि भरतराज शर्मा

'मन्थलीय' ले लामो र निकै बौद्धिक भूमिका लेख्नु भएको छ । सो भूमिकाले पनि यो पुस्तकलाई ओजपूर्ण बनाएको छ ।

यस कृतिमा राखिएका कविताहरूको भावविधान, लयविधान र भाषाशैलीका आधारमा निम्नानुसारको तालिका निर्माण गरी विश्लेषण गरिएको छ :

### ४.४.१.१ भाव विधान

साहित्यकार माधव सयपत्रीको प्रथम प्रकाशित कविताङ्ग्रह **'कविता गर्भधारण गर्छन्'** (२०५८) भित्रका एकतीस वटा विभिन्न शीर्षकका गद्य कविताहरूलाई भावविधानका दृष्टिकोणले निम्नानुसार विश्लेषण गरिएको छ ।

| **क. स.** | **कविता शीर्षक** | **भाव विधान** |
|---|---|---|
| १. | सृष्टिको ध्वंशावशेष | यस कवितामा बेचिएका चेलीहरूको दारुण रूप चित्रण गर्दै सृष्टिको विकृत रूपलाई प्रस्तुत गरिएको छ । |
| २. | देशलाई माया गर्छौ भने | यो उद्‌बोधन शैलीको उपदेशात्मक कविता हो । यसमा देश प्रतिको गाढा माया व्यक्त गरिएको छ । जस्तैः 'साँच्चै देश प्रेमी बन्छौ भने- अलिकति मायाको हेराइ देशपट्टि पनि हेर्ने गर ।' (पृष्ठ-३) |
| ३. | राजधानी | यस कवितामा हुनेखाने प्रवृत्तिलाई राजधानीसँग तुलना गरिएको छ । यो कविता कविको राजधानीप्रतिको व्यङ्ग समेत हो । |
| ४. | भोलिको बिहानीको लागि | यस कवितामा देशले छयालीस सालको आन्दोलनको पूर्व सन्ध्यालाई सम्बोधन गर्दै देशमा सुशासन स्थापना हुने आशा व्यक्त गरिएको छ । |
| ५. | नआ नयाँ वर्ष तँ | नयाँ वर्षलाई विकासका रूपमा हेर्ने र गाउँहरूमा भित्र्याउने चाहाना व्यक्त भएको छ । |
| ६. | जिउँदै मरेको बालक | यस कवितामा सहरी वातावरणमा बाँच्नका लागि फोहोर खोस्रिरहेको बालक जसलाई शिक्षाको खाँचो औंल्याइएको छ । |
| ७. | कुनै पाण्डव आएन | यस कवितामा देशलाई द्रौपदीका रूपमा तुलना गर्दै |

| | | |
|---|---|---|
| | | राष्ट्रको अस्तित्व रक्षा गर्न आह्वान गरिएको छ । |
| ८. | म बेचिएको छैन | यो स्वअस्मिताको बोध गर्दै मानव अस्मिताको आदर्श संबोध गरिएको कविता हो । |
| ९. | पहाडलाई सोध | यस कवितामा देशको सर्वतोमुखी विकास हुनपर्छ भन्ने भावना प्रबल रूपमा पाइन्छ । जस्तै : 'पहाडलाई सोध देश- कहाँनिर छ भनेर । हिमाललाई सोध- उज्यालो कस्तो हुन्छ भनेर । गाउँलाई सोध, देश कस्तो हुन्छ भनेर ।' (पृष्ठ-१४) |
| १०. | प्रजातन्त्रको अर्थ | यस कवितामा प्रजातन्त्रको व्यवहारमा वास्तविक अर्थ हुनुपर्छ भन्ने भावना प्रस्तुत गरिएको छ । |
| ११. | जिन्दगी घाउ | यो कवितामा जीवनको दुखेसो बोध गराउँदै जिन्दगीलाई घाउका रूपमा हेरिएको छ । |
| १२. | सहिद भनेको देवता हो | यस कवितामा स्वतन्त्रताका हिमायति सहिदहरूको जयगान गरिनुका साथै सहिदलाई जीवनको मार्गदर्शकका रूपमा व्यक्त गरिएको छ । |
| १३. | सहिद पुत्र | नेपाली प्रजातन्त्रको लडाइँमा सहादत प्राप्त गर्नेहरू नै प्रजातन्त्र प्राप्तिपछि नैराश्य भएको सन्देश कवितामा चित्रण भएको छ । |
| १४. | मलाई हेर त दुनियाँ | यो जिन्दगीको अर्थपूर्ण परिभाषा व्यक्त भएको दार्शनिक प्रकृतिको कविता हो । |
| १५. | सडक पेटीको अद्भूत दृश्य | यस कवितामा जीवनको विसङ्गति बोध गराउनुका साथै जीवनको क्षणभङ्गुरतालाई व्यक्त गरिएको छ । |
| १६. | आवरण- पृष्ठको चित्र | तमाम पौरखी नेपालीपनलाई कलात्मक रूपले चित्रण गर्दै भनेको कुरा व्यवहारमा उतार्नतिर लाग्नु पर्ने सन्देश दिइएको छ । |
| १७. | आवश्यकता | गरिब हुनु सबैतिरबाट हेपिनु हो । यहाँ गरिब जनताको शिक्षाप्रतिको प्रेमभावलाई कारुणिक शैलीमा चित्रण गरिएको छ । |

| | | |
|---|---|---|
| १८. | गौंथलीलाई चिठी | यो कवितामा दसैंको आगमनमा प्रिय व्यक्तिको सम्झनालाई गाढा रूपमा चित्रण गरिएको छ । जस्तै : 'नरो बा गौंथली नरो । यसपाली म आइनँ । बेलबोटे नकुले सन्चो बिसन्चोको खबर लिएर आउँछ ।'(पृष्ठ-२९) |
| १९. | कविताहरू गर्भ बोक्छन् | यस कवितालाई जीवनवादी दृष्टिका रूपमा हेरिएको छ । यो जीवनको सापेक्षतामा निकै कलात्मक शैलीमा लेखिएको कविता हो । |
| २०. | मेसिन-आमा | आधुनिक विज्ञानले झकिझकाउ भएको यो विकसित विद्यमान परिस्थितिमा आमाको जिम्मेवारी र उनको चौतर्फी बोझ व्यक्त भएको यो सुकोमल भावधारामा लिखित कविता हो । |
| २१. | कस्ले थुकेछ प्रजातन्त्रलाई | यो नेपाली प्रजातन्त्रको उपहास भैरहेको परिस्थिति बोध गराउने एक कलात्मक र प्रगतिवादी कविता हो । जसमा देशको अस्मिता लुटिएकोमा चिन्ता व्यक्त गरिएको छ । |
| २२. | सपनीमा मेरो देश | यस कवितामा सपनाको माध्यमबाट व्यक्त देशप्रेमलाई प्रस्तुत गरिएको छ । |
| २३. | बाटो, मान्छे र बटुवा | यो सम्बोधनात्मक कविता हो । यस कवितामा मानव जीवनलाई बटुवाको रूपमा हेर्दै उपदेश शैलीमा भाव व्यक्त गरिएको छ । |
| २४. | आऊ नासौं यो पृथ्वीलाई | रमणीय संसारको अस्तित्वलाई नष्ट गर्न नहुने चेतना प्रवाह गरिएको यो कविता सङ्ग्रहकै धर्ती विषयक प्रसिद्ध कविता हो । |
| २५. | दुई धारमा बगेका नदीहरू | यस कवितामा पनि नारी पात्रलाई सम्बोधन गर्दै नारी र पुरुषको शारीरिक विविधतालाई दार्शनिक दृष्टिकोणले अर्थ्याइएको छ । |
| २६. | यो यस्तै भयो | यस कवितामा मानवतावादी भावनाको प्रस्तुत गरिएको छ साथै बालसखा र आफूबीचमा तुलना गरिएको छ । |

| | | |
|---|---|---|
| २७. | तिमी र म : मिलनमा-विछोडमा | यो समानताबोधक भावना भएको कलात्मक कविता हो । यहाँ आफूलाई मन पर्ने मान्छे र आफूमा मिलन तथा विछोड हुँदाका भावनाहरू व्यक्त गरिएको छ । जस्तै : 'तिमीले बुझिनौ र मैले बुझिन भने विछोडको चट्याङ् पर्न सक्छ । विरहको बतास चल्न सक्छ विद्वषको घाम लाग्न सक्छ ।        (पृष्ठ-२९) |
| २८. | तिम्रो स्वीकृति | खाटा बसिसकेको घाउ कसैले कोटयाइदिँदा हुने पिडा यहाँ व्यक्तिएको छ । |
| २९ | दुर्गन्धित जीवन | काम नपाएर जीवन पट्याइलाग्दो भएको बोध गराउँदै यस कवितामा जीवनलाई सुगन्धित बनाउन कर्मशील हुनु पर्ने कुराको चित्रण गरिएको छ । |
| ३०. | मरिसकेको जीवन | यो सहरी परिवेशमा फसेको कल्पनाशील व्यक्तिको चित्रणले भरिएको सुन्दर कविता हो । |
| ३१. | अमूर्त रोग | यस कवितामा विरह र कुण्ठित आत्माले दृष्टिदोष अभिव्यक्त गरेको पाइन्छ । |

साहित्यकार माधव सयपत्रीको पहिलो कवितासङ्ग्रहका रूपमा प्रकाशित भएको 'कविता गर्भधारण गर्छन्' (२०५८) सालमा प्रकाशित भएको कवितात्मक कृति हो । यस कवितासङ्ग्रहमा एकतीसवटा लामाछोटा कविताहरू सङ्कलन गरिएका छन् । यो कविता पुस्तिका आकारमा प्रकाशित भएको छ । यो ५४ पृष्ठ कविता आकारमा र भूमिका खण्ड १२ पृष्ठ गरी जम्मा ६६ पृष्ठको आकारमा प्रकाशित भएको लघु कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा घटीमा बीस हरफदेखि बढीमा बैसठ्ठी हरफसम्मका छोटा तथा लामा कविताहरू सङ्कलन गरिएका छन् । यस सङ्ग्रहमा औसत मात्रामा त्रीचालीस हरफ र सोभन्दा माथिका छ वटा कविताहरू पनि समावेश गरिएका छन् । यी कविताहरूले नेपाली समाजमा विद्यामान विभिन्न किसिमका शोषण, अन्याय, अत्याचार तथा विकृति र विसंगतिहरूलाई कलात्मक रूपले आफ्नो कथ्य बनाएका छन् ।

### ४.४.१.२ लयविधान

साहित्यकार माधव सयपत्रीको प्रथम प्रकाशित कविताङ्ग्रह **'कविता गर्भधारण गर्छन्'** (२०५८) भित्रका एकतीस वटा विभिन्न शीर्षकका गद्य कविताहरूलाई लयविधानका दृष्टिकोणले निम्नानुसार विश्लेषण गरिएको छ ।

| **क. स.** | **कविता शीर्षक** | **लय विधान** |
|---|---|---|
| १. | सृष्टिको ध्वंशावशेष | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २३ हरफमा रचना गरिएको छ । यो आधुनिक गद्य कविता हो । |
| २. | देशलाई माया गर्छौ भने | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै ३३ हरफमा रचना गरिएको छ । |
| ३. | राजधानी | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २५ हरफमा रचना गरिएको छ । |
| ४. | भोलिको बिहानीको लागि | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै ४२ हरफमा रचना गरिएको छ । |
| ५. | नआ नयाँ वर्ष तँ | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २५ हरफमा रचना गरिएको छ । |
| ६. | जिउँदै मरेको बालक | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २२ हरफमा रचना गरिएको छ । |
| ७. | कुनै पाण्डव आएन | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २२ हरफमा रचना गरिएको छ । |
| ८. | म बेचिएको छैन | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २१ हरफमा रचना गरिएको छ । |
| ९. | पहाडलाई सोध | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २५ हरफमा रचना गरिएको छ । |
| १०. | प्रजातन्त्रको अर्थ | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २३ हरफमा रचना गरिएको छ । |
| ११. | जिन्दगी घाउ | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २० हरफमा रचना गरिएको छ । अन्त्यानुप्रास शैलीमा लेखिएको यो यस सङ्ग्रह भित्रकै सबै भन्दा छोटो |

| | | |
|---|---|---|
| | | तथा कलात्मक कविता हो । जस्तै : म, घाउ कोट्याउँछु, 'मन' दुख्छ, अर्कोले कोट्याउँछ 'देश' दुख्छ, फेरि कोट्याउँछु 'जनता' दुख्छ । (पृष्ठ-१७) |
| १२. | सहिद भनेको देवता हो | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै ३६ हरफमा रचना गरिएको छ । |
| १३. | सहिद पुत्र | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै ३५ हरफमा रचना गरिएको छ । |
| १४. | मलाई हेर त दुनियाँ | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २४ हरफमा रचना गरिएको छ । |
| १५. | सडक पेटीको अद्भूत दृश्य | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २२ हरफमा रचना गरिएको छ । |
| १६. | आवरण पृष्ठको चित्र | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २७ हरफमा रचना गरिएको छ । |
| १७. | आवश्यकता | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २२ हरफमा रचना गरिएको छ । |
| १८. | गौंथलीलाई चिठी | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै ५९ हरफमा रचना गरिएको छ । |
| १९. | कविताहरू गर्भ बोक्छन् | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै ४५ हरफमा रचना गरिएको छ । |
| २०. | मेसिन-आमा | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २७ हरफमा रचना गरिएको छ । |
| २१. | कस्ले थुकेछ प्रजातन्त्रलाई | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २६ हरफमा रचना गरिएको छ । |
| २२. | सपनीमा मेरो देश | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २६ हरफमा रचना गरिएको छ । |
| २३. | बाटो, मान्छे र बटुवा | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै ५७ हरफमा रचना गरिएको छ । |
| २४. | आऊ नासौं यो | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका |

| | | |
|---|---|---|
| | पृथ्वीलाई | साथै ३० हरफमा रचना गरिएको छ । |
| २५. | दुई धारमा बगेका नदीहरू | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै ६२ हरफमा रचना गरिएको छ । प्रियम्बदा नामक नारीलाई सम्बोधनको शैलीमा लेखिएको यो कवितामा पुरुष र स्त्रीलाई नदीका दुई किनाराका रूपमा लिएर जीवनको भोगाइ र असन्तुष्टिलाई प्रष्ट पारिएको छ । यो कविता सङ्ग्रह भित्रकै सबैभन्दा लामो गद्य शैलीको कविता हो । यसले आफ्नो दार्शनिक विषयलाई पुराणका पात्रहरूद्वारा स्पष्ट पार्ने काम गरेको छ । जस्तैः 'सुलोचना ! हामीले त्यो समय नियन्त्रणमा राखेको भए, हामी अनन्त कालसम्म एउटै हुने थियौं ।' (पृष्ठ-५०) |
| २६. | यो यस्तै भयो | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २२ हरफमा रचना गरिएको छ । |
| २७. | तिमी र म : मिलनमा-विछोडमा | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै ४१ हरफमा रचना गरिएको छ । |
| २८. | तिम्रो स्वीकृति | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २० हरफमा रचना गरिएको छ । |
| २९ | दुर्गन्धित जीवन | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २२ हरफमा रचना गरिएको छ । |
| ३०. | मरिसकेको जीवन | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २५ हरफमा रचना गरिएको छ । |
| ३१. | अमूर्त रोग | यस कविताको संरचना गद्य लय, अन्तर लयात्मक हुनुका साथै २२ हरफमा रचना गरिएको छ । |

यस सङ्ग्रहका अधिकांस कविताहरू को संरचना गद्य लय, अन्तर लयात्मक रहेको पाइन्छ । यसको ' जिन्दगी घाउ' शीर्षकको कविता २० हरफमा रहेको छ भने 'दुई धारमा बगेका नदीहरू' शीर्षकको कविता ६२ हरफ रहेकाले यसमा घटीमा बीस हरफदेखि बढीमा बैसठ्ठी हरफसम्मका छोटा तथा लामा कविताहरू सङ्कलन गरिएको छ यी दुबै कवितामा पनि गद्य लय, अन्तर लयात्मक संरचना पाइन्छ ।

### ४.४.१.३ भाषाशैली

साहित्यकार माधव सयपत्रीको प्रथम प्रकाशित कविताङ्ग्रह **'कविता गर्भधारण गर्छन्'** (२०५८) भित्रका एकतीस वटा विभिन्न शीर्षकका गद्य कविताहरूलाई भाषाशैलीका दृष्टिकोणले निम्नानुसार विश्लेषण गरिएको छ।

| **क. स.** | **कविता शीर्षक** | **भाषाशैली** | | | |
|---|---|---|---|---|---|
| | | **संरचना** | **विम्बविधान** | **छन्द/अलङ्कार** | **शब्दस्रोत/ भाषिक विचलन** |
| १. | सृष्टिको ध्वंशावशेष | गद्य लय, अन्तर लयात्मक २३ हरफ, | विम्बात्मक सामाजिक विम्ब, सरल | - गद्य शैली -उपमा | तत्सम तत्दभव आगन्तुक, भाषिक विचलन नभएको |
| २. | देशलाई माया गर्छौ भने | गद्य लय, अन्तर लयात्मक ३३ हरफ | विम्बात्मक, सामाजिक विम्ब, सरल | -गद्य शैली -उपमा -रूपक | तत्सम तत्दभव आगन्तुक भाषिक विचलन नभएको |
| ३. | राजधानी | गद्य लय, अन्तर लयात्मक २५ हरफ | सघन विम्बात्मक, सामाजिक सरल विम्ब | -गद्य शैली -उपमा -उत्प्रेक्षा | तत्सम तत्दभव आगन्तुक, भाषिक विचलन नभएको |
| ४. | भोलिको बिहानीको लागि | गद्य लय, अन्तर लयात्मक ४२ हरफ | सघन विम्बात्मक, सामाजिक र ऐतिहासिक विम्ब, सरल | गद्य शैली -उपमा -उत्प्रेक्षा | तत्सम तत्दभव आगन्तुक भाषिक विचलन नभएको |
| ५. | नआ नयाँ वर्ष तँ | गद्य लय, अन्तर लयात्मक २५ हरफ | सघन विम्बात्मक, प्राकृतिक विम्ब र सरल | गद्य शैली -उपमा -उत्प्रेक्षा | तत्सम तत्दभव आगन्तुक |
| ६. | जिउँदै मरेको बालक | गद्य लय, अन्तर लयात्मक २२ हरफ | सघन विम्बात्मक, सामाजिक र सरल विम्ब | गद्य शैली -उपमा -उत्प्रेक्षा | तत्सम तत्दभव आगन्तुक भाषिक विचलन नभएको |
| ७. | कुनै पाण्डव आएन | गद्य लय, अन्तर | सघन | गद्य शैली | तत्सम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लयात्मक<br>२२ हरफ | विम्बात्मक, पौराणिक विम्ब तर जटिल | -उपमा<br>-उत्प्रेक्षा | तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| ८. | म बेचिएको छैन | गद्य लय, अन्तर लयात्मक<br>२१ हरफ | सघन विम्बात्मक, सामाजिक तर सरल विम्ब | गद्य शैली<br>-उपमा<br>-उत्प्रेक्षा | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| ९. | पहाडलाई सोध | गद्य लय, अन्तर लयात्मक<br>२५ हरफ | सघन विम्बात्मक, प्राकृतिक विम्ब तर जटिल | गद्य शैली<br>-उपमा<br>-रुपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| १०. | प्रजातन्त्रको अर्थ | गद्य लय, अन्तर लयात्मक<br>२३ हरफ | सघन विम्बात्मक, ऐतिहासिक विम्ब, जटिल विम्ब | गद्य शैली<br>-उपमा | तत्सम<br>तत्दभव<br>आगन्तुक,<br>भाषिक विचलन नभएको |
| ११. | जिन्दगी घाउ | गद्य लय, अन्तर लयात्मक<br>२० हरफ | सघन विम्बात्मक, प्राकृतिक, सामाजिक र ऐतिहासिक विम्ब, जटिल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| १२. | सहिद भनेको देवता हो | गद्य लय, अन्तर लयात्मक<br>३६ हरफ | सघन विम्बात्मक र उद्बोधन, ऐतिहासिक विम्ब,सरल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| १३. | सहिद पुत्र | गद्य लय, अन्तर लयात्मक<br>३५ हरफ | सघन विम्बात्मक र उद्बोधन | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| १४. | मलाई हेर त दुनियाँ | गद्य लय, अन्तर लयात्मक<br>२४ हरफ | सघन विम्बात्मक र उद्बोधन, | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐतिहासिक विम्ब, जटिल विम्ब | | भाषिक विचलन नभएको |
| १५. | सडक पेटीको अद्भूत दृश्य | गद्य लय, अन्तर लयात्मक<br>२२ हरफ | सघन विम्बात्मक र उद्बोधन शैलीको कविता, सामाजिक सरल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक<br>-उत्प्रेक्षा | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| १६. | आवरण पृष्ठको चित्र | गद्य लय, अन्तरलयात्मक<br>२७ हरफ | सघन विम्बात्मक, मानवीय संस्कृति, जटिल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| १७. | आवश्यकता | गद्य लय, अन्तर लयात्मक<br>२२ हरफ | सघन विम्बात्मक, प्राकृतिक र सामाजिक विम्ब, सरल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| १८. | गौंथलीलाई चिठी | गद्य लय, अन्तर लयात्मक<br>५९ हरफको कविता | सघन विम्बात्मक, सामाजिक विम्ब, सरल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| १९. | कविताहरू गर्भ बोक्छन् | गद्य लय, अन्तर लयात्मक<br>४५ हरफ | सघन विम्बात्मक, सामाजिक सरल विम्ब बोकेको यो शीर्षकीय कविता पनि हो | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| २०. | मेसिन-आमा | गद्य लय, अन्तर लयात्मक<br>२७ हरफ | सघन विम्बात्मक, सामाजिक र जटिल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| २१. | कस्ले थुकेछ | गद्य लय, अन्तर | सघन | गद्य शैली | तत्सम |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रजातन्त्रलाई | लयात्मक<br>२६ हरफ | विम्बात्मक, ऐतिहासिक सरल विम्ब | -उपमा<br>-रूपक | तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| २२. | सपनीमा मेरो देश | गद्य लय, अन्तर लयात्मक<br>२६ हरफ | सघन विम्बात्मक, प्राकृतिक सरल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक |
| २३. | बाटो, मान्छे र बटुवा | गद्य लय, अन्तर लयात्मक<br>५७ हरफ | सघन विम्बात्मक, सांस्कृतिक जटिल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| २४. | आऊ नासौं यो पृथ्वीलाई | गद्य लय, अन्तर लयात्मक<br>३० हरफ | सघन विम्बात्मक, प्राकृतिक र ऐतिहासिक जटिल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| २५. | दुई धारमा बगेका नदीहरू | गद्य लय, अन्तर लयात्मक<br>६२ हरफ | सघन विम्बात्मक, पौराणिक र ऐतिहासिक जटिल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| २६. | यो यस्तै भयो | गद्य लय, अन्तर लयात्मक<br>२२ हरफ | सघन विम्बात्मक, सामाजिक र सांस्कृतिक विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| २७. | तिमी र म : मिलनमा- विछोडमा | गद्य लय, अन्तर लयात्मक<br>४१ हरफ | सघन विम्बात्मक, सामाजिक र प्राकृतिक जटिल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| २८. | तिम्रो स्वीकृति | गद्य लय, अन्तर लयात्मक<br>२० हरफ | सघन विम्बात्मक, सामाजिक र सरल विम्ब | गद्य शैली<br>-उपमा<br>-रूपक | तत्सम<br>तत्दभव<br>आगन्तुक<br>भाषिक विचलन नभएको |
| २९ | दुर्गन्धित जीवन | गद्य लय, अन्तर लयात्मक | सघन विम्बात्मक, | गद्य शैली<br>-उपमा | तत्सम<br>तत्दभव |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २२ हरफ | सामाजिक र प्राकृतिक सरल विम्ब | -रूपक | आगन्तुक भाषिक विचलन नभएको |
| ३०. | मरिसकेको जीवन | गद्य लय, अन्तर लयात्मक २५ हरफ | सघन विम्बात्मक, प्राकृतिक र सामाजिक सरल विम्ब | गद्य शैली -उपमा -रूपक | तत्सम तत्दभव आगन्तुक, भाषिक विचलन नभएको |
| ३१. | अमूर्त रोग | गद्य लय, अन्तर लयात्मक २२ हरफ | सघन विम्बात्मक, सामाजिक र सांस्कृतिक विम्ब | गद्य शैली -उपमा -रूपक | तत्सम तत्दभव आगन्तुक भाषिक विचलन नभएको |

यस सङ्ग्रहमा प्राय: सामाजिक विषयवस्तु र सामाजिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक र पौराणिक विम्बहरूको औषत मात्रामा सरल र सघन उपस्थिति गराएर कवितामा कलात्मकता भर्ने काम गरिएको छ जसमध्ये सामाजिक विषयवस्तु र सामाजिक तथा ऐतिहासिक विम्ब भएका कविताहरू नै अधिक बौद्धिक र सुबोध्य प्रकृतिका रहेका छन् यस सङ्ग्रहका अधिकांस कविताहरूमा  गद्य लय, अन्तर लयात्मक तथा विम्बात्मक सामाजिक विम्ब, सरल भाषाशैली, गद्य शैली,उपमा,रूपक तत्सम, तत्दभव, आगन्तुक शब्दहरू पाइन्छन भने भाषिक विचलन भएको पाँइदैन ।

यी कविताहरूले साहित्यकार माधव सयपत्रीलाई लेखन यात्राको पहिलो चरण मै भए पनि निकै माथि उठाएर स्थापित गर्ने काम गरेका छन् । उनका कविताहरू सामाजिक यथार्थको सेरोफेरो र प्रगतिको चाहना स्थापनार्थ रचिने भएकाले प्रयोगवादी कविका जस्ता भाषिक विचलनको प्रयास व्यक्त गरिएको पाइँदैन ।

### ४.४.२ **'उत्सव र मालिकको थाल'** (२०६२)

यो प्रगतिवादी पूर्णाङ्की नाटक हो । यसमा तीन अङ्क र दस दृश्यहरू समावेश गरिएका छन् । जसमा पहिलो अङ्कमा चार दृश्य, दोस्रो अंकमा तीन दृश्य र तेस्रो अंकमा तीन दृश्य गरी जम्मा दस दृश्य रहेका छन् । यो नाटकले समसामयिक नाटकका क्षेत्रमा बाल मनोवैज्ञानिक प्रगतिवादी विचारधारालाई सम्प्रेषण गरेको पाइन्छ । घरायसी बालश्रमिकका रूपमा काम गर्ने बालबालिकाहरूको दुर्दशालाई कलात्मक रूपले नाटकमा चित्रण गर्ने काम गरिएको छ । कथ्य र पात्रीय भाषा प्रयोगका दृष्टिले नाटक सफल रहेको

छ । यस नाटकको प्रकाशन दिनेशराज सत्यालको व्यक्तिगत तवरबाट भएको हो । यस नाटकको संवाद प्रयोगका रूपमा अङ्कीय चिन्ह प्रयोग गरिएको छ । यो प्रयोगधर्मी बालमनोवैज्ञानिक प्रगतिवादी नाटक हो ।

### ४.४.२.१ विषयवस्तु - कथासार

नाटकमा गरिबीको चित्कार धामीझाँक्री माथिको विश्वास, सामाजिक कुसंस्कार, सहरी परिवेशको अमानवीय व्यवहार, नव धनाढ्यहरूको निकृष्ट व्यवहार, उचित परिवेश पाए सडक बालकहरू पनि सप्रन सक्छन् । कुलीनहरू नोकरको प्रगति देख्न नचाहने र सामन्तीहरूले एकदिन हार्नुपर्ने कुरा यो नाटकमा कलापूर्ण ढङ्गले समावेश गरिएको छ ।

यस नाटकको अङ्क एकको प्रथम दृश्यमा गरिबीको पराकाष्टा भोगेका गरिबहरूको कारुणिक चित्कार र साहूहरूको अन्यायको चपेटामा निरञ्जनहरू परेको देखाइएको छ । तीनवटा दृश्यमा विभाजित भएको नाटकको अङ्क दुईमा सहरी परिवेशमा उत्सवले पाएको कष्ट, सामन्ती गाली, पशुत्वको व्यवहारलाई समेटी अध्ययनमा निरन्तरता दिँदै उत्सव दुई पाइला अघि बढेको पाइन्छ । मालिककी छोरी कृतिबाट उत्सवप्रति सदासयको भाषा सर्वसुलभ प्रकृतिमा बोलिएको छ । यसमा जस्तोसुकै प्रतिकूलमा पनि प्रतिभा मर्दैन भन्ने सन्देश दिनका साथै नवधनाढ्यहरूको निकृष्ट व्यवहारबाट बालश्रम शोषणको पर्दाफास गर्न खोजिएको छ । त्यसैगरी तेस्रो अङ्कमा जटिल परिस्थितिमा पनि उत्सवले सडकछाप किशोर बनेर अध्ययन अघि बढाइ अरू बिग्रिएका सडक बालकहरूलाई सपार्न सकिन्छ भन्ने उदाहरण देखाएको छ साथै सहरी विद्यालयको परिवेश र उत्सव एक सफल विद्यालय निरीक्षक भएर आएको र त्यसबाट केसरी मिसमा हीनताबोधको पर्दाले ढाकेको देखिन्छ भने आलिशान महलवालाहरू नोकरको प्रगति भएको देख्न नचाहने कुरा पनि यस दृश्यमा उल्लेख गरिएको छ । अन्तिम दृश्यले उत्सव घर फर्किएको र सबैतिर खुसी छाएको देखाइएको छ र सामन्तीहरूले एकदिन हार्नु पर्छ र समाजमा आर्थिक समानता भएरै छाड्छ भन्ने कुरा देखाउन खोजिएको छ ।

### ४.४.२.२ पात्र विधान

उत्सव र मालिकको थाल पूर्णाङ्की नाटक हो । यस नाटकमा चारजना मुख्य पात्र रहेका छन् जसमध्ये उत्सव मूल पात्र हो । ऊ सकारात्मक चरित्र पनि हो । दयावीर साहू मूल तर खराब पात्र हो । ऊ नाटकको नकारात्मक चरित्र पनि हो । कृति सकारात्मक र केसरी नकारात्मक सहायक पात्रहरू हुन् । अन्य पात्रहरू गौण पात्रहरू हुन् । १६ जना नामोल्लिखित र केही नाम उल्लेख नभएका पात्रहरू पनि रहेका छन् । पात्रीय रूपले नाटक सफल छ ।

पात्र विधानलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| पात्र | मुख्य/सहायक/गौण | लिङ्ग | असल/खरब |
|---|---|---|---|
| उत्सव | मुख्य (नायक) | पुरुष | असल |
| कृति | मुख्य (नायिका) | महिला | असल |
| दयावीर साहू | मुख्य (खलनायक) | पुरुष | खराब |
| केशरी | मुख्य (खलनायिका) | महिला | खराब |
| मास्टर निराजन | सहायक | पुरुष | असल |
| प्याउली | सहायक | महिला | असल |
| रिट्ठे | सहायक | पुरुष | असल |
| भाइ ए | गौण | पुरुष | असल |
| भाइ बि | गौण | पुरुष | असल |
| ओदाने | गौण | पुरुष | असल |
| दानवीर | सहायक | पुरुष | खराब |
| एकजना युवक | गौण | पुरुष | असल |
| छिमेकीहरू | गौण | पुरुष | असल |
| भाइहरू | गौण | पुरुष | असल |
| करुणाकर | गौण | पुरुष | असल |
| उद्घोषक | गौण | पुरुष | असल |
| संयोजक | गौण | पुरुष | असल |
| सभापति | गौण | पुरुष | असल |
| खाते केटाहरू | गौण | पुरुष | असल |
| सहायक शिक्षक | गौण | पुरुष | असल |

यस नाटकमा चारजना मुख्य पात्र रहेका छन् जसमध्ये उत्सव मूल पात्र हो । ऊ सकारात्मक चरित्र पनि हो । दयावीर साहू मूल तर खराब पात्र हो । ऊ नाटकको नकारात्मक चरित्र पनि हो । कृति सकारात्मक र केसरी नकारात्मक सहायक पात्रहरू हुन् । अन्य पात्रहरू गौण पात्रहरू हुन् । १६ जना नामोल्लिखित र केही नाम उल्लेख नभएका पात्रहरू पनि रहेका छन् पात्रहरू अधिकांस पुरुष सहेका छन् भने कृति, केशरी र प्याउली गरी ३ जना पात्र मात्र महिला पात्र रहेका छन ।

### ४.४.२.३ परिवेश

नाकटकमा अर्धशिक्षित सहरी परिवेशको सिर्जना गरी यथार्थता झल्काउने कोसिश गरिएको छ । यस नाटकलाई शोषणको परिवेशमा जीवन्त रूपले चित्रण गर्दै सम्वाद अनुसारका पात्र र पात्रअनुसारको परिवेश मिलाउन खोजिएको छ । नाटकमा विद्यालय, केशरी मिसको घर, कार्यक्रम स्थल र मालिकको घरजस्ता आन्तरिक र वाह्य परिवेशको चित्रण समेत गरिएको छ । नाटकमा सामाजिक र सांस्कृतिक परिवेशको चित्रण गरिनुका साथै सरल विम्बको प्रयोगले नाटकलाई उच्च बनाइएको छ ।

### ४.४.२.४ भाषाशैली

नाटकको ठाउँठाउँमा प्रतीकात्मक भाषाशैलीको प्रयोग गरिएको छ । जसले नाटकलाई सुन्दर र बोधगम्य बनाएको छ । जस्तै : उत्सव : 'दयावीर बा तिमी घृणावीर भइसक्यौ तुरुन्त यहाँबाट जाऊ ।'(पृष्ठ ३६ संबाद नं ३४९) उत्सव : 'मरिसकेकोलाई मार्नु छैन बा ढोका खुल्ला छ ।' (पृष्ठ ३६ संबाद नं ३५१) नाटकमा विम्बात्मक भाषाशैलीको प्रयोग पनि ठाउँठाउँमा भएको छ । जस्तै : दयावीर : 'खबरदार हाम्रो धन नअसुली यो लाश चलाउन पाउँदैनौ । चलायौ भने सबैलाई एउटै खाल्डोमा जाक्नु पर्ला । दयावीरलाई सानो नसम्झ ।' (पृष्ठ, १५ संबाद न १६३) यसरी सरल, सहज र सरस भाषाशैलीको नाटकभरि नै प्रयोग गरिएको पाइन्छ ।

### ४.४.२.५ संवाद

नाटकमा स्वाभाविक संवाद र वाक्य ढाँचा कथावस्तु अनुकूल रहेका छन् । संरचनात्मक हिसाबले यो नाटकलाई सरल सामाजिक नाटक भन्न सकिन्छ । जस्तै : कृतिः 'भाँडा म माझौँला तिमी कफी बनाउन है ।'(पृष्ठ १८ संबाद नं १८०), हेडसर : 'ओहो ! उत्सव बाबु ! म आज अति खुसी भएँ । खैं के भनूँ ! तपाइँ हाम्रो उत्पादन यति प्रगति गरेकोमा ।' (पृष्ठ ३१ संबाद नं २९३),

### ४.४.२.६ उद्देश्य

बालअधिकार स्थापनामा समाजका विभिन्न तह र तप्कामा रहेका व्यक्तिहरूले जोड दिनु पर्छ । कुलीन व्यक्तिहरू गरिबहरूको प्रगति नचाहने स्वभावका हुन्छन् । समयले मानिसलाई परिवर्तन गर्न सक्छ । आजको सामान्य मानिस पनि भोलि पढिलेखी असल र ठूलो हुन सक्छ । पुरातन विचारहरू नत्यागे सामन्तीहरूले एकदिन हार्नुपर्ने र समाजमा आर्थिक समानता भएर छाड्ने कुरालाई नाटकले उद्देश्यका रूपमा राखेको छ ।

यस पूर्णाङ्की नाटकको बारेमा निचोडमा भन्नु पर्दा यो प्रगतिवादी पूर्णाङ्की नाटक हो । यसमा तीन अङ्क र दस दृश्यहरू समावेश गरिएका छन् जसमा पहिलो अङ्कमा चार दृश्य, दोस्रो अंकमा तीन दृश्य र तेस्रो अंकमा तीन दृश्य गरी जम्मा दस दृश्य रहेका छन् । यो नाटकले समसामयिक नाटकका क्षेत्रमा बाल मनोवैज्ञानिक प्रगतिवादी विचारधारालाई सम्प्रेषण गरेको पाइन्छ । घरायसी बालश्रमिकका रूपमा काम गर्ने बालबालिकाहरूको दुर्दशालाई कलात्मक रूपले नाटकमा चित्रण गर्ने काम गरिएको छ । कथ्य र पात्रीय भाषा प्रयोगका दृष्टिले नाटक सफल रहेको छ । त्यसैगरी आजको सामान्य बालक पनि असल र सही शिक्षा पाएर भोलि ठूलो मानिस बन्ने कुरातर्फ पनि नाटकले इङ्गित गरेको छ । नाटक व्यङ्ग्यात्मक मात्र नभएर प्रतीकात्मक र सघन विम्बात्मक पनि छ । पात्र चयन, परिवेश, भाषासिल्प, आरम्भ, उत्कर्ष र अपकर्षको शैली बेजोड देखिन्छ ।

### ४.४.३ **'पालैपालो कथा भनौं'** (२०६४)

यस बाल कथासङ्ग्रमा सातवटा बालकथाहरू समावेश गरिएका छन् । कथाको परिवेश विद्यालयमा प्रत्येक शुक्रबारशुक्रबार अतिरिक्त क्रियाकलापका रूपमा कथा भन्ने गरिएको छ । यी सात वटा शुक्रबारमा फरकफरक किसिमले बाल कथाको संरचना गरी कथाकथनलाई अगाडि बढाइएको छ जसभन्दा अघि कथा कसरी अगाडि बढाउने र कथा वाचनको नियम केकस्तो रूपमा राख्ने भन्ने कुरा 'पालैपालो कथा भनौं' शीर्षकलाई पहिलो पृष्ठमा राखी अनि मात्र कथाहरू अगाडि बढाइएको छ । यसरी सात वटा शुक्रबारमा सामाजिक जनजीवन भित्रका धर्म, संस्कृति, राजनीति, इतिहास, विज्ञान र लोकतान्त्रिक समावेशीतालाई बालमनोविज्ञानको ख्याल गरेर रोचक कथानक र परिवेशको सिर्जना समेत समावेश गरी बालबालिकाको सर्वतोमुखी विकासका लागि रोचक भाषा शैलीमा कथाहरू रचना गरिएका छन् । कथाले विज्ञानका धारणा, नीति, धर्म, समावेशिता र आधुनिक

समाजका विसंगत कुराहरूलाई कथ्यका रूपमा प्रकाश पारेको छ । यो कथासङ्ग्रहका बारेमा बालसाहित्यकार तथा समालोचक प्रमोद प्रधान भन्छन् -'यो बालकथासङ्ग्रह अहिलेसम्म निस्किएका बाल कथासङ्गह मध्येमै नयाँ प्रयोग हो ।' यो कथासङ्ग्रहको प्रकाशन भूँडीपुराण प्रकाशन बागबजारले गरेको हो । यसको पुनर्मुद्रण पनि भएको छ ।

यस बाल कथासंग्रहमा संकलित कथाहरूलाई कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु, भाषाशैली र उद्देश्यका आधारमा निम्नानुसारले विश्लेषण गरिएको छ ।

**४.४.३.१ कथानक**

'पालैपालो कथा भनौं' बाल कथाको संकलन हो । यस कथा सङ्ग्रहमा सातवटा शुक्रबारमा भनिएका सातै वटा कथाहरू रहेका छन् । तल तिनीहरूलाई सामान्य विश्लेषण गरिएको छ ।

पहिलो शुक्रबार- यस कथामा ढेडु र टेडु नामका दुई वटा बाँदरहरू एकापसमा आफ्नो अस्तित्व रक्षाका लागि लडाइँ गरेका र सो लडाइँले जङ्गलको स्वघोषित राजा बाघलाई फाइदा भएको देखाई पहिला र दोस्राको खैलाबैलामा तेस्राको लाभ भन्ने उखानलाई चरितार्थ पारिएको छ । यो कथा शिक्षक पवन सरले पहिलो शुक्रबार भनिदिनु भएको हो । जसको शीर्षक रोज्ने जिम्मा वहाँले विद्यार्थीहरूमा छोड्नु भएको छ । यसमा एकता नै बल हो भन्ने कथानक रहेको छ ।

दोस्रो शुक्रबार- यस कथामा ओजोन तह, बैजनीकिरण र प्रदूषण तीनजना गफ गरिरहेका स्थानमा मानिस पनि थपिएपछि चारजना पात्र भई कथा अघि बढेको छ । यो जुगेश्वरले भनेको कथा हो । यसमा पृथ्वीमा प्रदूषण बढ्नाका कारण र सोको निवारणका उपाय सुझाइएको छ । साथै अघिल्लो शुक्रबार पवन सरले भन्नु भएको कथाको शीर्षक पनि सर्वसम्मति अनुसार 'बाँदर युद्ध' राखिएको छ । यो बालबालिकालाई विज्ञानको धारणा दिने बाल विज्ञान कथा हो ।

तेस्रो शुक्रबार- यस कथाको सुरूआतमा गोला हालेर कथावाचकको छनोट गरिएको छ । यसमा लछुमनले गोला जितेकाले उसैले कथा भनेको छ । कथामा वर्ण र अक्षर संरचनाका लागि स्वरवर्ण र व्यञ्जन वर्णको बराबरी भूमिका हुने कुरालाई भाषिक परिवेश र उदाहरणको साथ लिई रोचक पाराले बताएको छ । यो कथाले बालबालिकामा भाषिक धारणाको विकास गराउछ । कथा वाचनको सुरूमा दोस्रो शुक्रबारको कथा शीर्षक पनि

बहुमतले नै 'ओजोन, वैजनी र प्रदूषण' भनेर पारित गरेको छ । यो शैलीले सहभागितात्मक शिक्षणलाई प्रतिनिधित्व गरेको छ ।

चैथो शुक्रबार- यस कथामा स्वर र व्यञ्जन वर्णको आधारमा पहिलो आउने अक्षरलाई विद्यार्थीको नामसँग मिलाएर पहिलो वर्ण जस्को पर्छ उसैलाई कथा भन्न दिने सुविधाअनुसार आप्पाले राणा शासनमा गेहेन्द्र शमशेरको वैज्ञानिक आविष्कारलाई कथा बनाई भनेको छ । कथामा राणाहरूको एकर्काप्रतिको शंका र षडयन्त्रलाई देखाइएको छ । कथामा वैज्ञानिक आविष्कारको कदर नभएको कुरा उठाइएको छ । देश विकास गर्ने माध्यम भनेकै विज्ञान हो र यसलाई सदुपयोग गर्नु पर्छ भन्ने कुरा कथामा कथानक भएर आएको छ । यो सत्य घटनामा आधारित बाल कथा हो । यसै हप्तामा अघिल्लो हप्ताको कथाको शीर्षक वर्णहरूको झगडा नाम पनि पारित भएको छ ।

पाँचौं शुक्रबार- यस कथामा अन्तिम व्यञ्जन वर्णदेखि अगाडि नाम भएका विद्यार्थी छान्ने क्रममा सबैभन्दा पछाडि नाम गरेकी लक्ष्मीको पालो आएको छ । उसले द्वापरयुगको कृष्णको कथालाई हजुरआमाको मुखबाट सुनेपछि फेरि आफ्नो तबरले पुनर्कथन गरेर चकचके तथा चञ्चले प्रवृत्तिका कृष्णलाई साथीभाइहरू मिलेर सजाय दिएको तथा भगवान् कृष्णले देवकीको गर्भबाट कसरी जन्म लिए र जेलबाहिर गई बाललीला संचालन गरे भन्ने कुरा देखाउँदै कंसबध गरेको कुरा पनि बताइएको छ । यो महाभारतको उपजीव्यता बोकेको पौराणिक बालकथा हो । यसै हप्तामा अघिल्लो हप्ता आप्पाले भनेको कथाको नाम 'हाम्रा प्रथम  वैज्ञानिक गेहेन्द्र' भन्ने शीर्षक पारित गरिएको छ ।

छैटौं शुक्रबार- यस कथामा नीति कथालाई प्रस्तुत गरिएको छ । यो कथाले ध्यान मार्गको कुरालाई बालबालिकाहरूमा संप्रेषण गरेको छ । मन लगाउँर पढ्ने लेख्ने गरेमा बाल बालिकाको भविष्य सप्रन सक्छ भन्ने कुरालाई देखाउँदै पाँचौं शुक्रबार लक्ष्मीद्वारा भनिएको कथाको शीर्षक पनि 'बद्मास किस्ने' राखिएको छ । यो छैटौं हप्ताको कथा अघिल्ला कथाभन्दा भिन्नै स्वाद र शैलीको छ । छोटो र रैखिक ढाँचामा कथिएको यो कथावाचनको पालो पनि शिक्षक पवन सरले गाउँ खाने कथाको प्रश्न सोधेर सही उत्तर दिने विद्यार्थी काँशीनाथलाई भन्न दिनु भएको छ ।

सातौं शुक्रबार- यस कथामा पवन सर आफैंले कथा भन्नु भएको छ । कथाको कथानकले नेपालको माओवादी जनयुद्धलाई प्रतीकात्मक ढङ्गले त्यसबेलाको नेपालको

राजनैतिक स्थितिको चित्रण गर्दै राजा, माओवादी र सात दलको चित्रणमा जङ्गलका विभिन्न जीवजन्तुहरूको प्रतीकात्मक रुपलाई उभ्याएर आन्दोलन सफल भइसकेपछि समावेशी रुपमा संविधान सभाको स्थापना र नेपालको शान्ति प्रक्रियालाई देखाइएको छ । साथै यसै हप्ता अगाडि वाचन गरिएका कथाहरूमध्ये लछुमनले वाचन गरेको वैज्ञानिक धारणाको 'ओजोन, वैजनी र प्रदूषण' शीर्षकको कथालाई विद्यार्थीहरूका बीच भएको गोलाप्रथाको निर्णयलाई आधारमानेर पुरस्कृत गरिएको छ । त्यसैगरी शिक्षक पवन सरलाई उत्कृष्ठ शिक्षक पुरस्कार समेत विद्यालययका प्रअले दिएका छन् । शिक्षणमा नयाँ र परिवर्तित जुक्तिको खाँचो रहेको कुरालाई यो कथाको कथानकले समेत सम्बोधन गरेको छ ।

'पालैपालो कथा भनौं' नेपाली बालकथा साहित्यको क्षेत्रमा नयाँ नौलो अवधारणा सहित आएको सङ्ग्रह हो । यो कथा सङ्ग्रहले नयाँ नौलो प्रयोगका अर्थमा बालबालिकाहरूलाई ज्ञानविज्ञान, धर्मसंस्कृति, कला, भाषासाहित्य, इतिहास, राजनीति र पर्यावरणीय पक्षमा रोचक र सरस तरिकाले शिक्षा दिने जमर्को गरेको छ । जुन आफैंमा सफल पनि रहेको छ । यसले जिम्मेवारी बोध र जातीय एकताको सन्देश पनि दिएको छ । भाषिक रूपमा मात्र नभएर जातीय र सांस्कृतिक रूपमा पनि नेपालमा एकताको खाँचो छ भन्ने कुरा यो बालकथा सङ्ग्रहमा देखाइएको छ । आजका बालबालिका भनेकै भोलिको राष्ट्रका कर्णाधार हुन् त्यसैले आजदेखि नै उनीहरूलाई देशको सबै किसिमको पक्षमा जानकार गराई जिम्मेवरीपूर्वक अगाडि बढाउन सके सबल राष्ट्रनिर्माण हुने कुरा पनि कथा सङ्ग्रह मार्फत आसा व्यक्त भएको छ ।

### ४.४.३.२ चरित्र

'पालैपालो कथा भनौं' कथा नयाँ कथ्य शैलीको बाल कथा भएकाले यस कथा भित्रका सातवटा शुक्रबारका कथा विद्यार्थीहरूलाई विभिन्न प्रकारले छनोट गराई भन्न लगाइएको छ । यसमा पहिलोपटक शिक्षक पवन सर र समापनका अवसरमा पनि पवन सरले कथा वाचन गर्नु भएको छ । बीचमा विद्यार्थीले कथा वाचन गरेकाले लक्ष्मी, जुगेश्वर, सोरेन, आप्पा, नूतन, काँशीनाथ, हरेराम, रतन, पेम्बा, एकवाल, पुनाचा, पूर्णसिँ र रगमानजस्ता पात्रहरू आएका छन् । यी पात्रहरूलाई हिमाल, पहाड र तराई सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी चयन गरिएको छ । यसले समावेशीताको अवधारणालाई समेत उजागर गर्दछ । यो कथाको नयाँ प्रयोग पक्षमध्ये चरित्र पक्ष पनि एक हो ।

### ४.४.३.३ परिवेश

यो कथा सङ्ग्रहभित्र आएका कथाहरू सातवटा कथाहरूमा भिन्नाभिन्नै परिवेशको चित्रण गरिएको छ । कथा भित्रका परिवेश कथाले नै निर्माण गरेका छन् भने समग्र कथावाचनको परिवेशचाहिँ विद्यालयको चौरमा रहेको पीपलको रूखलाई बनाइएको छ । यो कथा सङ्ग्रहभित्र आएका भाषिक, व्याकरिणक, वैज्ञानिक, सांस्कृतिक, धार्मिक, राजनीतिक र शैक्षिक परिवेशलाई शिलशिला मिलाएर कथामा जोड्न सक्नु कथाकारको खुबी हो । कथाकारले उन्नु भएको कल्पनाको मालामा बढो सुन्दर ढङ्गले परिवेश चित्रण गरिएको छ ।

### ४.४.३.४ दृष्टिविन्दु

कथामा विभिन्न विद्यार्थीहरूको नामै तोकेर राखिएकाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यहाँ आएका पात्रहरूमा सबै पात्रहरूको सामूहिक भूमिकालाई उत्तिकै मह□व दिइएको छ । पवन सर नामक पात्र शूत्रधारका रूपमा आएका छन् भने बाँकी सबै विद्यार्थीहरू समान भूमिकामा रहेका छन् । त्यसैले पनि यहाँ तृतीय पुरुष दृष्टिविन्दु आकर्षित भएको छ । जुन सफल पनि रहेको छ ।

### ४.४.३.५ भाषाशैली

कथा सङग्रहमा संकलित कथाहरू जुन भावभूमिका र विषयवस्तुका रहेका छन् । त्यहाँ सोही रूपको भाषाको प्रयोग र कथावाचन शैलीमा कथा अगाडि बढेकाले बालबालिकाको मनोभाषालाई ख्याल गरिएको छ । साथै यो कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूलाई मध्यनजर गरेर लेखिएको कथा भएकाले बालबालिकाहरूले सजिलै बुझ्न सक्ने भाषाको प्रयोग गरिएको छ । जुन सरल, सहज र बालमनोविज्ञान केन्द्रित समेत छ । बालबालिकालाई उपयुक्त हुने खालका शब्दहरूको चयन गरिएको छ जसमा तत्मस, तत्भव र आगन्तुक साथै नेपाली मौलिक झर्रा शब्दहरूको बाहुल्यता रहेको पाइन्छ । यसैगरी विम्ब र प्रतीकका रूपमा पनि ‘कृष्ण’ लाई चकचके र चञ्चले साथै ‘जङ्गलको राजा बाघ’ भनेर तात्कालीन अवस्थाका सक्रिय राजतन्त्रका पक्षधर राजालाई लिइएको छ । यसरी प्रतीक प्रयोगका अर्थमा कथामा प्रयोग गरिएका प्रतीकहरू केही जटिल भने रहेका छन् । वाक्यढाँचाका सन्दर्भमा भन्नु पर्दा यो कथाले कक्षा ६ देखि १० सम्मका बालबालिकालाई लक्षित गरेकाले सरल वाक्य कै आधिक्यता राखेको छ । जुन सफल पनि रहेको पाइन्छ ।

### ४.४.३.६ उद्देश्य

सातवटा बालकथाहरू समावेश गरिएको यो सङ्ग्रहमा विद्यालयमा प्रत्येक शुक्रबार शुक्रबार अतिरिक्त क्रियाकलापका रूपमा कथा भन्ने गरिएको छ । सातवटा शुक्रबारमा फरकफरक किसिमले बाल कथाको संरचना गरी कथाकथनलाई अगाडि बढाइएको छ जसभन्दा अघि कथा कसरी अगाडि बढाउने र कथा वाचनको नियम केकस्तो रूपमा राख्ने भन्ने कुरा 'पालैपालो कथा भनौं' शीर्षक पहिलो पृष्ठमा राखी अनि मात्र कथाहरू अगाडि बढाइएको छ । यसरी सातवटा शुक्रबारमा सामाजिक जनजीवन भित्रका धर्म, संस्कृति, राजनीति, इतिहास, विज्ञान र लोकतान्त्रिक समावेशीतालाई बालमनोविज्ञानको ख्याल गरेर रोचक कथानक र परिवेशको सिर्जना समेत समावेश गरी बालबालिकाको सर्वतोमुखी विकासका लागि रोचक भाषा शैलीमा कथाहरू रचना गरिएका छन् । कथाले शीर्षक रोज्न सक्ने छुट विद्यार्थीहरूलाई दिई उनीहरूमा जिम्मेवारी बोधको आसा समेत गरेको छ । कथाले विज्ञानका धारणा, नीति, धर्म, सामाजिक शान्ति, समावेशिता र आधुनिक समाजका विसंगत कुराहरूलाई कथ्यका रूपमा प्रकाश पारेको छ । त्यसैगरी कथानुकूलका शब्दहरूको चयन केही तत्सम, केही तत्भव र अरू आगन्तुक तथा झर्रा शैलीका बालोपयोगी शब्द छनोट गरिएको छ । यस कथा सङ्ग्रहले बालबालिकाहरूलाई केन्द्रमा राखी विद्यार्थी केन्द्रित शिक्षण नै आजको आवश्यकता हो भन्ने कुरा कथ्यका रूपमा अगाडि सारेको छ । जुन नेपाली बाल कथा साहित्यको इतिहास मै पनि नौलो प्रवृत्तिको रहेको छ ।

### ४.४.४ **'सत्ता-कवच'** (२०६५)

यो समसामयिक विषयवस्तुलाई कुनै धार्मिक रूपमा, कुनै युद्धका रूपमा र कुनै विकृति र विसंगतिका रूपमा चित्रण गरेर बहुविध विषयवस्तुलाई कथ्यका रूपमा प्रस्तुत गरिएको आधुनिक कथासङ्ग्रह हो । यसमा २५ वटा विविध विषयका कथाहरू समावेश गरिएका छन् । मध्यम आयामका कथाहरूले पाठकलाई रहस्यको उपल्लो चुलीमा पुऱ्याएर गम्भीर बनाउँदछन् । कथाकार सयपत्रीको कथाकारितालाई यसै सङ्ग्रहका कथाहरूले चिनारी दिलाएका हुन् । कथाकार सयपत्री प्रगतिवादी र आधुनिक सामाजिक कथाकारका रूपमा यसै कृतिबाट नेपाली साहित्यको साठीको दसकमा उभिन पुगेका कथाकार हुन् । 'सत्ता-कवच' कथाले नेपाली साहित्यको साठीको दसकका नेपाली राजनीति, धार्मिक र सामाजिक एवं पूर्वीय सनातन धर्मको धार्मिक उपजीव्यतालाई आधुनिक विचार र समाजपरक दृष्टिकोणले विश्लेषण गर्दै नेपाली समाजसापेक्ष कथा चयनका कथानकहरूमा कथा रच्ने परम्परालाई आफ्नो तर्फबाट अगाडि बढाइएको छ । यो नेपाली साहित्यमा

मोफसलमा रही साहित्य साधना गर्ने साहित्यकारको अब्बल कृति हो भने यसको प्रकाशन भूँडीपुराण प्रकाशन, बागबजार, काठमाडौँले गरेको हो ।

यस कथा सङ्ग्रहमा समावेश गरिएका पच्चीस वटा कथाहरूलाई कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषाशैली र दृष्टिविन्दु लगायतका कथातत्वका आधारमा निम्नानुसारले विश्लेषण गरिएको छ ।

### ४.४.४.१ कथानक

'सत्ता-कवच' कथा प्रगतिवादी र सामाजिक कथा सङ्ग्रह हो । यहाँ समावेश कथाहरूले नेपाली समाजका समसामयिक विविध समस्याहरूमा आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । यस संग्रहमा संकलित कथाहरूमा प्राय:जसो रैखिक ढाँचाका कथाहरू नै राखिएका छन् । जसको कथानकका दृष्टिले निम्नानुसारमा विश्लेषण गरिन्छ ।

| क्र. सं. | कथा शीर्षक | कथानक |
|---|---|---|
| १ | हत्यारा कविताहरू | यस कथामा अस्पतालमा बसेका बिरामी कुरुवाबिच भएको सम्बन्धलाई प्रेमका रूपमा विकसित भएको देखाइएको छ । |
| २ | मेरो छोरा र हिविस्कस | यस कथामा जीवनलाई फूलजस्तो कोमलरूपमा प्रस्तुत गरिएको छ । |
| ३ | शीलान्यास-रक्सीको | यस कथामा हुलाकका हाकिम रक्सीले मातेर बिग्रिँदै आत्महत्या सम्म गरेको कुरालाई देखाइएको छ । |
| ४ | चिसो अँगालो | यस कथामा श्रीमती सँगको बेमेलका कारण परिवारमा विग्रह, वेश्यावृत्तिले गर्दा म पात्र बिग्रिएको र घर परिवार नै विग्रहमा परेको देखाइएको छ । |
| ५ | एक रातको सपना | यस कथामा म पात्रमा भएको मनोकथा, पृथ्वी नष्ट गर्ने दुष्प्रयासजस्ता राक्षसी प्रवृत्तिलाई मनोरम पूर्ण तरिकाले देखाइएको छ । |
| ६ | पर्दा नखुलेपछि | यस कथामा आफ्नै पुरानो मित्र नचिन्दा उसैलाई भारी बोकाएको घटनालाई कौतुहलपूर्ण ढंगले देखाइएको छ । |
| ७ | राक्षस दरबार | यस कथामा देव शमशेरलाई राणाको दरबारबाट हटाउँदा वितृष्णा भएको साथै उनलाई हेपिएको कुरा रोचकतापूर्वक |

| | | |
|---|---|---|
| | | चित्रण गरिएको छ । |
| ८ | धिक्कार पत्रकारिता | यस कथामा पश्चिम बंगालमा पत्रकारिता गर्ने महिलाहरूको दुखान्त कथालाई कारुणिक ढंगले सशक्त रूपमा देखाइएको छ । |
| ९ | चतुरे कान्छो | यस कथामा होटल मजदुर बालकको दुखान्त कथा र बाल श्रमिकको दुर्दान्त अवस्थालाई मार्मिक चित्रण गरिएको छ । |
| १० | हर्क बहादुर माड्साब | यस कथामा हर्क बहादुर माड्साबको अप्रत्यासित मृत्यु र उनको मृत्युले शुभेच्छुकमा ल्याएको रिक्ततालाई मार्मिक रूपले प्रस्तुत गरिएको छ । |
| ११ | तीजको जात्रा | यस कथामा लोग्ने र सासूको दमनमा परेकी महिलाको दारूणिक स्थितिलाई प्रष्ट पारिएको छ । |
| १२ | बुढयौली | यस कथामा बूढेशकालको दर्दनाक चित्रण गर्दै मानिस बुढेशकालमा सर्वथा एक्लो हुने अवस्था देखाइएको छ । |
| १३ | जे देखेँ मनकामनामा | यस कथामा मनकामना यात्रामा देखेका दृश्य परिदृश्यलाई चित्रण गर्दै मानिसले देवता खुसी पार्ने नाममा पशुप्रति गरेको अन्यायलाई देखाइएको छ । |
| १४ | अभिमन्यु-अन्त्य | यस कथामा महाभारत द्रोण पर्वको डिस्कोर्स, अभिमन्युको मृत्युको घटना र महाभारतका सूक्ष्म घटनाहरूलाई केलाउने काम गरिएको छ । |
| १५ | सत्ता-कवच | यो कथा यस सङ्ग्रह कै शीर्षकीय कथा हो । यस कथामा धर्मसत्तालाई ज्यादै खतरा सत्ताका रूपमा लिइएको छ । |
| १६ | आदेश-त्रासदी | यस कथामा इराकमा अमेरिकी हस्तक्षेपको कथा र त्यहाँ भएको मानवताको संहारलाई देखाइएको छ । |
| १७ | नारी-सत्ता | यस कथामा नारीको मनोकथाका सन्दर्भमा नारीले सत्ता चलाउन सक्छे भन्ने महिलाको जिकीर प्रस्तुत गर्दै महिलाको अधिकार र शक्तिलाई देखाइएको छ । |
| १८ | भोलिका मान्छे | यस कथामा खसी काट्दा बाल मनमा परेको असर, कसैले छोरीको बा, हजुरबा मारेको खसीको मासु र मान्छेको मासु |

| | | |
|---|---|---|
| | | एकै देखेको देखाउँदै मानवताको रक्षा हुनु पर्ने कुरा चित्रण गरिएको छ । |
| १९ | मालिकको थाल | यस कथामा घरायसी बालमजदुरको दुःखलाई कारुणिक रूपले चित्रण गरिएको छ । |
| २० | हराएको उसको आकृति | यस कथामा आफैँ हराएको अनुभूतिजन्य मनोकथालाई प्रस्तुत गरिएको छ । |
| २१ | हराएको मान्छे भेटिँदा | यस कथामा प्रेमी प्रेमिकाको कथा, पूर्व मित्रको स्मृति र समाजको सापेक्षतामा प्रेमको दर्शनलाई देखाइएको छ । |
| २२ | बोरा बन्धकी | यस कथामा बाल मजदुरको दुर्दान्त अवस्थाको चित्रण गर्दै बालबालिकाका लागि भनाइ र गराइमा सामिप्यता आउन नसकेको कुरा रोचक पाराले देखाइएको छ । |
| २३ | ....घुम्ती र मोड काट्दा | यस कथामा एउटा ड्राइभरले द्वन्द्व कालमा राजमार्गमा गाडी कुदाउँदा भएको सामान्य दुर्घटनालाई पनि आम राजनीतिक व्यक्तिहरूले कसरी राजनीतिको रङ लगाउँदछन् भन्ने कुरा देखाइएको छ । |
| २४ | सुमिराको खुसी | यस कथामा आफ्नो खुट्टामा उभिने नारी मनोभावनालाई कलात्मक रूपले प्रस्तुत गरिएको छ । |
| २५ | रत्यौलीको रातो रङ | यस कथामा द्वन्द्वमा लोग्ने गुमाएकी किशोरीको दुखान्त अवस्थालाई चित्रण गर्दै लोग्ने तत्वको आवश्यकता कस्तो हुन्छ भन्ने कुरालाई मार्मिक रूपमा चित्रण गरिएको छ । |

'सत्ता-कवच' कथा सङ्ग्रहले नेपाली साहित्यको साठीको दसकका नेपाली राजनीति, धार्मिक र सामाजिक एवं पूर्वीय सनातन धर्मको धार्मिक उपजीव्यतालाई आधुनिक विचार र समाजपरक दृष्टिकोणले विश्लेषण गर्दै नेपाली समाजसापेक्ष कथा चयनका कथानकहरूमा कथा रच्ने परम्परालाई आफ्नो तर्फबाट अगाडि बढाइएको छ । यसमा समसामयिक विषयवस्तुमा आधारित भई नेपाली र केही छिमेकी राष्ट्रको परिवेशलाई भावभूमि मान्दै रचना भएका पच्चीस वटा कथाहरू समाबेस गरिएको छ । यो मध्यम आकारको कथा भएको सङ्ग्रह हो । यहाँ समाजका विविध रङ र तिनीहरूको विविध पाटालाई उजिल्याउने काम भएको छ । यहाँ समावेश भएका कथामध्ये कुनै धार्मिक रूपमा, कुनै युद्धका रूपमा र

कुनै विकृति र विसंगतिका रूपमा बहुविध चित्रण गरेर अनेक विषयवस्तुलाई कथ्यका रूपमा प्रस्तुत गरिएको छ । मध्यम आयामका कथाहरूले पाठकलाई रहस्यको उपल्लो चुलीमा पुऱ्याएर गम्भीर बनाउँदछन् । कथाकार सयपत्रीको कथाकारितालाई यसै सङ्ग्रहका कथाहरूले चिनारी दिलाएका हुन् । यस कथाले नेपाली साहित्यको साठीको दसकका नेपाली राजनीति, धार्मिक र सामाजिक एवं पूर्वीय सनातन धर्मको धार्मिक उपजीव्यतालाई आधुनिक विचार र समाजपरक दृष्टिकोणले विश्लेषण गर्दै नेपाली समाजसापेक्ष कथा चयनका कथानकहरूमा कथा रच्ने परम्परालाई आफ्नो तर्फबाट अगाडि बढाइएको छ ।

### ४.४.४.२ चरित्र

यहाँ समावेश भएका पच्चीस वटा विविध विषयवस्तुका कथाहरूमा विभिन्न खालका विशेषता बोकका चरित्रहरू उभ्याइएको छ । जसको कथाक्रम अनुसार निम्नरूपले विश्लेषण गरिएको छ ।

| क्र. सं. | कथा शीर्षक | चरित्र |
|---|---|---|
| १ | हत्यारा कविताहरू | म, उनी, नर्स र भाउजू |
| २ | मेरो छोरा र हिविस्कस | खड्गबहादुर मितबा, छोरो, ढेडु बाँदर र मानवेतर प्रतीक फूल र कर्नाल |
| ३ | शीलान्यास-रक्सीको | लम्साल हाकिम साहेब, श्रीमती, छोराछोरी, होटलवाला र पियन |
| ४ | चिसो अँगालो | म, श्रीमती सुशीला र डाक्टर |
| ५ | एक रातको सपना | म, हिटलर, गान्धी, बुद्ध, रुसो, अरस्तु र इदिअमिन |
| ६ | पर्दा नखुलेपछि | कमल बहादुर र मालिक |
| ७ | राक्षस दरबार | देव शमशेर, महारानी र मोतीराम भट्ट |
| ८ | धिक्कार पत्रकारिता | सरिना, युद्ध कमाण्डर र प्रशासक प्रद्युम्न |
| ९ | चतुरे कान्छो | चतुरे र जुवाडे |
| १० | हर्क बहादुर माड्साब | हर्क बहादुर माड्साब, गाउँलेहरू |
| ११ | तीजको जात्रा | बिन्दे, लोग्ने, सासू, गाउँले दाइ र गाउँले भाउजू |
| १२ | बुढयौली | म र वीरमान, |
| १३ | जे देखेँ मनकामनामा | म, गरिब युवक, जोगी, बाँदर र पुजारी |

| | | |
|---|---|---|
| १४ | अभिमन्यु-अन्त्य | अभिमन्यु, द्रोण, कृष्ण, युयुत्सु र अर्जुन |
| १५ | सत्ता-कवच | युवक, पण्डित र ह्यारिसन |
| १६ | आदेश-त्रासदी | मेरिना र सिपाही |
| १७ | नारी-सत्ता | म र महिला पात्रहरू |
| १८ | भोलिका मान्छे | छोरी, बा, हजुरबा, खसी काट्ने गाउँले र आमा |
| १९ | मालिकको थाल | उत्सुक, प्रकृति र मालिक |
| २० | हराएको उसको आकृति | म, ऊ र प्रेमिका |
| २१ | हराएको मान्छे भेटिँदा | म र हकर (साथी) |
| २२ | बोरा बन्धकी | रतन, ऊ र साहू |
| २३ | ....घुम्ती र मोड काट्दा | प्रेमबहादुर (ड्राइभर), खलाँसी र केही हुलदङ्गे मान्छे |
| २४ | सुमिराको खुसी | सुमिरा, सुलोचना र लोग्ने |
| २५ | रत्यौलीको रातो रङ | निर्मला, गाउँले आइमाई, भाइ, सिपाही र अधिकृत |

यस कथा सङ्ग्रहमा कथावस्तु अनुसारका चरित्रहरू राखिएको छ । यसमा उल्लेखित पच्चीसवटा कथामा छुट्टा छुट्टै चरित्र (पात्र) हरू रहेका छन । सामान्य पाठकले पनि सहजै बुझ्न सक्ने खालका चरित्रहरू यस सङ्ग्रहमा पाइन्छ । उनीहरूको विशेषता पनि फरक फरक रहेको छ ।

### ४.४.४.३ परिवेश

यहाँ समावेश भएका पच्चीस वटा विविध विषयवस्तुका कथाहरूका भिन्नभिन्न खालका विशेषता बोकका रमणीय र कारुणिक परिवेशहरू उभ्याइएका छन् । जसको कथाक्रम अनुसार निम्नरूपले विश्लेषण गरिएको छ ।

| क्र. सं. | कथा शीर्षक | परिवेश |
|---|---|---|
| १ | हत्यारा कविताहरू | सहरी अस्पतालको परिवेश |
| २ | मेरो छोरा र हिविस्कस | ग्रामीण अशिक्षित परिवेश |
| ३ | शीलान्यास-रक्सीको | अर्ध शिक्षित ग्रामीण परिवेश |
| ४ | चिसो अँगालो | अर्ध शिक्षित सहरी परिवेश |
| ५ | एक रातको सपना | अशिक्षित ग्रामीण परिवेश |
| ६ | पर्दा नखुलेपछि | सहरी अशिक्षित परिवेश |

| | | |
|---|---|---|
| ७ | राक्षस दरबार | राणकालीन सहरी दरबारीया परिवेश |
| ८ | धिक्कार पत्रकारिता | पश्चिम बंगालको जंगली परिवेश र युद्धका घटनाहरू |
| ९ | चतुरे कान्छो | सहरी अर्ध शिक्षित परिवेश |
| १० | हर्क बहादुर माड्साब | ग्रामीण परिवेश |
| ११ | तीजको जात्रा | ग्रामीण अशिक्षित परिवेश |
| १२ | बुढयौली | गाउँले परिवेश |
| १३ | जे देखें मनकामनामा | मनकामनाको यात्रा र मन्दिर परिवेश |
| १४ | अभिमन्यु-अन्त्य | महाभारतकालीन समयको चित्रण |
| १५ | सत्ता-कवच | महाभारत र देवी भागवत्लाई पुनर्लेखन गर्दै नयाँ परिवेशको व्याख्या |
| १६ | आदेश-त्रासदी | अमेरिका र इराक युद्धको परिवेश |
| १७ | नारी-सत्ता | सहरी परिवेश |
| १८ | भोलिका मान्छे | गाउँले परिवेश र पशुहिँसा गर्ने समाज |
| १९ | मालिकको थाल | घर, परिवार, गाउँले समाज |
| २० | हराएको उसको आकृति | सहरी परिवेश |
| २१ | हराएको मान्छे भेटिँदा | सहरी परिवेश |
| २२ | बोरा बन्धकी | सहरी परिवेश |
| २३ | ....घुम्ती र मोड काट्दा | अरनिको राजमार्गको यात्राको परिवेश |
| २४ | सुमिराको खुसी | सहरी परिवेश र नारीको शिक्षित बन्ने चाहना |
| २५ | रत्यौलीको रातो रङ | द्वन्द्वकालीन नेपाली सामाजिक परिवेश |

यस सङ्ग्रह मा रहेका पच्चीस बटा कथाहरू मध्ये अधिकांस कथाहरूको परिबेस गाउँले र सहरी रहेको पाइन्छ । तर केहि भने द्वन्द्वकालीन नेपाली सामाजिक परिवेश, अरनिको राजमार्गको यात्राको परिवेश, महाभारतकालीन समयको परिवेस र अर्ध शिक्षित ग्रामीण परिवेश पनि पाइन्छ । समग्रमा भने यसमा गाउँले र सहरी परिवेस नै रहेको पाइन्छ ।

### ४.४.४. उद्देश्य

'सत्ता-कवच' कथा सङ्ग्रहमा समावेश भएका पच्चीस वटा विविध विषयवस्तुका कथाहरूका भिन्नभिन्न खालका कथानकमा भिन्न खाले सन्देश बोकेका रमणीय र कारुणिक कथ्यहरू समावेश भएका कथाहरू पाइन्छन् । यी कथाहरूमा जीवनमा सबै प्रकारका रङहरूलाई देखाउने प्रयास भएको छ । जसको कथाक्रमअनुसार निम्नरूपले उद्देश्य पक्षको विश्लेषण गरिएको छ ।

| क. सं. | कथा शीर्षक | उद्देश्य |
|---|---|---|
| १ | हत्यारा कविताहरू | कविता प्रेमको नयाँ माध्यम हुन सक्छ भन्ने सन्देश |
| २ | मेरो छोरा र हिविस्कस | जीवन क्षणिक छ, छुवाछुत हुनु हुँदैन भन्ने सन्देश |
| ३ | शीलान्यास-रक्सीको | ठूलो पदका मानिसले अधिक रक्सी खाँदा प्रशासनिक क्षति हुन्छ भन्ने सन्देश |
| ४ | चिसो अँगालो | लापर्वाहीको परिणाम राम्रो हुँदैन भन्ने सन्देश |
| ५ | एक रातको सपना | विज्ञानले विनाश गर्छ भन्ने सन्देश |
| ६ | पर्दा नखुलेपछि | मित्रताको महत्व हुन्छ भन्ने सन्देश |
| ७ | राक्षस दरबार | निरङ्कुश शासन टिकिरहँदैन भन्ने सन्देश |
| ८ | धिक्कार पत्रकारिता | स्वच्छ/निष्पक्ष पत्रकारितालाई सँधै पछाडि पारिन्छ भन्ने सन्देश |
| ९ | चतुरे कान्छो | सहिदको उपहास गरिने नेपालको संस्कार छ भन्ने सन्देश |
| १० | हर्क बहादुर माड्साब | राम्रो, असल व्यक्तिको निधनले गाउँलाई नै शोकाकूल बनाउँछ भन्ने सन्देश |
| ११ | तीजको जात्रा | मानवीय दमनमा राख्दा मनोवैज्ञानिक असर पर्छ भन्ने सन्देश |
| १२ | बुढयौली | बुढेशकालमा मानिस असहाय र एक्लो हुन्छ भन्ने सन्देश |
| १३ | जे देखेँ मनकामनामा | धर्मको नाममा बली दिनु उचित होइन भन्ने सन्देश |
| १४ | अभिमन्यु-अन्त्य | कसैलाई चक्रव्युहरूपि फन्दामा फँसाउनु हुँदैन भन्ने सन्देश |
| १५ | सत्ता-कवच | धर्मले सबैको कल्याण गर्नु पर्छ भन्ने सन्देश |
| १६ | आदेश-त्रासदी | हतारमा निर्णय गर्दा पछुताउनु पर्छ भन्ने सन्देश |

| | | |
|---|---|---|
| १७ | नारी-सत्ता | नारीलाई हेप्नु हुँदैन भन्ने सन्देश |
| १८ | भोलिका मान्छे | हत्याले बाल मनमा नराम्रो असर पुऱ्याउँछ भन्ने सन्देश |
| १९ | मालिकको थाल | मानिस सबै बराबर हुन् भन्ने सन्देश |
| २० | हराएको उसको आकृति | रक्सी पिउँदाको पारिवारिक असर नराम्रो हुन्छ भन्ने सन्देश |
| २१ | हराएको मान्छे भेटिँदा | साथी भुल्दा अलमल परिने भन्ने सन्देश |
| २२ | बोरा बन्धकी | गरिब जहाँ पनि निरीह हुन्छ भन्ने सन्देश |
| २३ | ....घुम्ती र मोड काट्दा | श्रमको पुजारीलाई सँधै अफ्ठ्यारोमा पारिन्छ भन्ने सन्देश |
| २४ | सुमिराको खुसी | आफ्नै खुट्टामा उभिने नारीको मनोभावनालाई पूरा गर्नु पर्छ भन्ने सन्देश |
| २५ | रत्यौलीको रातो रङ | द्वन्द्वमा निर्दोश मान्छे मारिन्छ भन्ने सन्देश |

यस कथा संङ्ग्रह का पच्चीसवटै कथाका  फरक फरक उद्देश्य रहेका छन । कुनै कथामा जीवन क्षणिक छ, छुवाछुत हुनु हुँदैन भन्ने सन्देश रहेको छ भने कुनैमा  जीवन क्षणिक छ, छुवाछुत हुनु हुँदैन , ठूलो पदका मानिसले अधिक रक्सी खाँदा प्रशासनिक क्षति हुन्छ  , स्वच्छ/निष्पक्ष पत्रकारितालाई सँधै पछाडि पारिन्छ भन्ने जस्ता सन्देश हरू यस कथा सङ्ग्रहमा पाइन्छ । जुन जुन कथामा जे जस्तोसुकै उद्देश्य भएपनि सामाजिक अन्धविश्वास र यथार्थतालाई परिबर्तन गर्नु पर्छ भन्ने उद्देश्य सबै कथाहरूले राखेका छन् । नेपाली साहित्यको साठीको दसकका नेपाली राजनीति, धार्मिक र सामाजिक एवं पूर्वीय सनातन धर्मको धार्मिक उपजीव्यतालाई आधुनिक विचार र समाजपरक दृष्टिकोणले विश्लेषण गर्दै नेपाली समाजसापेक्ष कथा चयनका कथानकहरूमा कथा रच्ने परम्परालाई आफ्नो तर्फबाट अगाडि बढाइएको यस कथा संङ्हमा पाइन्छ ।

### ४.४.४.५ भाषाशैली

आधुनिक विषयवस्तुमा लेखिएको 'सत्ता-कवच' कथा सङ्ग्रहमा समावेश भएका पच्चीस वटा विविध विषयवस्तुका कथाहरूका भिन्नभिन्न खालका कथानकमा मिल्ने खालका भिन्न खाले भाषाशैली, विम्बप्रतीक र वाक्यगठन पाइन्छन् । यहाँ तिनै संकलित आधुनिक

कथाहरूबाट पृथकपृथक खालको भाषाशैलीलाई देखाउने प्रयास भएको छ । जसको कथाक्रमअनुसार निम्नरूपले भाषाशैलीगत रूपमा विश्लेषण गरिएको छ ।

| क्र. सं. | कथा शीर्षक | भाषाशैली |
|---|---|---|
| १ | हत्यारा कविताहरू | विम्ब प्रतीकमा विविधता, छोटा/कलात्मक वाक्य र विम्बमा सजगता |
| २ | मेरो छोरा र हिविस्कस | विम्ब प्रतीकमा सजगता, पुराना संस्कृतिको बोध आगन्तुक शब्दमा हिन्दी र अंग्रेजी शब्दको बाहुल्यता |
| ३ | शीलान्यास-रक्सीको | विम्ब प्रतीकमा सजगता, छोटा/कलात्मक वाक्य |
| ४ | चिसो अँगालो | विम्ब प्रतीकमा सजगता, छोटा/कलात्मक वाक्य |
| ५ | एक रातको सपना | विम्ब प्रतीकमा विविधता, छोटा/कलात्मक वाक्य |
| ६ | पर्दा नखुलेपछि | विम्ब प्रतीकमा विविधता, छोटा/कलात्मक वाक्य |
| ७ | राक्षस दरबार | विम्ब प्रतीकमा विविधता र तत्मस शब्दको बाहुल्यता |
| ८ | धिक्कार पत्रकारिता | विम्ब प्रतीकमा विविधता, आगन्तुक शब्दमा हिन्दी र अंग्रेजी शब्दको बाहुल्यता |
| ९ | चतुरे कान्छो | विम्ब प्रतीकमा विविधता, छोटा/कलात्मक वाक्य |
| १० | हर्क बहादुर माड्साब | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक |
| ११ | तीजको जात्रा | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक र तत्मस शब्दको बाहुल्यता, छोटा/कलात्मक वाक्य |
| १२ | बुढयौली | विम्ब प्रतीकमा विविधता, छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| १३ | जे देखेँ मनकामनामा | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक , छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| १४ | अभिमन्यु-अन्त्य | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक , छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| १५ | सत्ता-कवच | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक र तत्मस शब्दको बाहुल्यता |
| १६ | आदेश-त्रासदी | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक र तत्मस शब्दको बाहुल्यता |

| | | |
|---|---|---|
| १७ | नारी-सत्ता | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक र तत्मस शब्दको बाहुल्यता |
| १८ | भोलिका मान्छे | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक , छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| १९ | मालिकको थाल | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक, छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| २० | हराएको उसको आकृति | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक , छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| २१ | हराएको मान्छे भेटिँदा | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक, छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| २२ | बोरा बन्धकी | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक , छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| २३ | ....घुम्ती र मोड काट्दा | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक , छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| २४ | सुमिराको खुसी | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक , छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |
| २५ | रत्यौलीको रातो रङ | विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक, छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग |

यस कथा सङ्ग्रहमा समावेश भएका पच्चीस वटा कथाहरूमा फरक फरक भाषा शैली पाइन्छ । जस मध्ये  अधिकांस मा भने विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक , छोटा/कलात्मक वाक्य, तत्भव शब्दको प्रयोग भएको पाइन्छ भने केहीमा विम्ब प्रतीकमा विविधता, घटना वर्णनात्मक र तत्मस शब्दको बाहुल्यता पाइन्छ यसरी कथा नै पिच्छे केहि फरक फरक भाषा शैली पाइएपनि उनका सबै कथाहरूमा सरल र सरस भाषाहरू नै बढी प्रयोग भएको पाइन्छ

### ४.४.४.६ दृष्टिविन्दु

यहाँ समावेश भएका पच्चीस वटा विविध विषयवस्तुका कथाहरूमा भिन्नभिन्न खालका दृष्टिविन्दुको प्रयोग भएको छ ।  जस अन्तर्गत हत्यारा कविताहरू, चिसो अँगालो एक रातको सपना, बुढयौली, जे देखेँ मनकामनामा, नारी-सत्ता, हराएको उसको आकृति,

हराएको मान्छे भेटिँदा भन्ने शीर्षकका कथाहरूमा प्रथम पुरुष प्रयोग भएका छन भने अन्य बाँकि कथाहरूमा तृतिय पुरुष दृष्टिविन्दु प्रयोग भएको पाइन्छ ।

'सत्ता-कवच' समसामयिक विषयवस्तुमा आधारित भई नेपाली र केही छिमेकी राष्ट्रको परिवेशलाई भावभूमि मान्दै रचना भएका पच्चीस वटा कथाको सङ्ग्रह हो । यो मध्यम आकारको कथा भएको सङ्ग्रह समेत हो । यहाँ समाजका विविध रङ र तिनीहरूको विविध पाटालाई उजिल्याउने काम भएको छ । यहाँ समावेश भएका कथामध्ये कुनै धार्मिक रूपमा, कुनै युद्धका रूपमा र कुनै विकृति र विसंगतिका रूपमा बहुविध चित्रण गरेर अनेक विषयवस्तुलाई कथ्यका रूपमा प्रस्तुत गरिएको छ । यसमा फरकफरक पच्चीस वटा विविध विषयका कथाहरू समावेश गरिएका छन् । मध्यम आयामका कथाहरूले पाठकलाई रहस्यको उपल्लो चुलीमा पुऱ्याएर गम्भीर बनाउँदछन् । कथाकार सयपत्रीको कथाकारितालाई यसै सङ्ग्रहका कथाहरूले चिनारी दिलाएका हुन् । 'सत्ता-कवच' कथाले नेपाली साहित्यको साठीको दसकका नेपाली राजनीति, धार्मिक र सामाजिक एवं पूर्वीय सनातन धर्मको धार्मिक उपजीव्यतालाई आधुनिक विचार र समाजपरक दृष्टिकोणले विश्लेषण गर्दै नेपाली समाजसापेक्ष कथा चयनका कथानकहरूमा कथा रच्ने परम्परालाई आफ्नो तर्फबाट अगाडि बढाइएको छ ।

यस कथा सङ्ग्रहमा परिवेशगत रुपमा गाउँसहर दुवैले समान स्थान पाएका छन् भने चारित्रिक रूपमा निम्न र निम्नमध्यम वर्गीय चरित्र नै अधिक मात्रामा आएका छन् । त्यसैगरी प्रथम पुरुष दृष्टिविन्दुमा वृत्तकारीय र तृतीय पुरुष दृष्टिविन्दुमा रैखिक ढाँचाका कथाहरू नै उल्लेख्य मात्रामा रहेका छन् । यी कथाहरूलाई कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषाशैली र दृष्टिविन्दु लगायतका कथातत्वका आधारमा आयाम र स्तरका दृष्टिले मध्यम खालका कथाका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

## ४.४.५ **'पाङ्ग्रेको सहर यात्रा'** (२०६५)

यो मानवइतर कुकुर पात्रहरूलाई पात्रीय भूमिका दिइएको रोचक बालउपन्यास हो । यसमा गाउँ र सहरको वातावरणीय अन्तर, सरसफाइ, सामाजिक, सांस्कृतिक, भौगोलिक अवस्थाको तुलना र गाउँको जीवनशैलीलाई रमणीय देखाइएको छ । यो शैलीको उपन्यास नेपाली बालसाहित्यमा नयाँ मानिएको छ । यसको प्रकाशन बीएन् पुस्तक संसार, अद्वैतमार्ग, काठमाडौँबाट प्रकाशित भएको हो । यसको पुनर्मुद्रण २०६८ सालमा भएको छ ।

यो बाल उपन्यासलाई निम्नलिखित औपन्यासिक तत्वका आधारमा विश्लेषण गरिएको छ :

### ४.४.५.१ कथानक

मानवेतर पात्र कुकुरमार्फत् गाउँका कुराको जानकारी सहरमा पुऱ्याउने र सहरी कुकुरबाट सहरका राम्रा र नराम्रा क्रियाकलापहरूको जानकारी दिने कोसिस गरिएको छ । यो उपन्यासको कथानक रैखिक ढाँचामा गरिएको छ । यस बाल उपन्यासको कथाको स्रोत अनुभव, कल्पना र यात्रानुभवलाई उपयोग गरिएको छ । यस बाल उपन्यासमा गाउँका कुकुरहरू गाउँबाट सहरतर्फ जाने र सहरमा भएको हावा, पानी, खाना, ध्वनि आदि कुराहरूमा भएको प्रदूषणले दिक्क वाक्क भएर फेरि गाउँ नै फर्किनु पर्ने अवस्था आउँदा मूल कुकुरको मृत्युले कुकुरहरूको समुदायमा पुऱ्याएको चोटलाई व्यक्त गरिएको छ । उपन्यासको अन्त्य दुखान्त वातावरणमा गरिएको छ । भूमे कुकुरको मृत्युले पाङ्ग्रेलाई आफ्नो जिम्मेवारीमा थप सजग बनाएको छ ।

### ४.४.५.२ चरित्र/पात्र

यस बाल उपन्यासमा मानवेतर पात्रहरूको प्रयोग गरिएको छ । जसमा कुकुरहरू पात्रका रूपमा आएका छन् । जसमध्ये निम्न पात्रहरू भूमिकाका दृष्टिले प्रमुख मानिन्छन् । पाङ्ग्रे (नायक), पिङ्की (नायिका), टक्रे र चोक्रे र भूमे नामका सहायक पात्रहरू रहेका छन् ।

### ४.४.५.३ परिवेश

यस बाल उपन्यासमा ग्रामीण र यात्राको परिदृश्यलाई परिवेशका रूपमा चित्रण गरिएको छ । गाउँ र सहर दुवै क्षेत्रका विभिन्न स्थानहरू उपन्यासमा आएका छन् । स्थान गतरूपमा रामेछापदेखि दोलखा, सिन्धुपाल्चोक, काभ्रेहुँदै भक्तपुर र काठमाडौँका विभिन्न स्थानहरू, कालगत रूपमा आधुनिक समयको चित्रण र वातावरणगत परिवेशका रूपमा सहरी फोहरमय वातावरण र ग्रामीण सफा वातावरणको तुलनात्मक चित्रण उपन्यासमा भएको छ । यसमा एक प्रकारले यात्राको जस्तो परिवेशको पनि सिर्जना गरिएको छ ।

#### ४.४.५.४ दृष्टिविन्दु

बाल उपन्यासमा मानवेतर पात्र कुकुरहरूको नामै तोकेर उनीहरूको कथा भनिएको र यसमा म पात्रको उपस्थिति नभएकाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा लेखिएको यो बाल उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुका कारण रोचकता र सरसता भरिएको पाइन्छ

#### ४.४.५.५ भाषाशैली

बाल उपन्यासमा प्रयोग भएको भाषाशैलीलाई संवाद र वाक्यगठन दुई प्रकारले विश्लेषण गरिएको छ ।

**संवाद :** यो बाल उपन्यासमा प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूलाई लक्षित गरी संवादको संरचना गरिएको छ । त्यसैगरी यसले वर्षका आधारमा १० देखि १४ वर्षसम्मका बालबालिकाहरूलाई लक्षित गरेर संवादहरूको संगठन गरिएको छ । उपन्यासमा प्रयोग भएका केही संवादहरू यस्ता रहेका छन् :

पङ्ग्रेले भन्यो : 'ल सुन, शरीरको बनावट बारे धामीलाई केही थाहा हुँदैन । शरीर विज्ञानको बारेमा धेरै पढेका डाक्टरहरूलाई त रोग पत्तो लगाउँन गाह्रो पर्छ ।' (पृष्ठ-१८)

पाटेले प्रश्न राख्यो : 'मान्छेलाई पनि त त्यो रोग लाग्छ ?'(पृष्ठ-१८)

**वाक्यगठन :** यो बाल उपन्यासले १० देखि १४ वर्षसम्मका बालबालिकाहरूलाई लक्षित गरी वाक्यगठन गरिएको छ । यसमा तहगत रूपमा भन्ने हो भने खासगरी निमावि र मावि स्तरमा अध्ययन गर्ने बालबालिकाहरूलाई उद्देश्य गरेर लेखिएको भए तापनि विषयगत सरलताले गर्दा प्राथमिक स्तरका बालबालिकाहरूलाई पनि रोचक हुन सक्ने गरी वाक्य गठन गरिएको छ ।

यस उपन्यासमा प्रयोग भएकामध्ये तीनवटा वाक्यहरू सरल, मिश्र र संयुक्तका दृष्टिले निम्नानुसारका रहेका छन् :

सरल वाक्य : 'आज त अब हिँड्ने कुरै भएन ।' (पृष्ठ-७)

संयुक्त वाक्य : 'पाङ्ग्रे र पाटेलाई इख बस्यो ।' (पृष्ठ-६)

मिश्र वाक्य : 'जति पर पुग्यो उति जाडो बढ्दै गयो ।' (पृष्ठ-१५)

#### ४.४.५.६ उद्देश्य

गाउँका कुरा सहरलाई र सहरका कुराहरू गाउँलाई बताउने उद्देश्य राखी मानवेतर पात्र कुकुरहरूको सिर्जना गरी उपन्यासमा भौगोलिक, सांस्कृतिक, ऐतिहासिक र वातावरणीय शिक्षा दिन खोजिएको छ । नेपाली साहित्यमा कुकुर पात्रहरूको प्रयोग गरेर यात्रा उपन्यास लेखिएको यो नै पहिलो बाल पुस्तक हो । यसले सहरी प्रदूषण र संक्रमक सरुवा रोगहरूका बारेमा पनि बालबालिकाहरूलाई सरल रूपमा बताएको छ ।

यो मानव इतर कुकुर पात्रहरूलाई पात्रीय भूमिका दिइएको रोचक बालउपन्यास हो । बालबालिकाहरू खासगरी कुकुर र बिरालोसँग आत्मीय सम्बन्ध स्थापित गर्ने स्वाभावका हुन्छन् । नेपाली ग्रामीण परिवेशमा कुकुर र बिरालालाई मानव जन जीवनसँग जोडेर हेर्ने पनि गरिएको पाइन्छ । यसै कुरालाई बाल उपन्यासकार माधव सयपत्रीले अनुभव गरेर कुकुरजस्ता विश्वसनीय मानवेतर पात्रहरूको चयन गरी सहरी प्रदूषण र संक्रामक रोगहरूको जानकारी दिने उद्देश्यले साथै गाउँका कुरा सहरका बालबालिकाहरूलाई र सहरका कुरा गाउँले बालबालिकाहरूलाई दिने उद्देश्य राखेर यस उपन्यासको लेखन गरेका हुन् । यसमा गाउँ र सहरको वातावरणीय अन्तर, सरसफाइ, सामाजिक, सांस्कृतिक, भौगोलिक अवस्थाको तुलना र गाउँको जीवनशैलीलाई रमणीय देखाइएको छ । यो शैलीको उपन्यास नेपाली बालसाहित्यमा नयाँ मानिएको छ । यसको प्रकाशन बीएन् पुस्तक संसार, अद्वैतमार्ग, काठमाडौँबाट भएको हो । यसको पुनर्मुद्रण २०६८ सालमा भएको छ ।

## ४.५ मूल प्रवृत्ति

माथि गरिएका कृति विश्लेषणका आधारमा साहित्यकार माधव सयपत्रीको साहित्यिक प्रवृत्तिलाई निम्नानुसारले प्रस्तुत गर्न सकिन्छ :

१. सामाजिक, राजनैतिक एवं प्राकृतिक विषयवस्तुलाई आफना कविताहरूमा कलात्मकता रूपमा समावेश गरिएको ।

२. राष्ट्रियता एवम् देशप्रेमलाई उच्च महत्वका साथ प्रकट गरिएको ।

३. प्रकृतिको आत्मपरकता तथा वस्तुपरक चित्रण गरी प्रकृति र मानिसको जीवनबीच तादाम्य सम्बन्ध देखाइएको ।

४. समाजवादी, प्रगतिवादी, प्रगतिशील र उच्च प्रजातन्त्रिक मूल्य मान्यताका कवितात्मक कृतिहरूको रचना गरिएको ।

५. साहित्यकार माधव सयपत्रीद्वारा साहित्यमा समानता, स्वतन्त्रता, हार्दिकता, भ्रातृत्व, विश्ववन्धुत्व, दया, माया, करुणा, मैत्री आदि मानवतावादी अवधारणाहरूलाई उजागार गरिएको ।

६. करुणा र प्रणयशीलतालाई समेत विषयवस्तु बनाई साहित्यलाई जीवनोपयोगी बनाइएको ।

७. राजनैतिक, सामाजिक, पौराणिक, ऐतिहासिक, प्राशसनिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतिक विविध क्षेत्रमा देखिएका विकृतिप्रति प्रहार गरिएको ।

८. आख्यानको विषयवस्तु र भावअनुसार शीर्षक चयन भएको ।

९. आख्यानात्मक, प्रतीकात्मक कविताहरू रचना गरिएको ।

१०. विम्ब, प्रतीक र अलंकारको संयोजन गरेर कवितालाई लयात्मक, कलात्मक र श्रृतिमधुर बनाइएको ।

११. अलंकारको उच्च प्रयोगले कथा र उपन्यासहरू सुन्दर अर्थपूर्ण भएका ।

१२. तत्सम, तद्भव, तथा आगन्तुक शब्दहरूको मूलतः समानुपातिक प्रयोगले आख्यानात्मक कृतिलाई सरल, सहज तथा मिठासपूर्ण तुल्याइएको ।

१३. आफना रचनाहरूमा कोमल तथा कठोर शब्दावलीको प्रयोग गरेर बालकथा, बालउपन्यास र प्रौढ कथालाई मार्मिक बनाइएको ।

१४. आख्यानहरूमा आफना, अनुभव तथा अनुभूतिहरूलाई पाठकसामु लैजानका लागि प्रथम, द्वितीय तथा तृतीय पुरुष दृष्टिविन्दुको सफल प्रयोग गरिएको ।

यसरी समग्रमा हेर्दा साहित्यकार माधव सयपत्रीले आफ्नो प्रतिभाशक्तिका कारणले क्रमशः स्थानीय स्तरबाट उठेर राष्ट्रिय स्तरमा आफ्नो नाम र स्थान जमाउँदै गरेका साहित्यकार हुन् । उनले नेपाली आख्यान साहित्यको क्षेत्रमा साठीको दसकमा आएर आफ्ना मौलिक, सुन्दर र फरकखाले रचनाहरूका माध्यमबाट महत्वपूर्ण योगदान गरेका छन् ।

यसरी साहित्यकार माधव सयपत्रीको साहित्यिक योगदानलाई समष्टिमा मूल्याङ्कन गर्दा निम्नलिखित विशेषताहरूले सम्बोधन गर्न सकिन्छ :

क) अधिकांस रचनामा प्रगतिको दृष्टि पाइएकाले उनी प्रगतिवादी चेतना बोकेका प्रबल साहित्यकार हुन ।

ख) शास्त्रीय छन्दको प्रयोगमा रुचि नराख्ने गद्य कविताका हिमायती कवि

ग) विविध खाले विसंगतिको चित्रण गर्दै समाज सुधारको चाहना व्यक्त गर्ने साहित्यकार

घ) युगीन चेतानाका हिमायती आधुनिक साहित्यकार

ङ) समाजमा विद्यमान सबै किसिमका शोषण र उत्पिडनको विरोध गर्दै समानता र समतामूलक समाजको स्थापनार्थ जोड दिने साहित्यकार ।

# kl/R5]b kfFr

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

माधव सयपत्रीको जन्म वि. सं. २०२८ पुस २६ गते रामेछाप जिल्लाको फुलासी गाविसको वडा नम्बर -५ मा अवस्थित खमारे गाँउमा भएको थियो । ज्योतिष, लेखापढीमा दख्खल भएका तथा कृषि व्यवसाय गर्ने पिता धर्मानन्द उपाध्यायकी पत्नी उमादेवीका कोखबाट माधव सयपत्री जन्मेका हुन् । सयपत्रीको बाल्यकाल बाबुको मृत्युपश्चात् एक्ली आमाको लालनपालनबाट दुःखपूर्वक हुर्केको पाइन्छ । घरमै धुलौटे पाटीमा सिन्काले चिरेर कखरा लेख्दै बाह्रखरी सिकेर रामायण, महाभारत आदि ग्रन्थको अध्ययनपश्चात् भने १४ वर्षको उमेरमा काठमाडौँ आएर कठिन परिश्रम गरी अर्काको घरमा काम गर्न बसी औपचारिक अध्ययन गरेका थिए । माधव सयपत्रीले आफ्नो जीवनमा साहित्य सिर्जना, समाज सेवा, सरकारी शिक्षण सेवाजस्ता क्षेत्रमा कार्य गरेका भए पनि उनका प्रकाशित कृतिहरू भने साहित्यिक सिर्जनासँग सम्बन्धित रहेका छन् । उनले आफूलाई १२-१३ वर्षको उमेरदेखि नै साहित्यिक क्षेत्रमा संलग्न गराएका थिए भने यो संलग्नता कविता विधाबाट भएको थियो । हालसम्म उनको शृजन प्रतिभा कविता, कथा र उपन्यास विधाबाटै अभिव्यक्त भएको देखिन्छ । यसैले पनि उनको सुरूको प्रकाशित कृति कविता विधा रहेको छ ।

वि.सं. २०४३ सालदेखि आफ्ना सिर्जनालाई प्रकाशित गर्ने अवसर पाएका उनको 'हेनरी ड्युना' शीर्षकको रचना यही समयमा फुटकर रूपमा 'बिहानीको किरण' पत्रिकामा प्रकाशित भएको थियो । यसैगरी सयपत्रीले वि.सं. २०५८ मा नै 'कविता गर्भधारण गर्छन्' कवितासङ्ग्रह पनि प्रकाशित गरेका छन् जसमा २५ वटा फुटकर कविताहरू सङ्कलित छन् । माधव सयपत्रीका अरू प्रकाशित कृतिहरू 'उत्सव र मालिकको थाल' नाटक (२०६२), 'पालैपालो कथाभनौँ' (२०६४), 'पाङ्ग्रेको सहरयात्रा' (२०६५) र 'सत्ता-कवच' (२०६५) हुन् । यसैगरी प्रकाशोन्मुख 'रातोफूल' कथासङ्ग्रह, 'मखमलीका राजाहरू' शीर्षकको अर्को आधुनिक कथासङ्ग्रह, तीनवटा बालकथासङ्ग्रह र एक उपन्यास पनि प्रकाशनको सँघारमा रहेका छन् । यिनै पुस्तकाकार कविता, आख्यान र बालसाहित्यका कृति रहेका उनका अन्य अप्रकाशित कृतिसमेत रहेका छन् । उपदेश, सूचना, कला अनि मान्छेको आवश्यक त□व

मान्ने उनले मुलुकका विभिन्न स्थानहरू भ्रमण गर्ने तथा विभिन्न सम्मान र पुरस्कार प्राप्त गर्ने अवसर पनि पाए । जीवनलाई एक रहस्य र अवसर मान्ने सयपत्री आफ्नो ४० वर्षको उमेरमा संसार हेर्दै दैनिकी गरिरहेका छन् । आफ्ना कविता सिर्जनाबाट कविको रूपमा स्थापित सयपत्री कथा र उपन्यासजस्ता साहित्य सिर्जनाका कारण मात्र नभएर विद्वान् व्यक्तित्व, राजनीतिक, पाको आदि आधारमा पनि सबैका प्रेरणाका स्रोत तथा सम्मानित व्यक्तित्वका रूपमा रहेका छन् । माधव सयपत्री औशत नेपालीको उचाइ भएका व्यक्ति हुन् । ४० वर्ष काटिसकेका उनका दाह्री जुँगा फुलिसकेका छैनन् । शरीर सुहाउँदो मोटाइ, सफा पहिरन र आसनमा रहने उनी धीर, गम्भीर र स्वाभिमानी देखिन्छन् । हाँसेर बोल्ने, सानाठूला सबैलाई माया दिने, कसैलाई बोली व्यवहारद्वारा हेप्ने र ठग्ने गर्दैनन् । मधुर स्वर, प्रष्ट बोली तथा नम्र व्यवहारले अरूलाई छिटै सामीप्यको अनुभूति गराउन सक्ने खुबी उनमा रहेको छ । माधव सयपत्रीका छोराछोरीको सङ्ख्या दुईजना रहेको पाइन्छ ।

माधव सयपत्री आफ्नो युवा अवस्थामा सँगैका अन्य साथी तथा दाजुभाइभन्दा धेरै पढेका एवम् सचेत व्यक्तित्व हुन् । उनले शिक्षणजस्तो संवेदनशील क्षेत्रमा कार्य गर्नुका साथै मुलुकका विभिन्न स्थानहरूको भ्रमण गर्ने अवसर पनि पाएका छन् । जीवनका यी समयमा उनले एउटा सामान्य मान्छेले दैनिक जीवनयापन गर्ने सामान्य कार्यभन्दा उपल्लो स्तरमा कार्य पनि गर्न भ्याएका छन् जसलाई उनी राष्ट्रिय स्तरका राम्रा कार्य मान्छन् ।

माधव सयपत्रीले आफ्नो जीवन भोगाइका क्रममा राष्ट्रिय स्तरका कार्य गरेको पाइन्छ । कुनै पनि साहित्यको सिर्जनात्मक गतिविधिमा पृष्ठभूमि र परम्परा रहेको हुन्छ । साहित्यकार कुनै व्यक्ति, घटना, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश, जीवनको भोगाइ, समाज, संस्कृति आदिबाट प्रेरित र प्रभावित भएको हुन्छ । यसबाहेक स्रष्टाको सिर्जनामा स्वतःस्फूर्त प्रतिभाले पनि भूमिका खेलेको हुन्छ । यसरी प्रभाव तथा प्रेरणाको ग्रहण एवम् प्रतिभाको उपयोग गर्ने साहित्यकारले मानवजीवनको हित, उन्नति, विचारको प्रस्तुति तथा आत्मिक सन्तुष्टिका लागि साहित्य सिर्जना गरेको हुन्छ । माधव सयपत्री पनि आफ्नो बाल्यअवस्थादेखि नै साहित्यिक सिर्जनामा सक्रिय रही आएका छन् ।

सयपत्रीले आध्यात्मिक धार्मिक प्रयोजनले पिताले घरमा राखेका रामायण, महाभारत आदि पुस्तकहरू भने उनले पढ्न पाए । तीक्ष्ण बुद्धि तथा पढाइमा रूचि भएका उनले ती ग्रन्थका श्लोकहरू कण्ठस्थ पार्थे । यही क्रममा १२-१३ वर्षको उमेरमा नै उनी गाउँघरमा हुने विवाह आदि समारोहमा श्लोक (सिलोक) वाचन गर्ने र त्यही काममा प्रतिस्पर्धा गर्ने

मात्र होइन प्रसिद्धि पनि पाउन पनि थाले । यही कार्यले उनमा ग्रन्थ पढ्ने मात्र नभएर आफैँ नयाँ सिर्जना गर्ने हौसला पनि प्राप्त भयो । यसरी कुनै एक व्यक्तिको विशेष प्रभाव र प्रेरणाबाट उनको साहित्यिक यात्रा प्रारम्भ भएको पाइँदैन । आफ्नै रूचि र अध्ययनको प्रतिफलबाट प्राप्त भएको सिर्जनाको ऊर्जालाई घरपरिवारबाट साथसहयोग भने राम्रो पाएको देखिन्छ । यसप्रकार उनको काव्यिक झुकाव १२-१४ वर्षदेखि भएको भएपनि लेखनको प्रारम्भ भने करिब २० वर्षको उमेरदेखि भएको पाइन्छ । धार्मिक, पौराणिक, ऐतिहासिक, राजनैतिक तथा समसामयिक विविध विषयलाई आधार बनाएर कविता रचना गर्ने उनको पहिलो रचनाको यकिन त छैन नै त्यस पछिका थुप्रै रचना पनि हराएका तथा धमिराको आहारा बनेका छन् । यसप्रकार साहित्यिक क्षेत्रमा देखापरेका सयपत्रीको साहित्य सिर्जनाको क्षेत्र आख्यान (कथा र उपन्यास) रहेको पाइन्छ भने उनका कविताहरू विभिन्न पत्रपत्रिकाहरूमार्फत् २०४३ सालदेखि सार्वजनिक हुन थालेका हुन् ।

समग्रमा कवि माधव सयपत्रीको साहित्यक्षेत्रमा एउटा कविता कृति प्रकाशित भएपनि थुपै कथा र उपन्यासहरू भएको पाइन्छ । सयपत्रीका प्रकाशित कृतिहरू कथा विधाकै रहेका छन् । वि.सं. २०५८ सालदेखि आफ्ना सृजनालाई प्रकाशित गर्ने अवसर पाएका उनको 'कविता गर्भधारण गर्छन्' शीर्षकको कविताकृति यही समयमा पुस्तकाकार रूपमा प्रकाशित भएको छ । यसैगरी सयपत्रीले वि.सं. २०६२ मा नै 'उत्सव र मालिकको थाल' नाटक पनि प्रकाशित गराएका छन् । माधव सयपत्रीको अर्को प्रकाशित कृति 'पालैपालो कथा भनौं' (२०६४) हो । त्यसपछि आउन्छ बाल उपन्यास 'पाङ्ग्रेको सहरयात्रा' यो कृति वि.सं. २०६५ मा प्रकाशित भएको थियो । यसैसाल उनको प्रौढ कथाङ्ग्रह 'सत्ता - कवच' (२०६५) समेत प्रकाशित भएको थियो ।

यसरी उनले परिमाणात्मक रूपमा सबैभन्दा बढी लेखन र प्रकाशन गरेका सिर्जनाहरू भनेका प्रौढ फुटकर कथा नै हुन् । यिनैलाई आधार मानेर साहित्यिक यात्रामा देखिएका प्रवृत्तिलाई निम्न लिखित तीन चरणमा राखेर विभाजन गरी माथि अध्ययन गरी सकिएको छ :

क) पहिलो चरण : २०४३ देखि २०५८ सम्म

ख) दोस्रो चरण : २०५८ देखि २०६५ सम्म

ग) तेस्रो चरण : २०६५ देखि हालसम्म

**साहित्यकार माधव सयपत्रीका साहित्यिक विशेषताहरू**

१. राष्ट्रियता एवम् देशप्रेमलाई उच्च महत्वका साथ प्रकट गरिएको ।

२. प्रकृतिको आत्मपरकता तथा वस्तुपरक चित्रण गरी प्रकृति र मानिसको जीवनबीच तादाम्य सम्बन्ध देखाइएको ।

३. सामाजिक, राजनैतिक एवं प्राकृतिक विषयवस्तुलाई आफना कविताहरूमा कलात्मकता रूपमा समावेश गरिएको ।

४. समाजवादी, प्रगतिवादी, प्रगतिशील र उच्च प्रजातन्त्रिक मूल्य मान्यताका कवितात्मक कृतिहरूको रचना गरिएको ।

५. करुणा र प्रणयशीलतालाई समेत विषयवस्तु बनाई साहित्यलाई जीवनोपयोगी बनाइएको ।

६. राजनैतिक, सामाजिक, पौराणिक, ऐतिहासिक, प्राशसनिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतिक विविध क्षेत्रमा देखिएका विकृतिप्रति प्रहार गरिएको ।

७. साहित्यकार माधव सयपत्रीद्वारा साहित्यमा समानता, स्वतन्त्रता, हार्दिकता, भ्रातृत्व, विश्ववन्धुत्व, दया, माया, करुणा, मैत्री आदि मानवतावादी अवधारणाहरूलाई उजागार गरिएको ।

८. आख्यानात्मक, प्रतीकात्मक कविताहरू रचना गरिएको ।

९. आख्यानको विषयवस्तु र भावअनुसार शीर्षक चयन भएको ।

१०. विम्ब, प्रतीक र अलंकारको संयोजन गरेर कवितालाई लयात्मक, कलात्मक र श्रृतिमधुर बनाइएको ।

११. तत्सम, तद्भव, तथा आगन्तुक शब्दहरूको मूलतः समानुपातिक प्रयोगले आख्यानात्मक कृतिलाई सरल, सहज तथा मिठासपूर्ण तुल्याइएको ।

१२. अलंकारको उच्च प्रयोगले कथा र उपन्यासहरू सुन्दर अर्थपूर्ण भएका ।

१३. आख्यानहरूमा आफना, अनुभव तथा अनुभूतिहरूलाई पाठकसामु लैजानका लागि प्रथम, द्वितीय तथा तृतीय पुरुष दृष्टिविन्दुको सफल प्रयोग गरिएको ।

यसरी समग्रमा हेर्दा साहित्यकार माधव सयपत्रीले आफ्नो प्रतिभाशक्तिका कारणले क्रमशः स्थानीय स्तरबाट उठेर राष्ट्रिय स्तरमा आफ्नो नाम र स्थान जमाउँदै गरेका साहित्यकार हुन् । उनले नेपाली आख्यान साहित्यको क्षेत्रमा साठीको दसकमा आएर आफ्ना मौलिक, सुन्दर र फरकखाले रचनाहरूका माध्यमबाट महत्वपूर्ण योगदान गरेका छन् ।

यसरी साहित्यकार माधव सयपत्रीको साहित्यिक योगदानलाई समष्टिमा मूल्याङ्कन गर्दा निम्नलिखित विशेषताहरूले सम्बोधन गर्न सकिन्छ :

क) शास्त्रीय छन्दको प्रयोगमा रुचि नराख्ने गद्य कविताका हिमायती कवि

ग) विविध खाले विसंगतिको चित्रण गर्दै समाज सुधारको चाहना व्यक्त गर्ने साहित्यकार

घ) युगीन चेतानाका हिमायती आधुनिक साहित्यकार

क) प्रगतिवादी चेतना बोकेका प्रबल साहित्यकार

ग) विविध खाले विसंगतिको चित्रण गर्दै समाज सुधारको चाहना व्यक्त गर्ने साहित्यकार

ङ) समाजमा विद्यमान सबै किसिमका शोषण र उत्पिडनको विरोध गर्दै समानता र समतामूलक समाजको स्थापनार्थ जोड दिने साहित्यकार ।

साहित्यकार माधव सयपत्रीलाई सम्पूर्णतामा हेर्दा उनको कवित्व स्पष्टवादी दृष्टिकोणबाट मुखरित भएको पाइन्छ । त्यसैगरी नेपाली आख्यान परम्परामा २०४६ सालको प्रजातन्त्रप्राप्तिको लागि जनस्तरबाट लडिएको प्रजातान्त्रिक आन्दोलन र २०६२/०६३ मा लडिएको लोकतान्त्रिक आन्दोलनपश्चात् मुलुकमा पन्पिएको अराजकता, दण्डहीनता र चौतर्फी विकृति तथा विसङ्गतिको सफल तथा सटिक चित्रण गर्ने साठीको दसकका प्रतिभावान् प्रौढोन्मुख युवा आख्यानकारका रूपमा नेपाली साहित्यको इतिहासले मूल्याङ्कन गर्ने कुरामा अब दुईमत नहोला ।

बाल्यकालदेखि कविता लेखन गरेका सयपत्रीका कविता लेखनले नेपाली कविता साहित्यमा प्रगतिवादी र यथार्थवादी भावधाराको नेतृत्व गरेको छ भने उनको आख्यानकार व्यक्तित्वले भने प्रगतिवादी, प्रयोगवादी र विसङ्गतिवादी साहित्यकारका रूपमा परिचय पाएको देखिन्छ । यसरी कवि माधव सयपत्री २०५० को दसकमा प्रगतिवादी धारामा कलम चलाउने युवा कविका रूपमा साथै २०६० को दसकमा प्रगतिवादी, यथार्थवादी, विसङ्गतिवादी र प्रयोगवादी आख्यानकारका रूपमा समसामयिक धाराका ओझेलमा परेका महत्वपूर्ण कवि तथा आख्यानकार प्रतिभा ठहरिन्छन् ।

## ५.२ निष्कर्ष

साहित्यकार माधव सयपत्रीको जीवनी व्यक्तित्व र कृतित्वको समग्र अध्ययनबाट निम्न लिखित निष्कर्ष प्राप्त भएका छन :

१. माधव सयपत्रीको जन्म वि.सं. २०२८ पुस २६ गते रामेछाप जिल्लाको फुलासी गाविसको वडा नं.- ५ खमारेमा भएको हो । पिता धर्मनन्द उपाध्याय तथा माता उमादेवीको कोखबाट उनी जेठा सन्तानका रूपमा जन्मेको पाइन्छ ।

२. माधव सयपत्रीको  शिक्षा प्राथामिक तह देखि आई.ए.सम्म काठमाडौँमा र बि.एड. भने रामेछाको गौरीशङ्कर बृहत शिक्षा क्याम्पसबाट गरेको बुझिन्छ । आफ्नो जीविकोपार्जनका लागि सयपत्रीले वि.सं. २०४५ देखि प्राथमिक शिक्षक भई श्री सिद्धेश्वर प्राथमिक विद्यालयमा हालसम्म शिक्षण पेशामा संलग्न भइरहेको पाइन्छ ।

३. माधव सयपत्री को चुडोपयन वि.सं. २०४६ सालमा १८ वर्षको उमेरमा  विवाहकै दिन भएको र उनको वैदिक विधिअनुसार सामान्य तवरबाट  चुडोपयन र सामजिक परम्परा अनुसार विवाह भएको पाइन्छ । हाल उनका श्रीमती एक छोरा र एक छोरी रहेका छन्  ।

४. सयपत्रीले शिक्षण पेशा बाहेक विभिन्न सामाजिक संस्थाहरूमा आबद्ध रहेर समाज सेवा गरिरहेको पाइन्छ । जस अन्तर्गत उनी उनी नेपाल राष्ट्रिय शिक्षक संगठनद्वारा सञ्चालित शिक्षक बचत तथा ऋण सहकारी संस्थाका संस्थापक सदस्य, प्रगतिशील बचत तथा ऋण सहकारी संस्था फुलासी-५ का सचिव, सुदीर्घ सयपत्री पुस्तकालय फुलासी-५ का संस्थापक सचिव, लगाएत विभिन्न सामाजिक सङ्घ संस्थामा रही जिल्लामा आफ्नो विविध सक्रियता देखाइ रहेका छन् ।

५. सयपत्री १२-१३ वर्षको उमेरदेखि नै साहित्यिक क्षेत्रमा संलग्न भएका र यो संलग्नता कविता विधाबाट भएको  पाइन्छ ।  हालसम्म उनको सृजन प्रतिभा कथा, उपन्यास, निबन्ध, नाटक, एकाङ्की र कविता विधाबाटै अभिव्यक्त भएको देखिन्छ । सुरूमा उनका फुटकर कविता र केही निबन्धहरू प्रकाशित भएको र त्यसपछि  पनि साहित्य साधनामा लागिरहेको पाइन्छ ।

६. वि.सं. २०४३ सालदेखि आफ्ना सृजनालाई प्रकाशित गर्ने अवसर पाएका सयपत्रीको 'कविता गर्भधारण गर्छन्'(२०५८) शीर्षकको कवितासङ्ग्रह, 'उत्सव र मालिकको थाल' (२०६२) पूर्णाङ्की नाटक, 'पालैपालो कथा भनौं' (२०६४) बाल कथासङ्ग्रह, 'पाङ्ग्रेको सहरयात्रा' (२०६५) बाल उपन्यास, र 'सत्ता-कवच' (२०६५) कथासङ्ग्रह क्रमश प्रकाशन भएको पाइन्छ ।

७. सयपत्रीले विभिन्न विधामा कलम चलाएको भएपनि उनका विशेषत : बालबालिकाहरूका लागि बढी सान्दर्भिक हुने रचनाहरू पाइएकाले उनलाई बाल साहित्यकारका रूपमा चिन्न सकिने देखिन्छ ।

८. सयपत्रीले राष्ट्रिय स्तरको २०६८ को पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार प्राप्त गरेका र अन्य स्थानीय स्तरमै विभिन्न किसिमका सम्मान तथा पुरस्कार प्राप्त गरको पाइन्छ ।

९.सयपत्रीका प्रायः रचनाहरू सरल भएपनि अतिशय मार्मिक छन् , आफ्ना विषयवस्तु र हेराइमा प्रगतिबादी भएर पनि रूप तथा सौन्दर्य बोधमा कलात्मक रहेको पाइन्छ ।

१०. साहित्यकार माधव सयपत्रीको समग्र साहित्य लेखन यात्रालाई सूक्ष्म रूपले विश्लेषण गरेर हेर्दा २०४३ देखि हाल सम्म विभिन्न तिन चरणमा विभाजन गर्न सकिने देखिन्छ ।

११. सयपत्रीका कृतिहरूमा राष्ट्रियता एवम् देशप्रेमलाई उच्च महत्वका साथ प्रकट गरिएको, प्रकृतिको आत्मपरकता तथा वस्तुपरक चित्रण गरी प्रकृति र मानिसको जीवनबीच तादाम्य सम्बन्ध देखाइएको, सामाजिक, राजनैतिक एवं प्राकृतिक विषयवस्तुलाई समावेश गरिएको र समाजवादी, प्रगतिवादी, प्रगतिशीलका साथै उच्च प्रजातान्त्रिक मूल्य मान्यतालाई प्राथमिकता दिइएको पाइन्छ ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, रविलाल (२०५१), **नेपाली समालोचनाको रूपरेखा**, पोखरा : लेकाली प्रकाशन ।

__________ (२०५६) , **प्रगतिवादी नेपाली समालोचना**, पोखरा : लेकाली प्रकाशन ।

आचार्य, जयराज (२०५९), **यदुनाथ खनालः जीवनी र विचार**, ललितपुर : साझा प्रकाशन ।

आचार्य, बाबुराम (२०५०), **पुराना कवि र कविता**, छैटौं सं., ललितपुर : साझा प्रकाशन ।

आचार्य, भानुभक्त (२०५८), **रामायण,** चौथो सं., ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०३९), **"मोतीरामको व्यक्तित्व र योगदान" मोती स्मृतिग्रन्थ**, सम्पा., रमा शर्मा, काठमाडौं : नेपाली शिक्षा परिषद् ।

ओझा, दशरथ (२०५७), **समीक्षाशास्त्र**, दिल्ली : राजपाल ।

थापा, मोहन हिमांशु (२०५०), **साहित्य परिचय** चौथो संस्क., काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५६), **स्नातकोत्तर नेपाली निबन्ध**, काठमाडौं : पाठ्य सामग्री पसल, ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६२), **शोधविधि** काठमाडौं : साझा प्रकाशन ।

आचार्य, जयराज, यदुनाथ खनाल (२०५९), **जीवनी र विचार,** ललितपुरः साझा प्रकाशन ।

आचार्य, बाबुराम (२०५०), **पुराना कवि र कविता**, छैटौं सं.,ललितपुर : साझा प्रकाशन ।

आचार्य, भानुभक्त (२०५८), **रामायण**, चौथो सं., ललितपुर : साझा प्रकाशन ।

कँडेल, घनश्याम, सम्पा.(२०५५), **नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५५), **आत्मवृत्तान्त**, ललितपुर : जगदम्बा प्रकाशन ।

खनाल, कृष्णराज, प्रो. हरिनाथ खनाल (२०५८), **जीवनी र परिवेश**, काठमाडौं : नगेन्द्रनाथ खनाल, ।

खनाल, यदुनाथ (२०३२), **सूक्तिसञ्चय**, काठमाडौं : यदुनाथ खनाल ।

__________(२०५५), **नेपाली भामिनीविलास,** काठमाडौं : उन्नयन प्रकाशन ।

__________(२०४९), **समालोचनाको सिद्धान्त**, पाँचौं सं., ललितपुर :साझा प्रकाशन ।

__________(२०४९) , **साहित्यिक चर्चा**, दोस्रो सं., ललितपुरः साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र लुइँटेल, खगेन्द्रप्रसाद (२०५४), **नेपाली निबन्ध**, काठमाडौँः नवीन प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य, सम्पा.(२०५४), **नेपाली कविता भाग ४,** तेस्रो सं., ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १,** पाँचौँ सं., ललितपुर : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद, अनु. (२०४९), **प्रसिद्ध प्रन्बन्ध सङ्ग्रह**, चोथो सं., ललितपुर : साझा प्रकाशन ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, **नेपाली बृहत शब्दकोश**, छैटौँ सं., काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पराजुली, ठाकुरप्रसाद (२०६०), **नेपाली साहित्यको परिक्रमा,** दोस्रो सं., ललितपुर : साझा प्रकाशन ।

पौड्याल, लेखनाथद (२०५८)**, तरुण तपसी,** एघारौँ सं., ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, सम्पा.(२०५८), **साझा समालोचना**, पाँचौ सं., ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र, सम्पा.(२०४१), **एक व्यक्ति अनेक अभिव्यक्ति**, काठमाडौं : कुमारधर शर्मा 'ज्ञानी' ।

भट्ट, गोविन्द (२०५४), **गोविन्द भट्टका समालोचनाहरू**, काठमाडौं : बगर प्रकाशन ।

भट्ट, मोतीराम (२०५८), **कवि भानुभक्तको जीवनचरित्र**, तेस्रो सं., ललितपुर : साझा प्रकाशन ।

भट्टराई, घटराज, सम्पा. (२०४०), **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : नेशनल रिसर्च एशोसियसन ।

शर्मा अर्याल, श्यामजीप्रसाद, सम्पा.(२०५५), **सूक्तिसिन्धु**, (फेरि), काठमाडौं : पाठ्यसामग्री पसल, ।

शर्मा, तारानाथ (२०३९), **नेपाली साहित्यको इतिहास**, दोस्रो सं., काठमाडौंः सङ्कल्प प्रकाशन ।

शर्मा नेपाल, वसन्तकुमार (२०५७), **नेपाली शब्दसागर,** काठमाडौं : भाभा पुस्तक भण्डार ।

शर्मा भट्टराई, शरदचन्द्र (२०३७), **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल), काठमाडौं : त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, मोहनराज (२०५५),**समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५५), **शोधविधि**, दोस्रो सं., ललितपुर : साझा प्रकाशन ।

शर्मा, रामकृष्ण (२०५१), **सूक्तिसिन्धु र अन्य समालोचना**, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०३४),**नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सयपत्री, माधब (२०६९ जेठ २ गते), **अन्तवार्ताः** रेडियो तीनलाल प्रस्तोता- नवराज पथिक साझा चौतारी कार्यक्रम ।

सयपत्री, माधव (२०५८), **कविता गर्भधारण गर्छन्** :माधव सयपत्री ।

सयपत्री, माधव (२०६२), **उत्सव र मालिकको थाल :** दिनेशराज सत्याल ।

सयपत्री, माधव(२०६४), **पालैपालो कथा भनौं** काठमाण्डौ : भुँडिपुराण प्रकाशन ।

सयपत्री, माधव (२०६५), **सत्ता कवच** काठमाण्डौ : भुँडिपुराण प्रकाशन ।

सयपत्री, माधव (२०६५), **पाङ्ग्रेको सहर यात्रा** काठमाण्डौ : वि एन् पुस्तक संसार ।

सुवेदी, अभि (२०५४), **पाश्चात्य काव्यसिद्धान्त**, दोस्रो सं., ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६१), **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन ।

# परिशिष्ट

## शोधनायक माधव सयपत्रीसँग गरिएको अन्तर्वार्ता



*शोधनायक साहित्यकार माधव सयपत्री*

**१) तपाईंको जन्म र जन्मस्थानको बारेमा बताइदिनुहोस् न ?**

) मेरो जन्म २०२४ साल असोज २६ गते बिहीवार फुलासी -५ रामेछाप जिल्लामा भएको हो ।

**२) यहाँको न्वारानको शुभ नाम के होला ?**

) मेरो न्वारानको नाम खिलहरि भण्डारी हो ।

**३) तपाईंको परिवारिक स्थिति के कस्तो रहेको छ ?**

) मेरो परिवार निम्न मध्यमस्तर को हो । आफूलगायत श्रीमती समेतको जटिल रोगको नियमित उपचार गर्नु पर्ने भएकोले तलबको ५० प्रतिशत भन्दा बढी हिस्सा उपचारमा मात्रै जान्छ । खेत र बारी गरी ८ रोपनी छ जुन वर्षौंदेखि सबै बाँझै छ । प्राவि शिक्षकको तलबले नै छोराछोरीको पढाइ, खानपान, उपचार, पुस्तक र पत्रपत्रिका सबै खर्च धानिएको छ ।

**४) तपाईंको प्रारम्भिक चरणदेखिको औपचारिक शैक्षिक अवस्थाका बारेमा बताइदिनुहोस् न**

) म पढाइमा अनुत्तीर्ण भएको रेकर्ड छैन । प्राथमिक तहमा म सँधै प्रथम भएँ निमावि र मावि तहमा पनि पहिलादेखि नै तृतीयभन्दा तल झरिनँ । एस्.एल्.सी प्रथम श्रेणी, आइए र बीएड् द्वितीय श्रेणीमा उत्तीर्ण गरेँ । यसो हुँदा मेरो पढाइ अब्बल नै रह्यो ।

**५) यहाँले शिक्षण पेशालाई नै रोज्नुको कारण के होला ?**

) मैले यो पेशा रोजेको नभई बाध्यता हो । काम गर्दै पढेको घरबाट बलात् निकालिएपछि मेरो प्रथम श्रेणीको एस्एल्सीले काम गरेन । एस्एल्सीपछि मैले राम्रो विषयमा पढन सकेको भए म डाक्टर, इन्जिनियर वा प्रशासक बन्थैँ होला तर शिक्षण पेशामा लागेकोमा भने मेरो कुनै गुनासो छैन् । जिम्मेवारी निर्वाह गर्न सके यो पेशा पनि सम्मानित नै छ ।

**६) तपाईंले कहिले र कुन कृतिबाट साहित्यिक यात्रारम्भ गर्नुभएको हो ?**

) कृतिका रूपमा 'कविता गर्भधारण गर्छन'् -२०५८ कवितासङ्ग्रहबाट सुरू गरिएको हो भने रचनाका रूपमा -फुटकर २०४३ सालमा 'हेनरी ड्यूना' शीर्षकको कविता नन्दी रात्री मावि, नक्सालको मुखपत्र 'विहानीको किरण' मा छापिएको कविताबाटै साहित्यिक यात्रा प्रारम्भ भएको हो ।

**७) यहाँमा साहित्यिक उत्प्रेरणा चाहिँ कसरी जाग्यो ?**

) परिवारमा त्यस्तो वातवारण थिएन । केटाकेटी मै गीत सवाई लेख्थैँ, खैँजडी भजन गाउँथे काठमाडौँमा घरेलु कामदार हुँदा पाएको सास्तीबाटै म साहित्यमा लागेँ । भोलि ती सामन्तहरूले पनि सम्मान गर्नै पर्ने व्यक्ति बन्छु भन्ने लाग्यो । पारिजात बीपी, लक्ष्मीप्रसाद रिमाल र भूपीका कृतिहरूले मलाई त्यतापट्टि लाग्ने प्रेरणा दिए ।

**८) हालसम्म तपाईंले प्राप्त गर्नु भएका प्रोत्साहन तथा पुरस्कारहरू केके हुन् र ती कहाँ कहाँबाट प्राप्त गर्नु भयो ?**

) ठूला पुरस्कारहरू त प्राप्त गर्न सकिएको छैन । केही साना पुरस्कार भने यस प्रकार रहेका छन् :

क) बानेश्वर सर्जक समाज, सम्मानपत्र -२०६५

ख) कालिञ्चोक सन्देश प्रशंसा-पत्र -२०६५

ग) प्रथम पुरस्कार, कथा प्रतियोगिता, जगदीश घिमिरे प्रतिष्ठान, मन्थली, रामेछाप -२०६६

घ) प्रथम, निबन्ध प्रतियोगिता, हिमाल पावर लिमिटेड, किर्ने, दोलखा, नगद पुरस्कार रू. २० हजार (२०६७)

ङ) पारिजात बाल साहित्य पाण्डुलिपि पुरस्कार -२०६८ (राष्ट्रियस्तरको)

**९.) यहाँ हाल शिक्षण पेसाबाहेक कुनकुन सामजिक संघ संस्थासँग आबद्ध हुनु हुन्छ ?**

) म निम्न संघसंस्थाहरूमा समेत आबद्ध छु :

- सचिव, प्रगतिशील बचत तथा ऋण सहकारी संस्था फुलासी -५, रामेछाप
- संस्थापक सचिव, सुदीर्घ सयपत्री पुस्तकालय फुलासी -५, रामेछाप
- पूर्व केन्द्रीय सदस्य, भाषा तथा लोक साहित्य मञ्च
- संस्थापक सदस्य, शिक्षक बचत तथा ऋण सहकारी संस्था मन्थली, रामेछाप
- उपाध्यक्ष, प्रगतिशील लेखक संघ, रामेछाप
- उपाध्यक्ष, अनौपचारिक साहित्यिक मञ्च मन्थली, रामेछाप

**१०) यहाँलाई अत्यधिक प्रभावित पार्ने देशीविदेशी साहित्यकारहरू कोको हुनुहुन्छ ?**

) स्वदेशमा लक्ष्मीप्रसाद देवकोटा, भूपी, रिमाल, पारिजात, जगदीश घिमिरे, नारायण ढकाल, कृष्ण धरावासी, विजय चालिसे, धच गोतामे, डा. ध्रुवचन्द्र गौतम, रमेश विकल, जनकप्रसाद हुमागाईं, डा. गोविन्दराज भट्टराई, युग पाठक, बुद्धिसागर, नारायण वाग्ले, रजनी ढकाल, सुधा त्रिपाठी, गीता त्रिपाठी र ऋषिराज बराल आदि हुन् भने विदेशीमा रवीन्द्रनाथ ठाकुर, प्रेमचन्द, तसलिमा नसरिन, एन्टोन चेखभ, सेक्सपियर र विलियम् वर्डसवर्थ आदि हुन् ।

**११) तपाईंद्वारा रचित कृतिहरू केके कस्ता नवीन आयाम तथा प्रवृत्तिभित्र पर्दछन् सविस्तार बताइदिनुहोस् न ?**

) हजारौं कविताबाट पनि म जम्न सकिनँ । साठीको दसकको सुरूबाट म कथातिर लागेँ । अहिले एउटा कथाकार भनेर चिनिन्छु । रोशन थापा र कुमार नगरकोटीका जस्ता अमूर्त र दुर्बोध्य कथाबाट म प्रभावित छुइनँ । मेरा कथाले भिन्न पहिचाह नै दिए त भन्न सक्दिनँ तर मेरा कथामा श्रमप्रतिको सम्मान, नारी उत्पीडन,

सामाजिक चित्रण, विकृति र विसङ्गति माथिको प्रहार भएको मान्दछु । मेरा प्रकाशित करिब दुई सय फुटकर कथाहरूले त्यही प्रवृत्ति दिएका छन् -भन्न सक्छु ।

**१२) अध्ययन, अध्यापन र लेखनका अतिरिक्त यहाँका रूचिका विषयहरू केके हुन् ?**

- लेखनका अतिरिक्त पुस्तक अध्ययन, साहित्यिक गैर साहित्यिक कार्यमा सक्रियता, समाजसेवा, संगीत सुन्ने, राजनैतिक उतारचढावको समाचारमा अपडेट रहने, नयाँ ठाउँको भ्रमण र असल मित्रहरूको सम्पर्कमा रहने गर्छु ।

**१३) साहित्य साधनामा लागेर यहाँलाई के फाइदा र के हानी भएजस्तो लाग्छ ?**

- केही पैसा खर्च भएको छ । नराम्रोसँग दुःख भेलिएको छ । नजिकको समाजले मेरो योगदानको कदर गरेको छैन् । (यसको अर्थ प्रशंसाको पोको खोज्दिनँ, व्यक्तिको योगदानको भने यथार्थ मूल्याङ्कन भने हुनै पर्दछ ।)

- बेफाइदा भन्दा फाइदै भएको छ । पुस्तक पढ्दा आउने आनन्द अन्त कहाँ पढ्न पाइन्छ र ! राष्ट्रिय पत्रिकामा रचनाहरू छापिँदा र साथीहरूले बधाइ दिँदा यस्तो अनकन्टार ठाउँमा बसे पनि म धेरै सार्वजनिक भइसकेछु भनेर खुसी लाग्छ । पारिश्रमिक पनि राम्रै लिइरहेको छु -फुटकर रचनाहरूबाट । त्यसैले म समग्रमा फाइदा मै छु ।

**१४) यहाँका अप्रकाशित रचनाहरूको विवरण दिनुहोस् न ।**

- फुटकर दुई सय जति कथाहरू प्रकाशन भएका छन् । तिनलाई कृतिको रूपमा प्रकाशन गर्ने धोको छ । केही त प्रकाशनको अन्तिम चरणमा पुगिसके । एउटा वृहत् उपन्यास लेखेको छु २०६३ साउन मै । त्यो पनि रत्न पुस्तक भण्डारबाट चाँडै प्रकाशित हुने चाँजो पाँजो मिलाएको छु ।

- अरू निम्नानुसार छन् :

  क) मखमलीका राजाहरू (कथासङ्ग्रह)

  ख) कुचो (कथासङ्ग्रह)

  ग) कालखण्ड (उपन्यास)

  घ) तीन वटा बालकथा सङ्ग्रहहरू

**१५) बाल साहित्यको यात्रारम्भ कहिले र कुन कृतिबाट भएको हो ?**

- मलाई बाल साहित्य लेख्छु भन्ने लागेकै थिएनँ । कस्तो हुँदो रहेछ भनेर एउटा 'हरेरामलाई पछुतो भयो' शीर्षकको बालकथा लेखेँ । २०६४ जेठ अङ्कको 'मुना' पत्रिकामा छापियो । पहिलो बालकथा नै छापिएपछि म हौसिएँ । अहिले नागरिक, कान्तिपुरको कोपिला, राजधानी, अन्नपूर्ण पोष्ट, बाल बगैँचा आदि पत्रिकाहरूमा बाल कथाहरू क्रमिकरूपले प्रकाशन भइरहेका छन् । पुस्तक कृति भने, 'पालैपालो कथा भनौँ' शीर्षकको बाल कथासङ्ग्रह -२०६४ हो ।

**१६) आफूले रचना गरेको बाल साहित्यिक रचनामध्ये तपाईँलाई अत्याधिक मन छोएको रचना कुनै छ कि ?**

- पुस्तकमा 'पाङ्ग्रेको सहरयात्रा' (२०६५) नामक बाल उपन्यास हो । यो पुस्तक नेपालकै चर्चित २५ बाल कृतिभित्र पर्दछ भन्ने लाग्छ । विक्रीमा पनि त्यस्तै देखिन्छ तर मैले पुस्तक विक्रीबाट कुनै आर्थिक लाभ प्राप्त गर्दिनँ । कथामा भने २०६७ कार्तिक २८ मा प्रकाशित 'फूलहरूको गफ' भन्ने कथा मनपर्छ ।

**१७) नेपालमा बाल साहित्यको हालको स्थितिका सम्बन्धमा यहाँको मूल्याङ्कन कस्तो छ ?**

- बाल साहित्यको अवस्था उत्साहजनक र उर्वर छ । अहिले सबैभन्दा बढी विक्री हुने भनेकै बाल साहित्य हो । बाल साहित्यमा लाग्नेहरू पनि बढ्दैछन् तर उत्साहप्रद कृतिहरू भने जन्मिएका छैनन् । परम्परागत नैतिक शिक्षा दिने रचना लेखिएका छन् । त्यतिले पुग्दैन विषयवस्तु केन्द्रित प्रविधिका कुरा पनि आउनु पर्‍यो । बाल साहित्यमा धमिरा पनि त्यत्तिकै लागेको छ । विदेशी लेखकका रचनाहरूलाई थोरै टालटुल गरी आफ्नो नाममा छपाउनेहरूको त नामै भन्न सकिन्छ । बाल बालिकाहरूको पैसा मात्र झार्ने उद्देश्यले बाल साहित्य लेखिनु हुँदैन । कालजयी कृतिहरू अहिलेसम्म लेखिएका छैनन् -नेपाली बाल साहित्यमा ।

**१८) बालकद्वारा लेखिने साहित्य बाल साहित्य हो वा बाल बालिकाहरूका लागि लेखिने साहित्य बाल साहित्य हो ?**

- सबैभन्दा जटिल र विवादास्पद विषय हो -यो । ८० वर्षको साहित्यकार पनि बाल साहित्यकार हुन सक्छ । परिभाषालाई पुर्नविचार गरिनु पर्दछ । बाल बालिकाहरूका

लागि साहित्य लेख्नेलाई नयाँ नाम विशेषण दिने कुरामा प्रशस्त बहस र छलफल हुनु पर्दछ । बास्तवमा बालबालिकाले लेख्ने साहित्यलाई बाल साहित्य र बाल साहित्यकार भन्नु पर्ने हो तर परम्परागत परिभाषाले त्यसो भन्दैन । बाल साहित्य लेख्ने युवा, प्रौढ, वृद्ध साहित्यकारहरूलाई छुट्टै नाम खोजिनु पर्दछ ।

**१९) मानव जीवनमा बाल साहित्यको के कस्तो भूमिका हुन्छ ?**

) साहित्य यस्तो चिज हो यसले मान्छेलाई मान्छे बन्न प्रेरित गर्दछ । केटाकेटीमा जस्तो वातावरण दियो पछि त्यस्तै प्रतिफल निस्कन्छ । सानैदेखि अतिरिक्त पुस्तक पढ्ने मान्छे फरक प्रवृत्तिको बन्छ । आफ्ना बाल बालिकाहरूलाई भविष्यमा असल नागरिक बनाउनु छ भने सानैदेखि राम्रा बाल साहित्यका कृति र रचना पढ्न दिनु पर्दछ । पुस्तक संस्कृति बसाल्नु पर्छ । त्यसका लागि अभिभावकहरूलाई समेत अभिमुखीकरणको आवश्यकता देखिएको छ । इन्टरनेट, फेसबुक, टिभि र रेडियोभन्दा पुस्तकले फरक तरिकाले बाल बालिकाहरूलाई प्रभाव पार्दछ ।

**२०) नेपालमा बाल साहित्यको स्तर घट्दो क्रममा छ कि बढ्दो क्रममा छ ?**

) सरदरमा यथास्थिति मै छ । तुलनात्मक रूपमा बढ्दो छ । बजार राम्रो छ । रूचि बढेको छ । स्तरीय कृति भने आएका छैनन् । मात्रात्मकता बढेको र गुणात्मकता यथास्थितिमा छ । बाल साहित्यको भविष्य भने राम्रो छ ।

**२१) आगामी शताब्दिका लागि बाल साहित्यको स्वरूप कस्तो हुनु पर्दछ ?**

) परम्परागत लेखन शैली भङ्ग गरिनु पर्दछ । बाल साहित्य लेखन सजिलो हुँदैन । बालकै भएर भएको अनुभूति गरेर लेखिनुपर्दछ । यो विषयमा छलफल र गोष्ठी पनि भइरहेका छन् । अग्रगामी सोच बनाउन सक्ने बाल साहित्य लेखिनु पर्दछ ।

**२२) बाल साहित्यकारमा नभई नहुने गुण केके हुन् ?**

) भाषा व्याकरणको ज्ञान, सम्पादन शक्ति, कथावस्तुको पहिचाहन, परिवेश चित्रण, चरित्र चित्रण, रचनाको आयामलाई ख्याल गरिनु पर्दछ । मूलतः बालक भएको अनुभूति गर्न सक्छु कि सक्दिनँ भन्ने हो । लेखनमा मात्र आदर्श भएर हुँदैन लेख्ने मान्छेमा पनि आदर्श हुनु पर्दछ ।

**२३) बाल साहित्य र प्रौढ साहित्यमा कस्तो अन्तर देख्नु हुन्छ ?**

- सामान्यतया सानाका लागि बाल साहित्य, ठूलाका लागि प्रौढ साहित्य तर अन्तरमा यसमा धेरै चारित्रिक विषेषताहरू छन् । भाषाशैली, शब्दचयन, पात्र परिवेश धेरै सन्दर्भमा भिन्नता छ । लामो समय बाल साहित्य लेखेको मान्छेले पछि प्रौढ साहित्य लेख्न खोज्दा प्रौढ साहित्यमा पनि त्यही बाल साहित्यको छाप पर्दछ र प्रौढ साहित्यको बाल साहित्यमा प्रभाव पर्दछ ।

**२४) तपाईंका कृतिले नेपाली समाजका कुनचाहिँ पक्षलाई समेटेका छन् ?**

- सङ्गति र विसङ्गतिका पक्षहरू धेरै समेटेका छन् । सामाजिक यथार्थवाद, सामन्तवादको विरोध र नारीवाद । मूलतः समाज नै मेरो लेखनको केन्द्र बिन्दु हो । वादभन्दा पनि पाठकको स्तर, रूचि र क्षममतालाई म विशेष ध्यान दिन्छु ।

**२५) यहाँका कृतिमा नेपाली सामाजिक जीवनको कस्तो झलक पाइन्छ ?**

- ग्रामीण परिवेशको झलक, नारीले झेल्नु परेको परिवेश, सामाजिक कुसंस्कारका तगारा, पुरुषको अनावश्यक स्वच्छन्दता र आञ्चलिकता नै लेखनका केन्द्र र विषयवस्तु हुन् । सामाजिक यथार्थभन्दा म बाहिर जान सक्दिनँ ।

**२६) यहाँका बाल साहित्यिक रचनामा मुख्य रूपमा नेपालको कुन क्षेत्रको संस्कृति र परिवेश तथा प्राकृतिक वर्णन पाइन्छ ?**

- कुनै जाति विशेषको संस्कारको अध्ययन गर्ने समय मिलेको छैन तथापि हजारौं विषयवस्तुलाई लिएर लेख्न बसेको छु । त्यही स्थानको परिवेश संस्कृति लेखनमा आउँछ नै । मूलतः रामेछाप र दोलखादेखि काठमाडौँ सम्मको परिवेश भित्रिएको छ -मेरो लेखनमा । केहीमा तराईका सांस्कृतिक परिवेश पनि छन् । अध्ययन अनुसन्धान गरी जाति विशेष वा क्षेत्र विशेषका विषयवस्तुमा कथा लेख्नका लागि समय चाहिरहेको छु । पेन्सनपछि त्यो काम गर्छु भन्ने लागेको छ ।

**२७) यहाँका रचनालाई कुन उमेर समूहका बालबालिकाले बढी रुचाउँछन् ?**

- आठ वर्ष देखि १५ वर्ष सम्मकाले रूचाएको पाएको छु ।

(खिम्ती प्रोजेक्ट स्कुल, किर्ने, दोलखामा गरिएको पाठ सर्वेक्षण आधारलाई मान्दा मेरा कृतिहरू बढी पढिने गरेको पाइएका छन्)

**२८) 'पालैपालो कथा भनौं' कथा सङ्ग्रहभित्रका केकति कथाहरू यहाँको बाल जीवनमा घटेका यथार्थ घटनामा आधारित छन् कि छैनन् ?**

- यो एउटा शिक्षण सन्दर्भ सामग्री पनि हुन सक्ने भएकोले मेरो शिक्षण अनुभवसँग नजिक छ । यसको प्रयोग पक्ष बलियो छ । यो बहुजातीय छ । बहुभाषी भने बनाउन सकिनँ । समावेशीता प्रमुख पक्ष हो । मेरो बाल जीवनसँग सम्बन्धित खासै कथा छैनन् ।

**२९) यहाँका कथाहरूमा प्रयुक्त पात्रहरू काल्पनिक वा जीवन्त के हुन् ?**

- ७० प्रतिशत जीवन्त र बाँकी पात्रहरू काल्पनिक पात्रहरू हुन् । सो सत्तरी प्रतिशतलाई ९० मा पुऱ्याउनु पर्दछ भन्ने सोच छ ।

**३०) 'पालैपालो कथा भनौं' कथा सङ्ग्रहभित्रका कथाहरूबाट कथाकारले सम्प्रेषण गर्न खोजेको मूल विचार वा थिम के हो ?**

- 'पालैपालो कथा भनौं' कथा सङ्ग्रहभित्रका कथाहरूबाट मैले सम्प्रेषण गर्न खोजेका मूल विचारहरू निम्नानुसार रहेका छन् :

  क) शिक्षक विद्यार्थी केन्द्रित शिक्षण र कथाको पुस्तकलाई शिक्षण सन्दर्भ सामग्री बनाउने उद्देश्य

  ख) बहुलता र बहुजातीयताको स्वीकार

  ग) कथाका माध्यमद्वारा प्रजातान्त्रिक र लोकतान्त्रिक अभ्यास

  घ) नैतिक शिक्षा

  ङ) बाल आख्यानमा नयाँ प्रयोग

  च) युद्ध एवम् अतिवादको विरोध

**३१. तपाईंका लेखन प्रवृत्तिहरू बुँदागत रूपमा उल्लेख गरिदिनुहोस् न ।**

- मेरा लेखन प्रवृत्ति निम्नानुसार रहेका छन् :

  क) समसामयिकता/जीवन भोगाइको सूक्ष्म चित्रण

  ख) मानवीय संवेदना

ग) रूढीवाद विरुद्धको प्रस्तुति

घ) नारी स्वातन्त्रताको पक्षधरता

ङ) पात्रोचित न्याय

च) प्रगतिशीलता/प्रगतिवाद

छ) यथार्थवाद/सामाजिक यथार्थवाद

ज) सामाजिक विषयवस्तुमा नयाँ प्रयोग

झ) राजनैतिक चेत

ञ) नारी पात्रको उल्लेख्य उपस्थिति

**३२.तपाईंको कथागत प्रवृत्ति बुँदागत रूपमा उल्लेख गरिदिनुहोस् न ।**

- मेरा कथागत प्रवृत्तिलाई यसरी लिन सकिन्छ
  - सर्वपक्षीय अशुद्धको विपक्षमा
  - यथार्थवाद/सामाजिक यथार्थवाद
  - सामाजिक कथावस्तु
  - प्रगतिशीलता
- बास्तविक पात्र
- पुरातन (अन्धविश्वास) को विरोध
- नारी पात्रको उपस्थिति/पात्रोचित न्याय
- व्यङ्ग्यपरकता
- राजनैतिक चेत
- वस्तुतथ्यको उद्घाटन

**३३) समकालीन लेखकको लेखन प्रवृत्ति र तपाईंको लेखन प्रवृत्तिमा रहेका फरकहरू बुँदागत रूपमा उल्लेख गरिदिनुस् न ।**

- समकालीन लेखकको लेखन प्रवृत्ति र मेरो लेखन प्रवृत्तिमा रहेका फरकहरूलाई म यसरी लिन चाहन्छु :

क) कतिपय लेखकहरू उत्तर आधुनिकवादको घोडा चढी कल्पनाको संसारमा चङ्गा उडाइरहेछन् भने कतिपय प्रगतिवादको नाममा पार्टीको घोषणापत्र लेखिरहेका छन् । यी दुवै प्रवृत्ति अबको लेखनमा स्वीकार्य छैन । व्यक्ति स्वतन्त्रता र आम स्वतन्त्रता लेखनको चुरो हुनुपर्दछ ।

ख) यी दुवै प्रवृत्तिबाट मुक्त रही लेखन कार्य बढ्दै गरेको ।

ग) प्रयोगवादी लेखनको संज्ञा दिँदै सामान्य पाठकलाई दुर्बोध्यता पस्कँनु हुँदैन । लेखन बोधगम्य र सर्व स्वीकार्य हुनुपर्दछ भन्ने मान्यता राख्दै अतिवादको विपक्षमा लेख्दै आएको छु ।

**३४) आधुनिक प्रवृत्ति बारे आफ्ना अभिमत बुँदागत रूपमा उल्लेख गरिदिनुहोस् न ।**

) आधुनिक प्रवृत्ति बारे मेरा अभिमतहरू यस प्रकार छन् :

अ) पुरातन लेखन स्वीकार्य हुँदैन र त्यो त्याग्नु पर्दछ ।

आ) प्रयोगको नाममा अबोधगम्यता क्षम्य हुँदैन र पाठकलाई स्वीकार्य विषयवस्तु हुनु पर्दछ ।

इ) नयाँ शैली र शिलशिलामा कथा लेखिन आवश्यक छ ।

ई) लेखन कल्पनाको असहज उडान हैन बरू बास्तविकताको प्रक्षेपण हो । लेखन प्रवृत्ति त्यता मोडिनु पर्दछ ।

उ) गुरुप्रसाद मैनालीदेखि कुमार नगरकोटी, रोशन थापा सम्मको लेखन प्रवृत्तिलाई हेर्दा मैनालीकै कथा लेखन वस्तुवादी ठहर्छ । प्रयोगवादीहरूले नयाँ प्रयोग त गरे तर पाठकहरूलाई कुहिरोको काग बनाउने गरेर लेखे । विगतको बाटो नै आधुनिक प्रवृत्तिमा आउनु पर्दछ ।